


# ओरेक

## वार्षिक प्रगति प्रतिवेदन

## २०७८/०७९






South Asia Regional Consultation
on
Valuing Women's Work and Social
Transformation

# ओरेक

## वार्षिक प्रगति प्रतिवेदन

## २०७८/७९

WOMEN'S REHABILITATION CENTRE
NEPAL 1991

WOREC

ललितपुर, नेपाल

**संस्थाका कार्यसमिति पदाधिकारी विवरणः**

अध्यक्ष, डा. रेणु अधिकारी

उपाध्यक्ष, श्री निर्मला पाण्डे

सचिव, श्री सबिता पोखरेल

कोषाध्यक्ष, श्री इन्द्रमती नेम्वाङ

सदस्य, श्री निर्मला धिताल

सदस्य, श्री रीता कुमारी शाह

सदस्य, श्री पद्मा चौधरी

सदस्य, डा. रोजी जोशी

सदस्य, श्री संगिता अधिकारी

**सल्लाहकार समिति सदस्यहरू :**

प्रा. डा. शशी राउत अधिकारी

डा. नेत्र तिम्सिना

श्री विन्दु पोखरेल  गौतम

श्री गौरा नेपाली

श्री भुमिका श्रेष्ठ

# भूमिका

स्थापनाकाल देखि नै महिला अधिकारका सवाललाई समुदायतहदेखि उठान गरि यसको सम्बोधनका लागि राज्यको नीति निर्माण तहमा पैरवी गरिरहेको यस महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले लामो समयदेखि महिलाको मानव अधिकार र समाजिक न्यायका सवालमा निरन्तर कार्य गरीरहेको छ। संस्थाले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएसँगै सामाजिक रुपान्तरणका लागि राज्यका तीनवटै तहसँग सहकार्य गरि सामाजिक सचेतना, सशक्तिकरण तथा पैरवीका कार्यहरू गरिरहेको छ। प्रदेश तथा स्थानीय तहमा लैङ्गिक समानताका लागि नीतिगत व्यवस्था गर्न संस्थाले सुरुवाती समयदेखि नै सहजीकरण तथा पैरवी गरिरहेको छ। यसवर्ष पनि संस्थाले आफू कार्यरत जिल्लाका स्थानीय तहहरूमा लैङ्गिक समानता नीति तथा रणनीति, लैङ्गिक उत्तरदायी बजेटका लागि सहजीकरण तथा पैरवी गरेको छ। कतिपय जिल्लामा लैङ्गिक नीति निर्माण भई कार्यपालिकाबाट पारित भएको अवस्था छ।

हिंसा प्रभावितहरूले सुरक्षित रुपमा न्याय पाउने अधिकारको सुनिश्चितताका लागि संस्थाले सहयोगी संयन्त्रको सवलीकरणका लागि सहयोग तथा बिभिन्न चरणमा सरोकारवालाहरुलाई घटना ब्यवस्थापन, लैगिक हिंसाका घटनाको प्रेशण प्रणाली, स्वास्थ्य तथा कानुनी सेवा लगायतका बिषयमा तालिम संचालन गरेको छ। साथै हाल संस्थाले प्रभावित मैत्री अवधारणाबाट देशका बिभिन्न ११ वटा जिल्लामा सुरक्षावास संचालन गरिरहेको छ। स्थानीय तहमा सुरक्षावासको महत्वको बारेमा गरिएको निरन्तर पैरवी पछि केही स्थानीय तहले सुरक्षावास व्यवस्थापनमा सहकार्य गरि सेवा प्रदान गरेका छन् भने केही स्थानीय तहमा संस्थाको व्यवस्थापकीय तथा प्राविधिक सहयोगमा पालिका आफैंले सुरक्षावास सेवा संचालन गरेका छन्। हिंसा प्रभावितहरूको सहयोगका लागि स्थानीयतहदेखि राष्ट्रियतहसम्म गरेको निरन्तरको पैरवीले यसवर्ष नीतिगत रुपमा नै केही स्थानीय तहले लैङ्गिक हिंसा निवारण कोषको ब्यवस्थापन निर्देशिका लागु गरी आवश्यक कार्य अगाडी बढाएका छन्। राज्यले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूको कार्यान्वयनका लागि सरोकारवालाहरूको ध्यानाकर्षण गराई स्थानीय समुदायलाई सुसूचित गराउने कार्यहरू भएको छ। विशेष गरि सिड (CEDAW) मानवअधिकारको अवस्थाको आवधिक समिक्षा, दिगो विकास लक्ष्यका सूचकहरूको बारेमा अभिमुखीकरण गरि स्थानियकरणका लागि सम्बन्धित सबै सरोकारवालहरूलाई जानकारी गराइएको छ। सिमान्तकृत तथा हिंसा प्रभावित र द्वन्द्व प्रभावित महिलाको आर्थिक सशक्तिकरण तथा दिगोजिविकोपार्जनका लागि प्राविधिक ज्ञान तथा सीप प्रवर्द्धन गरि व्यावसायिकताको लागि संस्थाले सहयोग गरिरहेको छ।

संस्थाले सामुदायिक संस्थाहरूको नेतृत्वमा स्थानीय सरकार, महिला सञ्जाल, महिला मानव अधिकार रक्षक सञ्जालको सहकार्यमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, अन्तर्राष्ट्रिय शान्ति दिवस, बालिका दिवस, अन्तर्राष्ट्रिय युवा दिवसलाई एक अवसरको रुपमा लिई आफ्ना अभियानहरू समुदायतहसम्म व्यापक गरेको छ। महिला स्वास्थ्य अधिकारको सवालमा संस्थाले समुदायस्तरमा महिला स्वास्थ्य अधिकार कार्यक्रममार्फत महिला स्वास्थ्य परामर्श केन्द्र, मनोविमर्श केन्द्र, महिला स्वास्थ्य मेला संचालन गरि सचेतनाका साथै स्थानीय सरकारलाई महिलाको स्वास्थ्य अवस्था र त्यसको कारणको बारेमा जानकारी गराइ सम्बोधनका लागि पैरवी गरिरहेको छ। जसका कारण स्थानीय तहले महिला स्वास्थ्य मेलाको लागि कार्यक्रमसहित बजेट विनियोजन तथा महिला स्वास्थ्य मेला संचालनमा सहकार्य गर्ने गरेका छन्। यसै गरि मनोविमर्शकेन्द्र संचालनका लागि पालिका तथा वडा कार्यालयबाट सहकार्य भएको छ। मनोसामाजिक सहयोगका लागि मनोविमर्शकर्ताको आवश्यकताको बारेमा निरन्तर गरिएको पैरवीको कारण पालिकाहरुले महिलाहरूलाई मनोविमर्शकर्ता तालिमका लागि बजेट विनियोजन गरि सहयोग गरेका छन्। यसैगरि संस्थाले महिलाको कामलाई मान्यता दिइ मूल्यांकन गरि राज्यको कूल गार्हस्थ उत्पादनमा समावेश गराउन महिलाको कामको अधिकारका लागि सचेतना तथा पैरवीका कार्यहरू गरिरहेको छ। स्थानीय तहसँगको सहकार्यमा वैदेशिक रोजगारीबाट फर्किएर आएकाहरूको सीप तथा व्यवसायका लागि योजना निर्माणमा मुख्यगरी पूर्वका दुईवटा जिल्लामा सहयोग गरेको छ।

यसवर्ष पनि भुकम्प र बाढीबाट प्रभाबित जिल्लाहरुमा सृजित् असहज परिस्थितिमा स्थानीय सरकारसँग सहकार्य गरि सिमान्तकृत महिला, गर्भवती, सुत्केरी, किशोरी, अपाङ्गता भएका महिला, एकल र बृद्धाहरूलाई तत्काल सहयोग पुऱ्याउन मर्यादा सामग्री,

मनोविमर्श तथा स्वास्थ्य परामर्श र सुरक्षावास सेवा उपलब्ध गराइएको थियो । हाम्रो जस्तो पितृसत्तात्मक सामाजिक संरचना भएको देशमा महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण तथा व्यवहारका कारण महिलामाथि हुने घरेलु हिंसा तथा यौन हिंसाका घटनाहरु बढेको अबस्था यसै संस्थाबाट प्रकाशित अन्वेशीले देखाएको छ । हिंसा प्रभावितको न्याय सुनिश्चितताको लागि प्रहरी, पत्रकार, संघीय सांसदहरू, अधिकारकर्मीहरूसँग बिभिन्न तालिम तथा अन्तरकृयात्मक छलफलका कार्यक्रमहरु भएको थियो । यसले प्रभावितको सहयोगको लागि विभिन्न सहयोगी संरचनाको व्यवस्था गर्न, सुरक्षित आवासलाई नियमित र व्यवस्थित गर्न सहयोग गऱ्यो ।

जुनसुकै विपदको समयमा पनि सरकारसँग हातेमालो गरि समुदायमा काम गर्ने संस्थाको आफ्नै अभ्यास रहेको छ । यस बर्ष समुदायमा कार्यरत महिलाहरुद्धारा नेतृत्व गरीएका संस्थाको अगुवाइमा बिपदको समयमा महिलामुखी दृटिकोणबाट मानवीय सहयोग र आवश्यक नीतिगत ब्यवस्थाका लागि उहाँहरुको नेतृत्वदायी क्षमता अभिबृद्धि गर्ने कार्य अगाडी बढेको छ । साथै यस बर्ष मानव अधिकार रक्षकहरुको समग्र सुरक्षाको सवालका सम्बन्धित मानब अधिकार रक्षकहरुको क्षमता अभिबृद्धिमा सहकार्य र सहजिकरण गर्ने कार्य भएको छ । जसले यस सवालमा थप नीतिगत ब्यवस्थाकालागि पनि सहजिकरण गर्ने काम भएको छ । यस बर्ष पनि प्रविधिको प्रयोग गरि भर्चुअलरुपमा कतिपय कार्यक्रमहरू अगाडी बढाउने काम भयो यसले समुदायका महिलाहरू, प्रत्यक्ष रुपमा विधायिकालगायत अन्य नीति निर्माताहरूसँग जोडिन पाउनु भएको थियो ।

अन्त्यमा, महिला अधिकारको आन्दोलनको अग्रपंक्तिमा कार्य गर्ने सबै प्रति सम्मान गर्दै संस्थाको अभियानलाई सफल पार्न समुदायदेखि केन्द्रस्तरसम्म प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने स्थानीय तह तथा सरकारी निकायहरू, संचारकर्मी, सम्पूर्ण सहयोगी दातृ संस्थाहरू, सहकार्य गर्ने महिला सामुदायिक संस्था तथा विभिन्न समूहहरू, महिला सञ्जालहरू गैरसरकारी संस्थाहरू, ओरेकका संस्थापक ज्युहरु, सल्लाहकार तथा कार्यसमितिका पदाधिकारी तथा सदस्यलगायत संस्थाका सम्पूर्ण कर्मचारीहरूप्रति संस्था हार्दिक आभार प्रकट गर्दछ ।

धन्यवाद

**लुभराज न्यौपाने**
कार्यकारी निर्देशक

# ओरेकको कार्यक्षेत्र




- प्रदेश नं. १ (कोशी प्रदेश) : सुनसरी, मोरङ, उदयपुर
- प्रदेश नं. २ (मधेश प्रदेश) : सिराहा, धनुषा, महोत्तरी, सर्लाही
- प्रदेश नं. ३ (बाग्मती प्रदेश) : काठमाडौं, भक्तपुर, ललितपुर
- प्रदेश नं. ५ (लुम्बिनी प्रदेश) : दाङ, कपिलबस्तु, रुपन्देही
- प्रदेश नं. ६ (कर्णाली प्रदेश) : रुकुम, जुम्ला, सुर्खेत, दैलेख
- प्रदेश नं. ७ (सुदुरपश्चिम प्रदेश) : कैलाली, कञ्चनपुर

**ओरेकको कार्यक्षेत्र भएका जिल्ला सङ्ख्या : १९**

# विषय-सूचि


| | |
|---|---|
| १. संस्थाको परिचय | १ |
| २. महिला हिंसा विरुद्धको अभियान | ५ |
| ३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अभियान | ३१ |
| ४. मानवअधिकार र सामाजिक न्याय अभियान | ४८ |
| ५. महिलाहरूको न्यायमा पहुँच | ५३ |
| ६. अभियानका उपलब्धिहरू | ५६ |
| ७. मुख्य चुनौतीहरू | ५८ |
| ८. आर्थिक वर्ष २०७८/०७९ को आय-व्ययको विवरण | ५९ |
| ९. अनुसूची | ६२ |

# संस्थाको परिचय

## पृष्ठभूमि

महिला पुनर्स्थापना केन्द्र (ओरेक) महिला अधिकारप्रति समर्पित एवं लैङ्गिक समानता र सामाजिक न्यायका निम्ति संघर्षरत गैरनाफामूलक राष्ट्रिय गैरसरकारी संस्था हो। वि. सं. २०४७ चैत्र १९ मा स्थापित ओरेक महिलामाथि हुने हिंसा, यसका कारण र परिणामको रोकथाम र महिला तथा सीमान्तकृत समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चितता तथा सामाजिक न्यायमाथिको पहुँचको सुनिश्चितता तथा प्रवर्द्धन गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको अभियानमूलक संस्था हो । मानव बेचबिखनविरुद्ध महिलावादी र अधिकारमुखी सोचमा आधारित भई महिला तथा बालबालिका बेचबिखनको अन्त्य गर्ने र प्रभावितको अधिकार तथा न्याय सुनिश्चताका लागि वकालत गर्ने उद्देश्यका साथ स्थापित यो संस्थाले महिला अधिकार हननमध्ये बेचबिखन एउटा परिणाम भएको निष्कर्ष निकाल्दै महिला अधिकारको मुद्दालाई फराकिलो नजरले हेर्न सुरु गर्‍यो। महिलाको आफ्नो शरीर आफ्नै हो भन्ने यथार्थतालाई आत्मसात गरी महिला अधिकार प्राप्तिका निमित्त महिलाको उत्पादनशीलता, यौनिकता र गतिशीलतामाथिको नियन्त्रणको महत्वबारे समुदायका महिलालाई सशक्तीकरण गर्न सहजीकरण गरिरहेको छ । ओरेकले नेपालको महिलावादी आन्दोलनलाई सकारात्मक ढंगले अगाडि बढाउँदै महिला र बालिकाको अधिकार सुनिश्चितताका लागि राज्यलाई १ संस्थाको परिचय उत्तरादायी बनाउन र महिलामैत्री ऐन, नीति तथा कार्ययोजना निर्माणका लागि सबै तहका सरकारसँग समन्वय, सहकार्य र पैरवीमूलक गतिविधि गर्दै आइरहेको छ । समुदायमा आधारित महिला स्वास्थ्य तथा परामर्श केन्द्र, मनोविमर्श केन्द्र, सघन जैविक खेतीको अवधारणामा आधारित नमुना खेती, पर्यावरणमैत्री नमुना गाउँ, पछाडि पारिएको समुदाय तथा महिलाको समान प्रतिनिधित्व तथा राजनीतिक सहभागिताका लागि महिला तथा समुदायसँगको सहभागिता र साझेदारितामा कार्यक्रमहरू सञ्चालन गरेका उल्लेखनीय कार्यक्रमहरू रहेका छन्। संस्थाले महिला अधिकारको क्षेत्रमा ३० वर्षको लामो यात्रा पार गर्दा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, बेचबिखनविरुद्धको नीति, पाठेघर खस्ने समस्यालाई सम्बोधन गर्ने राष्ट्रिय नीति, सुरक्षित गर्भपतनसम्बन्धी कानुन, घरेलु हिंसासम्बन्धी कानुन, एकिकृत किट व्यवस्थापन, जैविक खेती, सम्पत्तिमाथिको अधिकार तथा महिला अधिकार सम्बन्धित अन्य थुप्रै प्रगतिशील नीतिहरू परिवर्तनमा उत्प्रेरकको भूमिका खेल्ने प्रभावितहरूले नेतृत्व गरेका संस्था तथा सञ्जालहरू स्थापना गर्न सहजीकरण तथा विभिन्न अभियानमूलक कार्यक्रमहरू सञ्चालन गरेको छ ।

### संस्थाको परिकल्पना

ओरेकले सामाजिक, राजनीतिक तथा आर्थिक रूपान्तरणसहितको महिलावादी परिकल्पनापूर्ण भएको समाजको परिकल्पना गर्दछ ।

### संस्थाको परिलक्ष्य

सामूहिक महिलावादी कार्यबाट सबै प्रकारका संरचनागत भेदभावहरूको अन्त्य गरी महिलाको मानव अधिकारको प्रवर्द्धन गर्ने (ओरेकले माहिला तथा यौनिक अल्पसंख्यकहरूले सामाजिक, राजनीतिक तथा आर्थिक समानता हासिल गरको स्थितिलाई महिलावादी आकांक्षाको परिपूर्तिको रूपमा हेर्दछ) ।

### संस्थागत रणनीतिक मुद्दाहरु

उद्देश्य १ : विविध पृष्ठभूमिका महिलाहरूलाई खाद्य, स्वास्थ्य तथा रोजगारीका अधिकार प्राप्त गर्न सहजीकरण गर्ने ।

उद्देश्य २. : लैङ्गिक दृष्टिकोणले समावेशी शासनका लागि वातावरण बनाउन प्रभाव पार्ने ।

उद्देश्य ३. : महिला तथा किशोरीहरूको आफ्नो र आफ्नो शारीरिक अक्षुण्णताका बारेमा निर्णय लिन सक्ने क्षमता विकास गर्ने ।

उद्देश्य ४. : ओरेकलाई सामाजिक आन्दोलनका लागि एउटा महिलावादी स्रोत केन्द्रको रूपमा स्थापना र सबलीकरण गर्ने ।




## संस्थाको कार्यक्षेत्र

महिला पुनर्स्थापना केन्द्र ओरेकले आफ्नो एकीकृत अभियानहरू प्रत्यक्ष रूपमा १९ जिल्लामा र महिला हिंसाविरुद्धको अभियानअन्तर्गत आवश्यकताअनुसार ७७ वटै जिल्लाहरूमा महिला मानव अधिकार रक्षकहरूको सञ्जालसँगको समन्वय र सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

## संस्थाको संरचनागत विवरण:

| क्र स | ओरेकका जिल्लागत संरचना | मोरङ | उदयपुर | सिराहा | धनुषा | सुनसरी | काठमाडौं | दाङ | कैलाली | रुकुम | महोत्तरी | सर्लाही | कपिलवस्तु | रूपन्देही | जुम्ला | सुर्खेत | दैलेख | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुरक्षा आवास | १ | १ | | १ | १ | १ | १ | १ | | | | | १ | १ | १ | १ | ११ |
| २ | महिला स्वास्थ्य परामर्श केन्द्र | | १ | ५ | | | | १० | | २ | २ | ३ | | | | | | २३ |
| ३ | महिला मनोसामाजिक परामर्श केन्द्र | ४ | ६ | | ३ | २ | १ | ६ | १ | १ | २ | ३ | | | | | | २९ |
| ४ | समुदायमा आधारित संघसंस्था | | १० | ६ | ३ | | | ५ | | | | | | | | | | २४ |
| ५ | महिला समूह | ३८ | २७ | २३ | २७ | १२३ | २५ | ६९ | २५ | २५ | १२ | ६ | | | | | | ४०० |
| ६ | कृषक समूह | | २२ | ८ | ७ | | | ४ | २५ | २६ | ६ | ३ | | | | | | १०१ |
| ७ | किशोर किशोरीमैत्री विद्यालय | | ५ | ६ | १३ | ५ | ११ | ८ | १६ | १० | ६ | ३ | | १६१ | | | | २४४ |
| ८ | नमुना पर्यावरणी गाँउ | | ७ | २ | १ | | | ३ | | १ | २ | १ | | | | | | १७ |
| ९ | आप्रवासी सूचना र स्रोत केन्द्र | | १ | | | | | | | | | | | | | | | १ |
| १० | सामुदायिक सूचना केन्द्र | | १ | | | | | | २ | | | | | | | | | ३ |
| ११ | किशोर किशोरीमैत्री विद्यालय | | १ | | | | | २० | | | | | | | | | | २१ |
| १२ | सामुदायिक क्लिनिक | | १ | | ६ | | | | | | | | | | | | | ७ |
| १३ | भेट क्लिनिक | | १ | | | | | | | | | | | | | | | १ |
| १४ | तालिम केन्द | | १ | | | | | | | | | | | | | | | १ |
| १५ | युवा सञ्जाल | ४ | ६ | १ | | २ | २७ | | २७ | | | | | | | | | ६७ |
| १६ | बाल विकास केन्द्र | | १ | | | | | | | | | १ | | | | | | २ |
| १७ | महिला सहकारी | | ३ | | | ३ | | | | | | | | | | | | ६ |
| १८ | नमुना फार्म | | ५ | | | | | ६ | | २ | | | | | | | | १३ |
| १९ | बुनाइ केन्द्र | | | | १ | | | | | | | | | | | | | १ |
| २० | सामुदायिक पशु चिकित्सक सहायक केन्द्र | | १ | | | | | | | | | | | | | | | १ |
| २१ | महिला स्वास्थ्य पैरवी सञ्जाल | | | | | | | १ | | | | | | | | | | १ |
| २२ | महिला महासंघ | ११ | | | २ | १५ | | | | | | | | | | | | २८ |
| २३ | महिला अधिकार महासंघ | १ | | | | | | | | | | | | | | | | १ |
| २४ | युवा समूह | | | ११ | ४ | | | १ | १ | | | | | | | | | १७ |
| २५ | युवा महिला समूह | | ६ | | | | | | | | | | १ | १ | | | | ८ |
| २६ | महिलामैत्री स्थल | | | | | १ | | | | | | | | | | | | १ |
| २७ | दर्ता भएका महिला महासंघ | ८ | | १ | २ | ९ | | | | | | | | | | | | २० |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | फर्केर आएका आप्रवासी महिला श्रमिकहरूको सञ्जाल | ६ | ५ | | | २ | १ | ५ | १ | | | | | | | | | २० |
| २९ | नमुना गाउँ व्यवस्थापन समिति | | ७ | २ | | | | ३ | | १ | २ | | | | | | | १५ |
| ३० | किशोर किशोरी समूह | | ५ | | | | | | १६ | | | | ८२ | ७८ | | | | १८१ |
| ३१ | अनुगमन समूह | | | | १ | | | | १ | | | | | | | | | २ |
| ३२ | द्वन्द्व प्रभावित समूह | | १ | | | | ३ | १ | ४ | | | | | | | | | ९ |
| ३३ | कृषक समूह | | | | | | | ३ | | | | | | | | | | ३ |
| ३४ | महिला स्वास्थ्य सञ्जाल | | १ | | | | | १० | | | | | | | | | | ११ |
| ३५ | वडास्तरीय महिला समूह | | | | | | | | २ | २ | ६ | ३ | | | | | | १३ |
| ३६ | लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल | | १ | | १ | १ | | | | | | | | | | | | ३ |
| ३७ | युवा सूचना केन्द्र | | १ | | | २ | २ | | २ | | | | | | | | | ७ |
| ३८ | अग्रणी सञ्जाल | ४ | १ | १ | | | १ | १ | १ | | | | | | | | | ९ |
| ३९ | धार्मिक अगुवाइ समूह | | | | | १ | २ | | २ | | | | | | | | | ५ |
| ४० | महिला मानव अधिकार रक्षकहरूको सञ्जाल | २ | ७ | १ | ३ | १ | २ | ११ | ५ | १ | १ | १ | १ | १ | | | | ३७ |
| ४१ | प्रयोगशाला | | १ | | | | | | | | | | | | | | | १ |
| ४२ | पुस्तकाल | | १ | | | | | | | | | | | | | | | १ |
| ४३ | गाई फार्म | | १ | | | | | | | | | | | | | | | १ |
| ४४ | कुखुरा फार्म | | १ | | १ | | | | | | | | | | | | | २ |
| ४५ | बाख्रा फार्म | | १ | | १ | | | | | | | | | | | | | २ |
| ४६ | तरकारी फार्म | | १ | १ | १ | | | | | | | २ | | | | | | ५ |
| ४७ | छात्रावास | | १ | | | | | | | | | | | | | | | १ |
| ४८ | तालिम कक्ष | | १ | | | | | | | | | | | | | | | १ |
| ४९ | राष्ट्रिय सीप परिक्षण केन्द्र | | १ | | | | | | | | | | | | | | | १ |
| ५० | सहज सञ्जाल | | १ | | | | | | १ | २ | | | | | | | | ४ |
| ५१ | महिलावादीस्रोत केन्द्र | | १ | | | | | | | | | | | | | | | १ |
| ५२ | किशोरी छात्रावास | | १ | | | | | | | | | | | | | | | १ |
| ५३ | कार्यालय भवन | | १ | | | | | | १ | | | | | | | | | २ |
| ५४ | महिला स्वास्थ्य परामर्श समिति | | | ४ | | | | | | ३ | २ | २ | | | | | | ११ |
| ५५ | **कुल** | ७९ | १४९ | ७२ | ७८ | १६८ | ७६ | १६७ | १३४ | ७६ | ४१ | २८ | ८४ | २४१ | | | | १४१४ |

# महिला हिंसा विरुद्धको अभियान

महिला भएकै कारण महिलामाथि हुने सम्पूर्ण हिंसात्मक कार्य महिलामाथि हुने हिंसा हुन् ।महिलामाथि हुने हिंसा मानव अधिकारको हनन हो । 'महिलाविरुद्धको हिंसा सार्वजनिक वा नीजि जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य हो । जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउँछ वा पुर्‍याउने सम्भावना हुन्छ। यसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज गर्ने कार्यसमेत पर्दछ ।ज्ञ्ठ महिला भएकै कारण हुने विभेदको परिणामस्वरूप महिलामाथि हुने हिंसाले निरन्तरता पाएको छ। 'संरचनात्मक असमानताबाट सिर्जित भेदभावको अन्तर्निहित कारणको' सम्बोधनविना महिलामाथि हुने हिंसाको अन्त्य सम्भव छैन।

महिला सशक्तीकरणका माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई सुनिश्चित गर्दै महिलाविरुद्ध हुने हिंसाको न्यूनीकरण गर्न यस वर्ष पनि संस्थाले महिला हिंसाविरुद्धको अभियानअन्तर्गत बलात्कारविरुद्धको अभियान, राजनीतिमा महिलाको समानुपातिक समावेशी सहभागिता जस्ता राष्ट्रिय अभियानहरू यस सवालमा काम गरिरहेका ५० भन्दा बढी संघसंस्था तथा सञ्जालसँगको सहकार्यमा सञ्चालन गरी सरकारको ध्यानाकर्षण गर्न सफल भएको छ। जसका फलस्वरूप बलात्कार र यौनजन्य हिंसाको हदम्याद एक वर्षबाट २ वर्ष, नाबालिगको हकमा बालिग भएपछि ३ वर्ष, अपांग, अशक्त, मानसिक अवस्था कमजोर भएकाको हकमा ३ वर्ष, प्रभावितको क्षतिपूर्ति राज्यकोषबाट प्रदान गरिने जस्ता कानुनी व्यवस्थामा परिवर्तन गर्न बल पुगेको छ।

महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि सञ्चालन गरिएका अभियान, सामाजिक रूपान्तरणका लागि गरेको निरन्तर प्रयास, प्रतिबद्धता र समर्पणका कारणले संस्थाले महिला अधिकारको सवाल स्थापित गर्न सफल भएको छ। संस्थाले महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूसहित पछाडि पारिएका समुदायको पहिचान सामाजिक, राजनीतिक तथा आर्थिक समानता हासिल गरेको स्थितिलाई महिलावादी आकांक्षाको परिपूर्तिको रूपमा हेर्दछ। सामाजिक न्याय, इमानदारी, एकता, महिलाले अगुवाइ गरेको सामूहिक नेतृत्व, लोकतान्त्रिक पद्धति, स्वंयसेवी भावना, अधिकारमा आधारित सोच, प्राकृतिक स्रोतहरूको संरक्षण र सम्बर्द्धन, तथ्य र तथ्याङ्कमा आधारित पैरवी यस संस्थाका मूल्य-मान्यता हुन्।

कुनैपनि व्यक्तिमाथि हिंसा हुनु भनेको मानव अधिकारको हनन हो भन्ने सवाललाई अघि सार्दै संस्थाले महिला हिंसाविरुद्धको अभियान संस्था स्थापनाकालदेखि नै सञ्चालन गर्दै आएको छ। बेचबिखनमा परेकी एक दलित किशोरीसँगको वार्तालापपछि उनीहरूको पुनर्स्थापनाका लागि स्थानहरू नभएको अवस्थामा सुरक्षित स्थान प्रदान गर्ने अभिप्रायले स्थापना भएको यस संस्थाले हाल बेचबिखनको मुद्दालाई मानव अधिकारको सवालको रूपमा स्थापना गर्न सफल भएको छ। साथै जबसम्म हिंसा तथा बेचबिखन प्रभावितहरूको स्वःप्रतिनिधित्व हुँदैन तबसम्म उनीहरूको मुद्दाहरू उनीहरू स्वयंले उठान गर्ने वातावरण निर्माण हुन सक्दैन भन्ने दृष्टिकोणबाट महिला तथा किशोरी समूहहरूको गठन तथा संस्थागत सुदृढीकरणका लागि अभियान सञ्चालन गरेको देख्न सकिन्छ।

यसका लागि राज्यले 'महिलाले आफ्नो स्वपहिचानका' साथ जीवनयापन गर्न पाउने अधिकारको सुनिश्चित हुने वातावरण सिर्जना गर्नु र समुदायतहदेखि व्यक्तिको सोच र व्यवहार रूपान्तरित गर्नुका साथै अहिलेसम्मको स्थापित संरचनाबाट प्रभावित व्यक्तिहरूको न्यायमा पहुँच पुग्ने वातावरण निर्माण गर्न आवश्यक छ।

संसारमा हरेक तीनमध्ये एक जना महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसा भोग्छन् र यस्तो हिंसामा संलग्न पीडक महिलाले चिनेको, माया गर्ने र विश्वास गर्ने व्यक्ति हुने गर्दछन्।[१] हरेक दिन महिलाले व्यक्तिगतदेखि सार्वजनिक क्षेत्रमा कुनै न कुनै प्रकारको हिंसाको सामना गरिरहनुपरेको स्थिति छ।

समग्रतामा मुलुकको लैङ्गिक विकासको वस्तुस्थिति हेर्दा सन् २०१५ को संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी)को लैङ्गिक विकास सूचक (GDI) अनुरूप नेपाल कम लैङ्गिक विकास भएको देशको वर्गमा अर्थात् विश्वको १४५ औं स्थानमा पर्छ। त्यसै गरी

[१] *http://www.unwomen.org/en/news/in-focus/end-violence-against-women*

नेपाल एशियाली मुलुकमध्ये सबैभन्दा कम लैङ्गिक विकास भएको देशको सूचीमा पर्छ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। समान नागरिक, समान सहभागिता, सामाजिक सुरक्षा, कानुनको पालना र आर्थिक समृद्धिलाई संविधानमा प्रमुख प्राथमिकताका साथ राखिएको छ।

यद्यपि नेपाली समाजमा महिलाविरुद्धको हिंसाको अवस्थालाई हेर्दा नेपाल प्रहरीमा आर्थिक वर्ष २०७७/०७८ मा महिला तथा बालिकामाथि भएका कुल १८,८७९ वटा हिंसाका घटनाको उजुरी भएको थियो भने, यस आर्थिक वर्ष २०७८/०७९ मा २५७२ घटना वृद्धि भई कुल २१,४५१ जना महिला तथा बालबालिकामाथि भएका हिंसाका घटना दर्ता भएका छन्।[२] यसैगरी ओरेकमा आर्थिक वर्ष २०७७/०७८ मा १,७७२ वटा महिला हिंसाका घटना अभिलेखीकरण भएकोमा यस वर्ष ४१ वटा घटना वृद्धि भई १,८१३ जना महिला तथा बालिकामाथि भएका हिंसाका घटना अभिलेखीकरण भएको छ।[३] साथै अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC) को नेपाल मानव अधिकार वर्ष पुस्तकमा पछिल्लो १० वर्षमा अभिलेख गरिएकामध्ये ४९ प्रतिशत घटना महिला अधिकार उल्लङ्घनसँग सम्बन्धित रहेका छन्। यस वर्ष इन्सेकले अभिलेख गरेका मानव अधिकार उल्लङ्घनका घटनामध्ये ६० प्रतिशत घटना महिला अधिकार उल्लङ्घनका थिए।[४] यसले महिला तथा बालबालिकामाथि भएका हिंसाका घटनाहरू वार्षिक रूपमा बढ्दै गएको जसले उनीहरूको सुरक्षाको चुनौतीपूर्ण अवस्थालाई आँकलन गर्न सकिन्छ। यसै गरी नेपालको जनसाङ्ख्यिकीय स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार नेपालमा ६६% हिंसा प्रभावितले कसैलाई नभनी हिंसा सहेर बसेको देखिन्छ। यस अवस्थालाई लक्षित गरी महिलाहरूलाई सशक्तीकरण तथा सचेतना अभिवृद्धिका कार्यहरू मार्फत हिंसाका विरुद्ध आवाज उठाउन सक्ने वातावरण तयार गर्न आवश्यक छ। हिंसामा संलग्न व्यक्ति महिलाकै निकट, विश्वासिलो व्यक्ति हुने गर्दछन्।[५] लैङ्गिक हिंसाको कुनै पनि अवस्था वा कारणले भएको किन नहोस्, यो मानव अधिकारको गम्भीर उल्लङ्घन हो। महिलामाथि हुने हिंसा, तिनका आयाम र परिणामहरू फरक-फरक रहे तापनि यो एक विश्वव्यापी जटिल समस्याको रूपमा रहेको छ।

समाजको हरेक संरचनामा रहेको विभेदले असमान शक्ति सम्बन्ध सिर्जना गरेको छ। यसकारण आजसम्म महिलालाई पुरुषको तुलनामा समाजका स्रोत र अवसरहरूमा कम प्राथमिकता दिइँदैआएको छ। नेपालको कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा (५०.४५) ओगटेका महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा पहुँच र उपस्थिति न्यून छ। अझ पनि महिलाहरूको समान नागरिकको हैसियतमा पहिचान स्थापित हुन सकेको छैन र महिलाको नेतृत्वलाई स्वीकार गर्न नसकेको स्थिति प्रष्ट देखिन्छ। यस वर्ष भएको स्थानीय निर्वाचनमा पनि महिलाहरू विगतको स्थानीय निर्वाचन भन्दा संख्यात्मक रूपमा कम निर्वाचित भएका छन्। यद्यपि पालिकाका मेयर, अध्यक्ष, वडाध्यक्ष जस्ता शीर्ष नेतृत्वमा भने संख्यात्मक रूपमा वृद्धि भएको देखिन्छ। समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा व्यावहारिक परिवर्तन नहुँदासम्म महिलाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सक्दैन र लैङ्गिक समानता कायम हुन सक्दैन। महिलाको शरीरलाई सम्पत्ति, साधन र उपभोग्य वस्तुको रूपमा हेर्ने सामाजिक सोच तथा व्यवहारका कारण महिलाको पहिचान र आत्मसम्मानलाई नीति, कानुन तथा व्यवहारले स्वीकार गर्न सकेको छैन। यद्यपि नेपालको संवैधानिक व्यवस्थाले महिला अधिकार एवं लैङ्गिक समानतालाई अगाडि बढाउनका लागि सामाजिक न्यायका सिद्धान्तलाई प्रगतिशील रूपमा अपनाएको छ। सन् २०३० सम्ममा लैङ्गिक समानता, सामाजिक न्यायलाई केन्द्रमा राख्दै संसारबाट गरिबी हटाउने अभिप्रायका साथ दिगो विकास लक्ष्य तयार गरी आत्मसात गरिएको छ। लैङ्गिक समानतालाई विकास र समृद्धिका सवालका रूपमा स्थापित नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धिको स्थापना हुन नसक्ने तथ्यलाई विश्वले आत्मसात गरिसकेको छ। तर लामो समयदेखि स्थापित संरचनागत विभेद र यसले निर्माण गरको असमानताका खाडलहरूका कारण महिलाले विभिन्न विभेद र हिंसाको सामना गर्नुपरेको छ। महिलामाथि हुने सबै प्रकारको विभेद र हिंसालाई सरकारले अपराधका रूपमा घोषणा गरी प्रभावितको न्याय, क्षतिपूर्तिको व्यवस्था र पीडकलाई कारबाहीको व्यवस्था गरेको छ। साथै

[२] *https://cid.nepalpolice.gov.np/cid-wings/women-children-and-senior-citizen-service-directorate/*

[३] *https://dhsprogram.com/pubs/pdf/SR243/SR243.pdf*

[४] *नेपाल मानव अधिकार वर्ष पुस्तक, २०२२, इन्सेक*

[५] *https://dhsprogram.com/pubs/pdf/SR243/SR243.pdf*

भएका कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलाले थप पीडा र चुनौतीको सामना गर्नुपरेको छ।

विगतझैं यसवर्ष पनि संस्थाले महिला हिंसाविरुद्धको अभियानअन्तर्गत बलात्कारविरुद्धको चौंथो राष्ट्रिय अभियान सञ्चालन, राजनीतिमा महिलाको समानुपातिक समावेशी सहभागिताको अभियान, बालविवाह र दाइजोविरुद्धको अभियान सञ्चालन गरेको छ। साथै संस्था कार्यरत पालिकाहरूसँगको समन्वयमा लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति निर्माणमा सहजीकरण गरी महिला हिंसाविरुद्धको सवाललाई पालिकास्तरमा पनि प्राथमिकीकरण गर्न सफल भएको छ। त्यस्तै लैङ्गिक हिंसाका घटनाहरूमा आएको बढोत्तरीलाई सम्बोधन गर्न हिंसा प्रभावित महिला बालिका तथा किशोरीहरूलाई १३ वटा सुरक्षावास मार्फत सुरक्षावास, मनोविमर्श सेवा, कानुनी परामर्श तथा कानुनी सहयोग प्रदान गरी न्यायमा पहुँचका लागि सहयोग प्रदान गरेको छ। त्यसैगरी संघ तथा सबै प्रदेशका सरोकारवालाहरू जो लैङ्गिक हिंसाका क्षेत्रमा प्रत्यक्ष रूपमा सेवा प्रवाह गरिरहेका छन् उनीहरूलाई लैङ्गिक संवेदनशील सेवा प्रवाह, प्रभावित केन्द्रित अवधारणा, बालबालिका केन्द्रित अवधारणा, लैङ्गिक हिंसाको घटना व्यवस्थापन, मनोसामाजिक सहयोग र सुरक्षित सम्प्रेषणका विषयमा विषयगत क्षमता अभिवृद्धि गरेको छ। लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि ध्यानाकर्षण, पैरवी तथा मापदण्ड तथा निर्देशिकाहरू निर्माणका लागि सहजीकरण गरेको छ।

## महिला हिंसाविरुद्धको अभियानको लक्ष्य

महिलाविरुद्ध हुने सबै प्रकारका संरचनागत विभेदको अन्त्यका लागि सामाजिक, आर्थिक, राजनीतिक रूपान्तरणसहित महिलाको निर्णायक तहमा पहुँच अभिवृद्धि गर्न अभियान सञ्चालन गर्ने।

## अभियानका उद्देश्यहरू

उद्देश्य नं. १ : महिलाभित्रको विविधता र पहिचानलाई सम्बोधन गर्न महिलाकै नेतृत्वमा नीतिगत पैरवी र कानुन निर्माण, परिमार्जन तथा कार्यान्वयनका लागि पहल तथा सहजीकरण गर्ने।

उद्देश्य नं. २ः हिंसा प्रभावित महिलाहरूका लागि आवश्यकता अनुरूप सेवा प्रवाह, सेवा प्रदायकहरूलाई संवेदनशील बनाउँदै प्रभावितमैत्री वातावरण निर्माणका लागि सहजीकरण गर्ने।

उद्देश्य नं. ३ : विभेदपूर्ण हानिकारक सामाजिक, सांस्कृतिक मूल्य-मान्यताविरुद्ध समूह सञ्जालसँगको अगुवाइमा सामाजिक सचेतीकरणका लागि कार्य गर्ने।

## महिला हिंसाविरुद्धको अभियानअन्तर्गत सम्पन्न गतिविधिहरू

**क) अभियान सञ्चालन**




बलात्कारविरुद्धको चौंथो चरणको राष्ट्रिय अभियानः “कानुनी तथा सामाजिक न्यायको अधिकार : हिंसारहित समाजको आधार”, बलात्कार मानव अधिकार हननूको जघन्य र निकृष्ट अपराध हो । मुलुकी अपराध संहिताले जबर्जस्ती करणीलाई जघन्य अपराधको परिभाषाभित्र राखेको अवस्था छ । सामान्यतया जघन्य अपराधको हकमा हदम्याद लागू हुँदैन । मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा ३(छ) मा जघन्य कसुर भन्नाले जन्म कैद वा दस वर्षभन्दा बढी कैद सजाय हुने कसुर सम्झनुपर्छ भनी परिभाषित गरेको छ । बलात्कारको घटनामा भएको कानुनी हदम्याद, फरक-फरक सजाय व्यवस्था, प्रमाणका आधारहरू, लामो र त्रुटिपूर्ण अनुसन्धान प्रक्रिया, कानुनको व्याख्या र कार्यान्वयन गर्ने अधिकार प्राप्त निकायमा रहेका केही व्यक्तिहरूको पितृसत्तात्मक सोच र व्यवहारविरुद्ध मानव अधिकार रक्षक राष्ट्रिय सञ्जालको संयोजनमा महिला अधिकार, मानव अधिकारको क्षेत्रमा काम गर्ने ३५ भन्दा बढी संघसंस्थाहरूको संयुक्त सहभागितामा आजभन्दा नौ वर्ष अगाडि बलात्कारविरुद्धको राष्ट्रिय अभियान सञ्चालन भएको थियो । २०७० असोज ६ बाट सुरु गरी २०७१ वैशाख सम्म दुई चरणमा सञ्चालन गरिएको उक्त अभियानले “द्वन्द्वकालमा यौन हिंसा प्रभावित महिलाहरूको न्यायमा सुनिश्चितता : सरकारको जवाफदेहिता” भन्ने मुख्य नाराका साथ दोस्रो चरणको अभियान सम्पन्न गरेको थियो । त्यसै गरी २०७७ कात्तिकदेखि पुस महिनासम्म तेस्रो चरणको बलात्कारविरुद्धको अभियान “मौनता तोडौं, बलात्कार र लैङ्गिक हिंसाविरुद्ध बोलौं” भन्ने मूल नारासहित बलात्कार तथा लैङ्गिक हिंसाका बारेमा सचेतना, हिंसा नुहने वातावरण, प्रभावितको सामाजिक न्याय तथा कानुनी न्यायको अधिकार सुनिश्चितताको वातावरण निर्माण गर्न दबाबमूलक क्रियाकलापसहित सम्पन्न भएको थियो । विभिन्न चरणमा सम्पन्न भएका यी अभियानहरूको प्रभावले गर्दा बलात्कारका घटनाको कानुनी हद म्याद एक वर्ष, बलात्कारका घटनाको निरन्तर सुनुवाइ, द्रूत न्याय प्रणाली, देवानी तथा फौजदारी संहिताले बलात्कारसम्बन्धी परिभाषालगायत कानुनी व्यवस्थामा पनि परिमार्जन गरी नीतिगत व्यवस्था भएको छ। यद्यपि समाजमा महिला तथा बालिकामाथि हुने हिंसा र बलात्कारका घटनाहरू अन्त्य हुने अवस्थामा अझ पनि ठूलो खाडल देखिन्छ।



तसर्थ बलात्कारबाट प्रभावित महिलाहरूको कानुनी तथा सामाजिक न्याय सुनिश्चितताका लागि जबर्जस्ती करणीमा हदम्याद नराखी कानुन संशोधन गर्न, हिंसा प्रभावितलाई राज्यले निःशुल्क स्वास्थ्य, क्षतिपूर्ति तथा मनोसामाजिक उपचार एवं परामर्शको व्यवस्था गर्न, सुरक्षा र पुनर्स्थापनाको व्यवस्था गर्न र कानुनको पूर्ण रूपमा कार्यान्वयन गरी दण्डहीनताको अन्त्यका लागि कानुन निर्माणकर्ताहरू र समग्र राज्यलाई नै दबाब दिने उद्देश्यले “कानुनी तथा सामाजिक न्यायको अधिकार : हिंसारहित समाजको आधार” भन्ने मूल नाराका साथ बलात्कारविरुद्धको चौंथो राष्ट्रिय अभियान देशव्यापी रूपमा घोषण गरिएको छ । महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल, ओरेकलगायत मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न ५० भन्दा बढी संघसंस्था सञ्जालहरूको संयुक्त प्रयास र ऐक्यबद्धतामा २०७९ असार १२ गतेदेखि अभियानअन्तर्गतका चौंथो चरणका कार्यक्रमहरू सञ्चालन गरिएको छ। सोही दिन चौंथो चरणको अभियान घोषणा गर्नुपूर्व अभियानअन्तर्गत योजना गरिएका मुख्य क्रियाकलापहरू

र मागहरू पत्रकार सम्मेलन मार्फत जानकारी दिइएको थियो।




अभियान घोषण कार्यक्रमलाई सम्बोधन गर्दै महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालका अध्यक्ष श्याम कुमारी शाहले बलात्कार जस्तो जघन्य अपराधका घटनामा व्यवस्था गरिएको हदम्यादका कारणले हिंसा प्रभावितको न्याय पहुँचमा बाधा पुगेको, अपराधको ढाकछोप र अपराधीलाई संरक्षण गर्ने परिपाटीले दण्डहीनता मौलाएको छ, तसर्थ हिंसा प्रभावितको न्यायमा पहुँचको अधिकार सुनिश्चितताका लागि सरकारले हदम्याद खारेज गर्नुपर्ने, द्रूत न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेलगायतका मागहरू राखी चौंथो चरणको अभियान सुरुवात गरेको बारेमा जनाकारी गराउनु भएको थियो। ६ महिनासम्म सञ्चालन हुने यस अभियानका मागहरू सम्बोधन नभएमा र बलात्कारका घटनामा संवेदनशील भएर सरकारले ठोस कदम नचालेसम्म हाम्रो अभियान निरन्तर जारी रहने बताउनु भएको थियो। कार्यक्रममा अभियानसँग सम्बन्धित गीत, कविता र नृत्यको साथै फेस पेन्टिङ्ग गर्नुका साथै कार्यक्रममा सहभागी सबैको ऐक्यबद्धतासहितको हस्ताक्षर संकलनसमेत गरिएको थियो।

यसै गरी अभियान कार्यक्रमअन्तर्गत महिला मानव अधिकार रक्षक सञ्जालको नेतृत्वमा ओरेक लगायत मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था तथा सरोकारवालाहरूको संयुक्त आयोजनामा बाँके, धादिङ, सोलुखुम्बु, कपिलवस्तु, डोटी, दार्चुला, सर्लाही, धनुषा, सिरहा, महोत्तरी, मोरङ, सुनसरी, उदयपुर, दाङ, कैलाली, रूपन्देही, कपिलवस्तु, रुकुम, सुर्खेतलगायतका जिल्लाहरूमा धर्ना, ऱ्याली, समन्वय तथा सहकार्य बैठक बस्ने तथा अभियानका मागहरूसहित सम्बन्धित सरोकारवालाहरूलाई ध्यानाकर्षण गराउने जस्ता गतिविधिहरू सम्पन्न भएका छन्।

**ख) प्रदेशस्तरीय छलफल तथा अन्तर्क्रिया कार्यक्रम**

यसै अभियानअन्तर्गत महिला मानव अधिकार रक्षकहरूको सञ्जाल, ओरेकलगायत मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरूको समन्वय तथा सहकार्यमा यौन हिंसाविरुद्धको केही ऐनलाई संशोधन गर्ने विधेयकमाथि छलफल तथा अन्तर्क्रिया



प्रदेश नं. १, मधेस प्रदेश, वागमती प्रदेशमा गरी ३ वटा सम्पन्न भएका छन्। सबै प्रदेश तथा स्थानीय तहमा नै गएर प्रस्तावित विधेयकमाथि छलपल गरी सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरूबाट सुझावहरू संकलन गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो। कार्यक्रम प्रतिनिधिसभा सदस्य माननीय विन्दा पाण्डेको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। कार्यक्रममा प्रदेश सांसद, स्थानीय तहका जनप्रतिनिधिहरू, सरकारी तथा गैरसरकारी नियकायका प्रतिनिधहरू, मानव अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरू, महिला मानव अधिकार रक्षक तथा मानव अधिकारकर्मीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

कार्यक्रममा बोल्दै माननीय पाण्डेले बलात्कारका घटनामा व्यवस्था गरिएको हदम्याद हिंसा प्रभावितहरूको न्याय पहुँचमा वाधक बनेको भन्दै विभिन्न घटनाहरू प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत विभिन्न घटना तथा तथ्यहरूले राज्य नै पितृसत्तात्मक सोचबाट ग्रसित बनेको पुष्टि भएको बताउनुभएको थियो। बलात्कार जस्तो जघन्य अपराधको घटनामा हिंसा प्रभावितलाई आफूमाथि भएको घटनाबाट बाहिर आउन धेरै समय लाग्न सक्छ, त्यसैले प्रभावितले आफ्नो मनोबललाई उच्च बनाएर आफूलाई उपयुक्त लागेको जुनसुकै समयमा घटना बाहिर ल्याउन सक्छ। त्यसैले यस्ता घटनामा हदम्यादको व्यवस्था खारेज गरिनुपर्दछ भन्नेमा जोड दिनुभएको

थियो। साथै कार्यक्रममा घटनाका दोषीहरूलाई कडाभन्दा कडा कारवाहीको दायरामा ल्याउनुपर्ने, अपराधीलाई राजनीतिक संरक्षण गर्न नहुने, हिंसा प्रभावितको मानसिक अवस्थालाई ध्यानमा राखेर सबै स्थानीय तहहरूमा मनोविमर्श सेवा उपलब्ध गराउनुपर्ने, द्रूत न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, विभेद, हिंसा, बलात्कार जस्तो जघन्य अपराधको विरुद्धमा राजनीतिक दलहरू एकजुट हुनुपर्ने, बलात्कारका घटनामा क्षतिपूर्ति मात्र नभई परिपूरणको व्यवस्था हुनुपर्ने, साथै प्रभावित पक्ष होस्टाइल हुनुका कारणहरूको अनुसन्धान गर्नुपर्ने, केन्द्रबाट मात्रै नभई प्रदेश र स्थानीय तहबाट पनि पहल गनुपर्ने जस्ता सवालहरूको विषयमा छलफल भएको थियो। साथै कार्यक्रममा सहभागी सबै सरोकारवालाहरूले बलात्करका घटनामा व्यवस्था भएको हदम्याद खारेजीको कानुन निर्माण गर्नुपर्ने र निर्मित कानुनलाई कार्यविधि बनाएर प्रभावकारी कार्यान्वन गर्नुपर्नेमा जोड दिएका थिए।



**अभियानका मागहरू**

१. बलात्कार जस्तो जघन्य अपराधको घटनामा हदम्यादको व्यवस्था खारेज गरियोस्।

२. बलात्कारको परिभाषामा महिलाभित्रको बिविधतालाई पनि समेट्ने गरि पुनःपरिभाषित गरियोस् ("महिला भन्नाले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका महिलालाई पनि जनाउँदछ" भन्ने वाक्याशं थप्नुपर्ने )

३. बलात्कारबाट प्रभावित व्यक्तिको शिक्षा, स्वास्थ्य, रोजगारी, जीवन निर्वाह र समाजमा पुनर्स्थापनाको लागि राज्यले व्यवस्था गरियोस्।

४. बलात्कारबाट प्रभावित महिला तथा किशोरीहरूलाई घटनाको अवस्था तथा गम्भियता हेरी राज्यबाट नै क्षतिपूर्ति प्रदान गर्ने ब्यवस्था गरियोस्।

५. बलात्कार तथा अन्य जघन्य यौन हिंसा सम्बन्धी फौजदारी अभियोगको न्यायिक निरूपणका लागि सबै अदालतहरूमा विशिष्टिकृत इजलास स्थापना गर्न र पुर्पक्षमा लाग्ने समय अवधि घटाउनका लागि बलात्कार तथा अन्य जघन्य यौन हिंसा सम्बन्धी फौजदारी मुद्धामा अनिवार्य रूपमा नीरन्तर सुनुवाईको व्यवस्था गरियोस्।

६. बलात्कार तथा यौन हिंसाको अनुसन्धान तथा अभियोजनका लागि नेपाल प्रहरी तथा महान्यायाधिवक्ताको कार्यालयको समन्वय तथा सहकार्यमा न्यूनतम रूपमा जिल्लास्तरमा विशिष्टिकृत कार्यदल स्थापना गरियोस्।

७. लिङ्ग, उमेर, जात, वर्ग, यौनिक पहिचान का कारण परिवार र समाजमा रहेको असमान शक्तिसम्बन्धमा परिवर्तन नहुँदासम्म शक्ति को आडमा गर्ने शोषण, दमन, हिंसा रहिरहने भएकोले सबैखाले विभेदको अन्त्य गरी शक्तिसम्बन्धमा रूपान्तरण गर्न जोड दिइयोस्।

८. अपराधको ढाकछोप, अपराधीको संरक्षण गर्ने परिपाटीले अपराधीको मनोवल उच्च रहने तथा प्रभावितले सँधै पीडित हुनुपर्ने अवस्थाको को अन्त्य गर्दै कानुनको पूर्णरूपमा कार्यान्वयन गरी दण्डहीनताको अन्त्य गरियोस्।

९. विद्यमान कानुनको व्याख्याले पीडकलाई कारवाहीको रूपमा मात्र सिमित गरेकोले प्रभावितले आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारको सुनिश्चितता सहितको न्यायको अनुभूती गर्ने वातावरण निर्माणका लागि न्यायलाई सामाजिक न्यायको अवधारणाको आधारमा व्याख्या गरियोस्।

१०. महिलाको शरीरलाई परिवार तथा समाजको इज्जतको सवालको रूपमा मात्रै हेर्ने हानिकारक सोचले महिलामाथि हुने सबै प्रकारका हिंसामा सामाजिक मौनताको संस्कृतिलाई निरन्तरता दिएको छ। यसका लागि विभेदित सामाजिक संरचनाको संरचनागत रूपान्तरण गरी हिंसा विरुद्ध शून्य सहनशीलता सुनिश्चित गरियोस्।

११. बलात्कार जस्तो जघन्य अपराधका घटनालाई इज्जत र प्रतिष्ठाको विषय वनाई मेलमिलाप गराउने पीडित/प्रभावित लाई

लाञ्छना लगाउने, डर, धम्की दिने, बसोवास गरिरहेको स्थान छोड्न बाध्य वनाउने, उजुरी लिन नै आनाकानी गर्ने, प्रभावित र परिवारलाई राजनीतिक दबाव दिने, पीडक लाई संरक्षण गर्ने जस्ता कार्यहरूलाई  अपराधीकरण गरि आवश्यक कानुनको निर्माण गरियोस् र प्रभावितको लागि सुरक्षित, संवेदनशील, दीर्घकालिन र पहुँचयुक्त सहयोगी संयन्त्रको विकास गरियोस् ।

१२. बलात्कारबाट जन्मिएका बालबालिकाहरूको आमाको नामबाट विना कुनै झन्झट आत्मसम्मानसहितको पहिचानको सुनिश्चितता गरियोस् ।

**ग) लैङ्गिक हिंसाविरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान,** २०२१




लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान हरेक वर्ष २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म अन्तर्राष्ट्रिय अभियानका रूपमा विश्वव्यापी रूपमा मनाइँदै आएको ३० वर्ष भइसकेको छ । महिलामाथि हुने हिंसा मानवअधिकार हननको सवाल हो भन्ने मान्यता स्थापित गर्दै सोहीअनुरूप काम गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्र संघलगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायलाई आह्वान गर्ने उद्देश्यले २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म विश्वव्यापी रूपमा मनाइँदै आएको छ ।




महिला भएकै कारण हुने विभेदका परिणामस्वरूप महिलामाथि हुने हिंसाले निरन्तरता पाइनै रहेको छ । यसको अन्त्य गर्न “संरचनागत असमानताबाट सिर्जित भेदभाव अन्तर्निहित कारणहरूको” सम्बोधन आवश्यक छ । यो तबमात्र सम्भव छ, जब राज्यले “महिलाले आफ्नो स्वपहिचान” का साथ जीवनयापन गर्न पाउने अधिकार सुनिश्चित हुने वातावरण सिर्जना गर्छ । त्यसैले संरचनात्मक विभेदको अन्त्य गर्दै महिलाको स्वपहिचान स्थापित गर्नका लागि यस वर्ष पनि ओरेकले लैङ्गिक समानता, महिलाको आफ्नो शरीरमाथिको निर्णय र गतिशीलताको अधिकार सुनिश्चित हुने वातावरण निर्माणमा पैरवी गर्ने उद्देश्यले यस वर्ष Orange the World: End Violence Against  WomenNow भन्ने अन्तर्राष्ट्रिय नारा र “घरैदेखि सुरुगरौं, महिलाविरुद्धको हिंसा अन्त्य गरौं” भन्ने राष्ट्रिय नारालाई लिएर ओरेकले“घर र समाजको ऐक्यबद्धता, लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलता” भन्ने आफ्नो नारालाई अगाडि सार्दै समुदाय तहदेखि सबै तहसम्म विभिन्न गतिविधिहरू सञ्चालन गरेको छ ।

**१६ दिने अभियानको मुख्य उद्देश्य**

यस वर्षको १६ दिने अभियानको मुख्य उद्देश्य लैङ्गिक समानता, महिलाको आफ्नो शरीरमाथिको निर्णय र गतिशीलताको अधिकार सुनिश्चित हुने वातावरण निर्माणका लागि स्थानीय तहदेखि संघ तहसम्म पैरवी गर्नु ।

**विशिष्ट उद्देश्यहरू**

- लैङ्गिक समानता सुनिश्चितताका लागि राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरमा सरकारले गरेको प्रतिबद्धताअनुरुप राज्यको दायित्व पूरा गर्न पैरवी गर्ने ।
- लैङ्गिकमैत्री तथा लैङ्गिक उत्तरदायी संरचना निर्माण गर्न स्थानीय तहदेखि संघसम्म पैरवी तथा सहकार्य गर्ने ।



- महिला हिंसाका घटनाहरूको विश्लेषण गरिएको "अन्वेषी" पुस्तिका विमोचन गरी वर्षभरि महिलामाथि भएका हिंसाको सत्य-तथ्य प्रमाणका रूपमा प्रस्तुत गर्नु र सरोकारवालाहरूलाई हिंसाको अवस्थाको अन्त्यका लागि जिम्मेवार बनाउने।
- घर तथा समाजमा हुने हिंसा अन्त्यका लागि सामूहिक ऐक्यबद्धता र शून्य सहनशीलताको नीतिलाई अवलम्बन गर्न सामुदायिक संघसंस्था तथा युवाको अगुवाइमा आम नागरिक सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने।

## लैङ्गिक हिंसाविरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान, २०२१ अन्तर्गत सम्पन्न मुख्य गतिविधिहरू

### १. महिला हिंसाविरुद्धको वर्ष पुस्तक "अन्वेषी" लोकार्पण

ओरेकले २५ नोभेम्बर २०२१ महिला हिंसाविरुद्धको दिवसको अवसरमा महिला हिंसाविरुद्धको वार्षिक पुस्तक "अन्वेषी" लोकार्पण गऱ्यो। उक्त "अन्वेषी, २०७८" को लोकार्पण राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगर, ओरेकका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले संयुक्तरूपमा गर्नुभएको थियो।

कार्यक्रमको अध्यक्षता संस्थाका निवर्तमान उपाध्यक्ष गोमावती पुनले गर्नुभएको थियो भने ओरेकका कार्यकारी निर्देशक लुभराज न्यौपानेले उपस्थित सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारी कार्यक्रमको औपचारिक सुरुवात गर्नुभएको थियो।



ओरेकले सन् २००८ देखि नै देशभरबाट महिलामाथि हुने हिंसाका घटनाहरूको अभिलेखीकरण गरी महिला हिंसाविरुद्धको वर्ष पुस्तक "अन्वेषी" हरेक वर्ष २५ नोभेम्बर, महिला हिंसाविरुद्धको दिवसको दिन प्रकाशन गर्दै आएको छ। अन्वेषी २०७८ मा 'साउन २०७७ देखि असार २०७८ सम्म' ओरेकमा अभिलेखीकरण (सङ्कलन) गरिएका महिलामाथि भएका कुल १७७२ वटा हिंसाका घटनाहरूको विस्तृत विश्लेषण गरिएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तप बहादुर मगरले सबैभन्दा बढी हिंसा घरभित्रै भएको तथ्याङ्कले उजागर गरेको छ, त्यसैले घरभित्रबाट नै हिंसा निवारणका लागि अभियान सञ्चालन गर्नुपर्ने र हिंसाको अन्त्यविना समानतामूलक समाजको निर्माण हुन नसक्ने भएकाले नेपाल सरकारले हिंसाविरुद्ध लिएको शून्य सहनशीलताको नीतिलाई कार्यान्वयन गर्नेतर्फ जोड दिनुपर्ने बताउनुभएको थियो।

ओरेकका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले कार्यक्रममा बोल्दै हिंसाको परिणामभन्दा पनि जरो कारण पत्ता लगाएर काम गर्नुपर्ने, प्रभावितमैत्री सोचको विकास गर्नुपर्ने र महिला हिंसा न्यूनीकरणका लागि संरचनात्मक रूपान्तरण आवश्यक रहेकोमा जोड दिनुभएको थियो।

संस्थाका निवर्तमान कार्यकारी सदस्य तथा यस पुस्तकका सम्पादक दुर्गा कार्कीले कार्यक्रममा समग्र महिलामाथि भएको हिंसा र हिंसा प्रभावितहरूको न्यायमा पहुँचको अवस्थालाई जोड दिँदै महिला हिंसा न्यूनीकरणका लागि पितृसत्तात्मक संरचनाबाट सिर्जित विभेदकारी सोचलाई भत्काउन क्रान्ति नै आवश्यक रहेकोमा जोड दिँदै आफ्ना भनाइहरू राख्नुभएको थियो। सहभागीहरूलाई धन्यवाद ज्ञापनसहित कार्यक्रमको समापन संस्थाका निवर्तमान उपाध्यक्ष गोमावती पुनले गर्नुभएको थियो।

कार्यक्रममा सरकारी, गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, पत्रकार तथा मानव अधिकारको सवालमा क्रियाशिल महिला मानव अधिकार रक्षकहरू/अधिकारकर्मीसहित ६५ जना महिला र ३१ जना पुरुष गरी जम्मा ९६ जनाको सहभागिता रहेको थियो।

### २. लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालनका लागि समन्वय बैठक

२५ नोभेम्बरदेखि १० डिसेम्बर २०२१ सम्म लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान मनाउने सन्दर्भमा संस्थाहरूको कार्ययोजना

साझा गर्न र अन्य समान मान्यता र उद्देश्य बोकेका संघसंस्थाहरूबीचको संयुक्त प्रयासको सम्भावनाबारे छलफल गर्न ओरेकका शाखा तथा परियोजना कार्यालयहरू काठमाडौंलगायत उदयपुर, कैलाली, मोरङ, सिराहा, धनुषा, सुर्खेत, जुम्ला, महोत्तरी, रुकुम, रूपन्देही जिल्लामा समन्वय बैठकको आयोजना गरिएको थियो । उक्त बैठकमा नगरिक समाज, विभिन्न सञ्जाल र संगठनका प्रतिनिधिहरूसहितका मानव अधिकारकर्मीहरूको सहभागिता रहेको थियो । उक्त बैठकबाट १६ दिने अभियानअन्तर्गत पर्ने विभिन्न दिवसहरू संयुक्त रूपमा आयोजना गर्ने भनी निर्णय गरी सोहीअनुरूप कार्यान्वयन गरिएको थियो ।

**३. महिला हिंसाविरुद्ध ऐक्यबद्धता जनाउँदै शान्तिपूर्ण प्रदर्शनी तथा ¥याली**

“घरैदेखि सुरु गरौं महिलाविरुद्धको हिंसा अन्त्य गरौं” भन्ने मूल नाराका साथ नोभेम्बर २५ मा महिला हिंसाविरुद्धको दिवसको अवसरमा शान्तिपूर्ण प्रदर्शन गरिएको छ । उक्त कार्यक्रम बिहानको ९ देखि १० बजेसम्म माइतीघर मण्डलामा महिला अधिकारका सन्देशहरू झल्काउने विभिन्न प्लेकार्ड प्रदर्शन र नाराहरूसहित सञ्चालन गरिएको थियो । एक घन्टासम्म प्रदर्शन गरी अन्त्यमा विभिन्न क्षेत्रका महिला अधिकारकर्मीहरूको मन्तव्यसहित कार्यक्रमको समापन गरिएको थियो । उक्त प्रदर्शनमा विशेषगरी संरचनात्मक विभेद र महिलामाथि हुने हिंसाको अन्त्य हुनुपर्ने, महिलाभित्रको विविधताको पहिचान र सम्मान गरिनुपर्ने, राज्यका विभेदकारी नीतिहरू संशोधन हुनुपर्ने, भएका नीतिहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्ने लगायतका आवाजहरू सहभागीद्वारा उठेको थियो । प्रदर्शनमा महिला मावनअधिकार रक्षकहरू, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, मनोरञ्जन क्षेत्रलगायतको प्रतिनिधत्व रहेको थियो ।

साथै काठमाडौंलगायत ओरेकका शाखा तथा परियोजना कार्यालयहरूउदयपुर, कैलाली, मोरङ, सिराहा, धनुषा, सुर्खेत, जुम्ला, महोत्तरी, रुकुम जिल्लामा पनि विभिन्न संघ-संस्थाहरूसँगको समन्वय तथा सहकार्यमा शान्तिपूर्ण ¥याली तथा कोणसभा आयोजना गरिएको थियो । कार्यक्रममा सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरू र मानव अधिकारको क्षेत्रमा कार्यरत १०० भन्दा बढी संघसंस्थाको प्रतिनिधिहरूको ऐक्यबद्धतासहितको सहभागिता रहेको थियो । काठमाडौंमा मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न २७ वटा संघसंस्थाहरूको संयुक्त आयोजनामा दैनिक जीवनमा महिलाले भोग्दै आएका विभेद र हिंसाको कारण शारीरिक, मानसिक, आर्थिक र सामाजिक असर भोग्न बाध्य महिलाहरूका लागि पहुँचयोग्य र प्रभावकारी सहयोगी संयन्त्रहरू निर्माण गरी न्यायमा अधिकार सुनिश्चितता र सामाजिक न्यायको वातावरण तयार गर्न प्रेस विज्ञप्तिमार्फत सरोकारवालाहरूलाई १७ बुँदे अपिलसमेत गरिएको थियो ।

**४. सार्वजनिक स्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा सम्बोधनका लागि सरोकारवालाहरूसँग परामर्श बैठक सम्पन्न**

ओरेकको सहयोग तथा नवज्योती सशक्त महिला सामुदायिक संस्थाको आयोजनामा चौगण्डीगढी नगरपालिका- ६ मा सार्वजनिकस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा सम्बोधनका लागि सरोकारवालासँग परामर्श बैठक सञ्चालन गरिएको छ। सार्वजनिकस्थलमा महिलामाथि हुने हिंसाप्रति स्थानीय तहको ध्यानाकर्षण गराउने उद्देश्यले आयोजना गरिएको यस कार्यक्रम बैठकमा चौनपा प्रमुख, उप-प्रमुख तथा न्यायिक समिति संयोजक, वडाका जनप्रतिनिधिहरू, कार्यपालिका सदस्य, प्रहरी, महिला समूह सदस्य, सामुदायिक संस्थाका सदस्य, टोल विकास समितिका प्रतिनिधिहरूसहित ३४ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा नवज्योती सशक्त महिला सामुदायिक संस्थाले सुरक्षित सार्वजनिकस्थल निर्माण गर्न सञ्चालन गर्न गरेका गतिविधिहरू, उपलब्धि, चुनौती तथा अबको बाटोबारे छलफल गरिएको थियो । यसैगरी, सार्वजनिकस्थललाई सुरक्षित गर्न सरोकारवालाको भूमिकाबारे छलफल गरिएको थियो । छलफलमा सार्वजनिकस्थलमा हिंसा भएमा कहाँ उजुरी गर्ने, उजुरीको प्रक्रिया कस्तो हुन्छ?, सार्वजनिकस्थलमा हुने हिंसालाई सरकारले कसरी सम्बोधन गर्न सक्छ? भन्ने विषयमा छलफल गरिएको थियो । छलफलमा नगरपालिका प्रमुख तथा उप-प्रमुखले लैङ्गिक हिंसा निवारण कोषको बारेमा जानकारी दिई हिंसा प्रभावित महिलाको पुनर्स्थापना र जीविकोपार्जनमा सहयोग गर्ने र सार्वजनिकस्थलमा हुने हिंसा न्यूनीकरणमा ध्यान दिने प्रतिबद्धता जनाएका थिए ।



यसैगरी नोभेम्बर २९ मा चेतनशील महिला समूहको आयोजना र ओरेक उदयपुरको सहकार्यमा कटारीस्थित ६ वटा विद्यालका व्यवस्थापन समितिहरूतथा शिक्षकहरूसँग परामर्श बैठक सम्पन्न भएको छ । लैङ्गिक हिंसारहित विद्यालय र शैक्षिक वातावरण निर्माणका लागि विद्यालय व्यवस्थापन समितिसँग सहकार्य गर्ने तथा महिला तथा बालिकाका लागि सुरक्षित र सम्मानित सार्वजनिकस्थल निर्माणमा सहजीकरण गर्ने उदेश्यले भर्चुअल माध्यमबाट सञ्चालन गरिएको यस बैठकमा १३ जनाको उपस्थिति रहेको थियो ।

**५. सार्वजनिकस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा सम्बोधनका लागि राष्ट्रियस्तरको नीतिगत संवाद कार्यक्रम**

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा १ डिसेम्बरमा सार्वजनिकस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा सम्बोधनका लागि राष्ट्रियस्तरको नीतिगत संवाद कार्यक्रमको आयोजना गरिएको थियो ।ओरेकको निवर्तमान कार्यसमितिका सदस्य दुर्गा कार्कीको अध्यक्षतामा सम्पन्न गरिएको कार्यक्रममा मानव अधिकार आयोगका सह-सचिव दिपक कार्कीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा राष्ट्रिय महिला आयोगका कानुन अधिकृत, प्रतिनिधिसभा सदस्य, महिला तथा सामाजिक मामिला समितिका उप-सचिव, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिहरू अतिथिको रूपमा हुनुहुन्थ्यो भने संयुक्त राष्ट्र संघीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज तथा गैरसरकारी संस्था, पत्रकार, मानव अधिकार रक्षक, विद्यार्थी गरी जम्मा ४६ जनाको उपस्थिति रहेको थियो ।

सार्वजनिकस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसालाई सम्बोधन गर्नका लागि नीतिगत परिवर्तनको पैरवी गर्ने उद्देश्यका साथ गरिएकोकार्यक्रममा दुई सत्रहरू रहेका थिए । पहिलो सत्रमा अधिवक्ता रोशनी पौड्यालले नीतिगत अध्ययनको नतिजा प्रस्तुत गर्नुभएको थियो भने दोस्रो सत्रमा प्यानल छलफल रहेको थियो । प्यानल छलफमा मर्यादित महिनावारी अभियन्ता राधा पौडेल, लैङ्गिक अध्ययन तथा समाजशास्त्रका प्राध्यापक डा. नीति अर्याल खनाल र वरिष्ठ प्रहरी सुपेरिवेक्षक किरण बज्राचार्य रहनुभएको थियो ।



**"सन् २०११ मा सार्वजनिक यातायातमा यौन हिंसा हुँदा उजुरी गर्ने म पहिलो व्यक्ति थिएँ। मैले प्रहरीमा उजुरी गर्न जाँदा पुरुष प्रहरीले मलाई चौरमा नै तपाईलाई के भएको भनी सोधे। त्यहाँ न महिला प्रहरी हुनु हुन्थ्यो, न प्रभावितको गोपनीयताको नै ध्यान राखिएको थियो ।**

**- राधा पौडेल, राधा पौडेल फाउन्डेसन**



**"महिलाले बोलेको सुन्न सक्ने समाज नभएकोले महिलाले बोल्दैनन्। महिलाहरुले नबोलेका होइनन्, हिंसा प्रतिकार नगरेका होइनन्, समाज महिलाको आवाज सुन्न तयार नभएको हो ।**

**- डा. नीति अर्याल खनाल,**
**लैङ्गिक अध्ययन तथा समाजशास्त्र प्राध्यापक**



"कानुनमा भएका अस्पष्ट र अव्यवहारिक शब्दहरुका कारण सार्वजनिक स्थलमा हुने हिंसाको न्यायिक प्रकृयामा चुनौती छ। जस्तै, करणीको आसयले हेरेको, सुसेलेकोलाई कसरी प्रमाणित गर्ने भन्ने विषयमा चुनौती हुन्छ। यस्ता शब्दका कारण कानुनलाई मोडेर केस अन्तै लाने सम्भावना बढ्छ। पर्याप्त कानुन नभएकाले प्रहरीले केस चार्ज गर्नका लागि समस्या भोग्नु परेको छ। जुनसुकै प्रकृतीका घटना भए तापनि 'अभद्र व्यवहारमा' चार्ज गर्ने गरिएको छ। त्यसैले प्रष्ट नीतिगत प्रावधान भएमा मात्र प्रहरीलाई सार्वजनिक स्थलमा हुने हिंसा न्युनिकरण गर्न सहज हुन्छ।

- किरण बज्रचार्य, वरिष्ठ प्रहरी सुपरिवेक्षक

नीतिगत संवाद कार्यक्रमले सार्वजनिकस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसालाई सम्बोधन गर्न राष्ट्रियस्तरमा एक अवसर निर्माण गरेको र सम्बन्धित निकायहरूबीच ऐक्यबद्धता कायम गर्नका लागि सहजीकरण गरेको छ।

**६. मनोविमर्श केन्द्रको आवश्यक्ता र महत्वसम्बन्धी अन्तर्क्रिया तथा मनोविमर्श केन्द्र स्थापना र उद्घाटन कार्यक्रम**




मनोविमर्श केन्द्रको आवश्यक्ता र महत्वको बारेमा जानकारी गराउने तथा मनोविमर्श केन्द्रको शुभारम्भ गर्ने उद्देश्यले ओरेकले दंगीशरण गाउँपालिकासँगको समन्वयमा दाङजिल्लामा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । मानव अधिकार दिवसको अवसर पारेर डिसेम्बर १० मा आयोजना गरिएको अन्तर्क्रियामा ओरेक र दंगीशरण गा.पा. को समन्व्यमा मानसिक समस्या मुक्त समाज निर्माण गर्न एकजुट बनौं भन्दै मनोविमर्शकेन्द्रको शुभारम्भसमेत गरिएको थियो । कार्यक्रममा वडा सदस्य, महिला सदस्य, महिला तथा वालबालिका शाखा प्रमुख, न्यायिक समिति, महिला स्यमसेविका, महिला सामुदायिक संस्थाका प्रतिनिधिहरू, शिक्षक, स्वास्थ्यकर्मी लगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्दै वडा तथा महिला, बालबालिका शाखाका प्रतिनिधिहरूले विभिन्न कारणले मनोसामाजिक समस्याहरू बढ्दै गइरहेको अहिलेको अवस्थामा आफ्नो वडाले मनोविमर्श केन्द्रमार्फत मनोविमर्श सेवा प्रदान गरी मनोसामाजिक समस्या मुक्त पालिका निर्माणका लागि अगाडि बढेको विषयमा जानकारी गराएका थिए। कार्यक्रममा बोल्दै गा.पा. का उपाध्यक्षले मनोविमर्श सेवाका साथै वडामा हिंसा प्रभावितहरूका लागि लैङ्गिक हिंसा निवारण कोषको व्यवस्थापन नभएकालेआगामी कोषको व्यवस्थापन गरी कार्यविधिबनाई परिचालन गर्नेसमेत जानकारी गराउनुभएको थियो । मनोविमर्श केन्द्र सञ्चालनका लागि आगामी दिनमा पालिकाबाट बजेट व्यवस्था गरी यस केन्द्रलाई निरन्तर रूपमा सञ्चालन गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको थियो।

**७. सार्वजनिकस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा सम्बोधनका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम**




ओरेकले पालिका तथा महिला मानव अधिकार रक्षक सञ्जाल दाङसँगको समन्वयमा घोराही र तुलसीपुर उपमहानगरपालिका तथा दंगीशरण गाउँपालिकामा क्रमशः ३० नोभेम्बर र ८ डिसेम्बरमा सार्वजनिकस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा सम्बोधनका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा सुरक्षित सार्वजनिकस्थलका सवालहरू, नतिजा, चुनौती तथा सुरक्षित सार्वजनिकस्थल निर्माण गर्नका लागि अबको बाटो के हुनुपर्छ भन्ने बारेमा छलफल गरिएको थियो। सहभागीहरूले उठान गरेका प्रश्न तथा जिज्ञासाहरूमा स्पष्टता ल्याउने र उनीहरूबाट प्राप्त रचनात्मक सुझावलाई आत्मसात गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउने वातावरण सिर्जना गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा सार्वजनिकस्थलहरू

महिला र बालबालिकामैत्री नभएको र यसलाई सम्बोधन गर्ने कानुन फितलो भएका कारणले अझै पनि सार्वजनिकस्थलमा हुने हिंसाका घटनाहरू बाहिर आउन नसकेकामा सहभागीहरूले जोड दिएका थिए । सार्वजनिकस्थलमा भएका घटना सामान्य लागेतापनि त्यस्ता घटनाहरूले महिला तथा बालिकाहरूको सर्वाङ्गिण विकासमा दीर्घकालीन असर पुऱ्याउने गर्दछ, तसर्थ यस विषयमा संबेदनशील भई सबैजना ऐक्यबद्ध भएर कार्यक्रमहरू सञ्चालन तथा पैरवी गर्नुपर्ने बिचार सहभागीहरूको रहेको थियो । कार्यक्रममा उच्च अदालतका न्यायाधीश, पालिका प्रमुख तथा उपप्रमुख, प्रहरी प्रमुख, ट्राफिक प्रहरी प्रमुख, शिक्षा शाखा, महिला, बालबालिका शाखा, स्वास्थ्य, विद्यालय, महिला सामुदायिक संस्था, विभिन्न संघसंस्था, यातायात व्यवसायी, बालबालिका र किशोर-किशोरीसहित ६८ जना महिला र ३९ जना पुरुष गरी १०७ जनाको उपस्थिति रहेको थियो ।



### ८. लुम्बिनी प्रदेशस्तरीय किशोरी सम्मेलन

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लुम्बिनी प्रदेश र ओरेकको संयुक्त आयोजनामा  लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा  डिसेम्बर १० मा  बालविवाह र किशोरीहरूमाथि हुने विभेदविरुद्ध पैरवी र सशक्तीकरणकालागि बुटवलमा प्रदेशस्तरीय किशोरी सम्मेलनको आयोजना गरिएको थियो । सम्मेलनमा लुम्बिनी प्रदेशका १२ वटै जिल्लाका किशोरी, सरोकारवाला र सञ्चारकर्मीसहित १२८ जनाको उपस्थिति थियो ।



सम्मेलनमा किशोरी तथा बालिकाहरूले १६ बुँदे लुम्बिनी घोषणापत्र जारी गर्दै किशोरी तथा बालिकाका आवश्यकताअनुसारको नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्न आग्रह गरेका थिए । यसै गरी स्थानीय तहमा किशोरी विकास समिति तत्काल गठन गर्न र बालविवाहविरुद्ध रणनीतिक योजना निर्माण गरी कार्यान्वयनको माग पनि गरेका थिए । कार्यक्रमकै क्रममा उपस्थित सहभागीहरूको अगुवाइमा पुष्पा हरिजनको अध्यक्षतामा लुम्बिनीस्तरीय किशोरी सञ्जालसमेत गठन भएको थियो । जसमा १३ जना सदस्यहरू रहेका छन् । नवनिर्वाचित अध्यक्ष हरिजनले सरोकारवालाहरूको समन्वयमा बालविवाह, लैङ्गिक भेदभाव र बालविवाहविरुद्ध अभियान चलाउने प्रतिबद्धता जनाएका थिए ।

### ९. लैङ्गिक हिंसा नियन्त्रणका सम्बन्धमा स्थानीय सरकारको नीति तथा योजना कार्यान्वयनका लागि सरोकारवालाहरूसँग रेडियो संवाद कार्यक्रम




ओरेक कैलालीको आयोजना तथा कैलारी गाउँपालिका र गौरीगंगा नगरपालिका वडा नं. ७ को समन्वयमा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा डिसेम्बर ६ मा रेडियो संवाद कार्यक्रमको आयोजना गरिएको थियो । लैङ्गिक हिंसा नियन्त्रणका लागि स्थानीय सरकारले तयार गरेको नीति तथा कार्यक्रम तथा कार्यान्वयनको अवस्था, प्रहरी प्रशासनबाट

प्रबाह हुने सेवाहरूको जानकारी दिने यस सवालमा स्थानीय तहलाई जिम्मेबार बनाउने उद्देश्यले आयोजना गरिएको यस कार्यक्रममा प्रहरी, स्थानीय जनप्रतिनिधिहरू, महिला तथा युवा सञ्जालका सदस्यहरूबीच संवाद गरी रेडियो कार्यक्रम तयार तथा प्रशारण गरिएको थियो । सुदूरपश्चिम मिडिया मिशन रेडियो धनगढीको सहजीकरणमा आयोजना गरिएको यस कार्यक्रममा सरकारले तयार गरेको नीति तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्थाका बारेमा जानकारी गराई सहभागीहरूबाट पनि जिज्ञासा लिएर सम्बन्धित वक्ताहरूबाट



प्रतिक्रिया दिइएको थियो। स्थानीय तहका सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीहरूबीच दोहोरो संवाद हुँदा सोही समयमा समस्याको पहिचान हुनुका साथै स्थानीय सरकारको नीति तथा योजना र कार्यान्वयन प्रक्रियाका बारेमा सहभागीहरूले जानकारी पाएकाले कार्यक्रम निकै प्रभावकारी भएको थियो। संवादकै क्रममा गौरीगंगा नगरपालिकाका १ जना हिंसा प्रभावितको समस्यालाई प्रस्तुत गर्दा कार्यक्रम सकेलगत्तै समस्या सम्बोधनका लागि जनप्रतिनीधीहरूबीच छलफल भई आवश्यकताका आधारमा आयआर्जन गर्न तरकारी खेतीका लागि पानी तान्ने पम्प र नल्का दिने निर्णयसमेत भएको थियो। साथै कैलारी गाउँपालिकाको द्वन्द्व प्रभावित १ जनालाई सीपमूलक तालिमको माग गर्दा परिवारका सदस्यहरूको चाहना र क्षमताअनुसारको तालिममा सहभागी गराउन पालिकामा नाम दर्तासमेत गरिएको थियो। कार्यक्रममा ६३ जना महिला र ३१ जना पुरुष गरी जम्मा ९४ जनाको उपस्थिति रहेको थियो।

**१०. फोरम थिएटर कार्यक्रम**

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियानको अवसरमा ओरेकले शैली थियटरसँग समन्वय गरी विद्यालयमा अध्ययनरत किशोरकिशोरीहरूलाई यौनिक तथा लैङ्गिक विभेदमा आधारित हिंसासम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले बूढानीलकण्ठ नगरपालिकाका ३ वटा सामुदायिक विद्यालयहरूमा फोरम थिएटर सञ्चालन गरेको थियो। थिएटर लैङ्गिक हिंसाका सवालहरूप्रति




सचेतना अभिवृद्धि गर्ने एउटा महत्वपूर्ण माध्यम हो । यसमा समाज तथा समुदायमा घटेका सवालहरूलाई प्रस्तुत गरी दर्शकहरूलाई समस्याको उपायहरू खोज्ने अन्तर्क्रियात्मक तथा सहभागितात्मक माध्यमबाट आफ्ना विचारहरू राख्ने मौकासमेत प्रदान गरिन्छ । नाटक ९ र १० डिसेम्बर २०२१ मा बूढानीलकण्ठ नगरापालिकाका श्री नवलिन उच्च मा.वि., श्री ग्राम शिक्षा उच्च मा.वि. र श्री महाँकाल उच्च मा.वि. का विद्यर्थीहरूलाई लक्षित गरी गरिएको थियो।

नाटकमार्फत हाम्रो समाजमा व्याप्त घरेलु हिंसा, सार्वजनिक स्थानमा हुने यौन हिंसाका सवालहरूलाई प्रस्तुत गरिएको थियो।थिएटर प्रस्तुतिपछि शिक्षकहरूले विद्यार्थीहरूलाई आफ्नो पाठ्यक्रमभन्दा बाहिर रहेर प्रत्यक्षरूपमा अन्तर्क्रियात्मक तबरले गरिएको थिएटर विद्यार्थीहरूमाझ दरिलो सन्देश प्रवाह गर्न सफल भएको प्रतिक्रिया दिनुभएको थियो। फोरम थिएटरमा ३ वटै विद्यालयका ६ देखि १० कक्षासम्मका गरी करिब ५०० जनाको सहभागिता रहेको थियो।

## ११. सचेतनामूलक सडक नाटक तथा अन्तर्क्रिया कार्यक्रम



ओरेकले बालविवाहविरुद्ध सचेतना जगाउने उद्देश्यले रूपन्देही जिल्लाको रोहिनी गाँउपालिका वडा नम्बर १ बगाह र वडा नम्वर २ मैनीहवामा डिसेम्बर १७ मा सडक नाटक प्रस्तुत गरेको थियो । नाटकमार्फत बालविवाह, यसले किशोरकिशोरीहरूको स्वास्थ्यमा पार्ने असर, यससँग सम्बन्धित कानुनी प्रावधानहरूका विषयमा सन्देश प्रवाह गरिएको थियो । नाटकको समाप्तिपछि गरिएको अन्तर्क्रिया कार्यक्रममा बोल्दै उपस्थित सहभागीले किशोरी अधिकार मञ्चको अगुवाइमा गरिएको यस कार्यक्रम सन्देशमूलक रहेको बताएका थिए । सडक नाटकपश्चात् गाउँपालिका अध्यक्ष सनोज कुमार यादवले बालविवाहले दाइजो प्रथा र महिला हिंसालाई बढावा दिने भएकाले किशोरीहरूलाई शिक्षामा लगानी गर्नुपर्ने कुरामा जोड दिएका थिए । पालिकाले बालविवाह न्यूनीकरणका लागि 'बेटी पढाऊ, बेटी बचाऊ' जस्ता सचेतनामूलक कार्यक्रम पनि गरिरहेको बताएका थिए । कार्यक्रममा पालिकका प्रतिनिधि, किशोरकिशोरीहरूसहित १७२ जनाको उपस्थिति रहेको थियो ।



त्यसै गरी डिसेम्बर ७ मा किशोरी अधिकार मञ्चको अयोजना तथा कपिलवस्तु नगरपालिका तथा माइती नेपालसँगको समन्वयमा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सडक नाटक प्रस्तुत गरिएको थियो । करिब २५० जना सहभागीहरूको उपस्थिति रहेको यस नाटकमा मानव बेचबिखन तथा ओसारपसार, लैङ्गिक हिंसा, बालश्रम, असुरक्षित रोजगार र यसको न्यूनीकरणमा व्यक्तिको आफ्नो भूमिका के हुन सक्छ भन्ने विषयमा सन्देश प्रवाह गरिएको थियो । कार्यक्रमको अन्त्यमा विशिष्ट अतिथि मर्यादापुर प्रहरी चौकीका प्रमुखले किशोरीहरूले आयोजना गरेको बेचबिखनविरुद्ध सचेतनामूलक नाटक मार्फत समाजमा फैलिरहेको विकृतिहरू सहभागीहरूलाई सचेत गरिरहेको जनाएका थिए । जुनसुकै समस्यामा पनि मर्यादापुर प्रहरी सहयोगका लागि तयार भएकाले आफूहरूलाई सम्झन आग्रहसमेत गरेका थिए ।




यसैगरी सार्वजनिक स्थानमा महिला तथा किशोरीहरूमाथि हुने हिंसाबारे सर्वसाधारणलाई जानकारी गराई सचेतना अभिवृद्धि गर्ने तथा हिंसा सम्बोधन कसरी गर्ने भन्ने सम्बन्धमा सन्देश प्रवाह गर्ने उद्देश्यले उदयपुरको रौतामाइमा डिसेम्बर ९ मा सडक नाटकको आयोजना गरिएको थियो ।

## १२. उनीहरूको कथा हाम्रो कथा विषयक डिजिटल स्टोरी टेलिङ कार्यक्रम सम्पन्न

ओरेकले महिला हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत धुलिखेल अस्पताल, HERA (Health Care Responding to Violence and Abuse) रिसर्च, द स्टोरी किचन, नेशनल इन्स्टिच्युट फर हेल्थ रिसर्च र नर्सिङ समूहको संयुक्त आयोजनामा

समुदायका महिलाहरू, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्दै आएका लैङ्गिक हिंसाका विभिन्न घटनाहरूप्रति सचेतना अभिवृद्धि गर्ने र उक्त हिंसाहरूलाई डिजिटल स्टोरी टेलिङ मार्फत हिंसाको वर्तमान अवस्थाका बारेमा सरोकारवालाहरूलाई ध्यानाकर्षण गराउने उद्देश्यका साथ ९ डिसेम्बरमा धुलिखेल अस्पतालमा "उनीहरूको कथा हाम्रो कथा" विषयवस्तुलाई लिएर कथा प्रदर्शनी गरेको थियो । यस कार्यक्रममा समुदायतहदेखि संकलन भएका कथाहरू प्रदर्शनी, महिला हिंसासँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू, महिला उद्यमीहरूले उत्पादन गरेका हस्तनिर्मित र




अर्गानिक बस्तुहरूका स्टलसमेत राखिएको थियो । यस कार्यक्रम मार्फत धुलिखेल अस्पतालमा कार्यरत डाक्टर, नर्स, स्वास्थ्य चेकजाँचका लागि आएका बिरामीहरूसहित २०० जनाभन्दा बढीले विभिन्न विषयमा जानकारी पाएका थिए ।

### १३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण कार्यशाला गोष्ठी

ओरेकको आयोजनामा लैङ्गिक समानता नीति निर्माणका लागि वातावरण तयार गर्ने उद्देश्यले लक्ष्मीनिया गाउँपालिकामा २ र ३ डिसेम्बरमा दुई दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठीमा पालिका प्रमुख तथा उपप्रमुखहरू, न्यायपालिका सदस्य, कानुनी सल्लाहकार, महिला मानव अधिकार रक्षक सञ्जालहरूसहित५४ जनाको उपस्थिति रहेको थियो । लैङ्गिक विभेदमा आधारित हिंसा मानव अधिकारको सवाल हो,लैङ्गिक विभेदमा आधारित हिंसा न्यूनीकरण नभएसम्म मानव अधिकार सुनिश्चित हुन सक्दैन भन्ने विषयमा सहभागीहरू यो कार्यशालाबाट स्पष्ट भएको जनाउँदै लैङ्गिक हिंसा अन्त्यका लागि लैङ्गिक समानता नीति आवश्यक भएकाले कार्यक्रममा जनप्रतिनिधि र अन्य सरोकारवालाहरूबीच विस्तृत छलफल भई नीतिको मस्यौदा तयार पारिएको थियो । कार्यक्रममा आफ्नै स्थानीय समुदायमा रहेका महिला हिंसाका सवालहरू जस्तै बालविवाह, दाइजो, महिलाको आर्थिक सशक्तीकरण सम्बोधन हुने खालका विषयवस्तुलाई समेटेर ५ वर्षे रणनीतिक योजनाको मस्यौदा तयार भएको थियो । साथै समुदायबाट आउने गरेका महिला हिंसासम्बन्धी मुद्दाहरूलाई प्राथमिकतामा राखी न्यायिक समितिबाट प्रभावितको न्यायमा पहुँच सुनिश्चितताका लागि नीति तयार गरी कार्यान्वयनमा ल्याउने, पालिकाका विभिन्न शाखाहरूबाट प्रदान गरिने सेवाहरूलाई महिला, बालबालिका तथा किशोरकिशोरीमैत्री बनाउने, हिंसा प्रभावितहरूका लागि संरक्षणकोष निर्माण, व्यवस्थापन र सञ्चालन गर्नुपर्ने, बाल संरक्षण समिति निर्माण र कार्यान्वय गरी सक्रिय बनाइनुपर्ने र लैङ्गिक हिंसासम्बन्धी कानुनबारे सचेतनामूलक कार्यक्रम चलाउनुपर्ने जस्ता विषयमा विशेष रूपमा छलफल गरिएको थियो ।

### १४. हानिकारक परम्परागत अभ्याससम्बन्धी अन्तरक्रिया कार्यक्रम

ओरेकले सामुदायिक संस्थाहरूसँगको समन्वयमा उदयपुरको लिम्चुङबुङ गाउँपालिकाको रौतामाई, पोखरी, उदयपुरगढी, हाडेवास, बाहुनीटार, नरेटार र दाङ जिल्लाको दंगीशरण गाउँपालिकामा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा हानिकारक परम्परागत अभ्यास र यसले महिला तथा किशोरीमा पार्ने असरको सम्बन्धमा १० वटा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रममा अझै पनि समुदायमा जातका आधारमा गरिने विभेद, बालविवाह, महिनावारीको समयमा गरिने विभेद जस्ता कारणले महिला तथा किशोरीहरूले हिंसा खेप्नुपरेको तीतो यथार्थ हामीसामू रहेको छ । सरकारका नीति नियम तथा कानुनहरूले हानिकारक परम्परागत अभ्यासका आधारमा हुने हिंसालाई केही सम्बोधन गरेपनि त्यसको कार्यान्वयन पक्ष निकै फितलो भएका कारणले यस्ता प्रकृतिका हिंसा नियन्त्रण हुन नसकेकामा सहभागीहरूले जोड दिएका थिए । साथै आफ्नो परम्परा, संस्कार र संस्कृति तोड्न नहुने तर तिनीहरूमा रहेका नराम्रा अभ्यासहरूलाई विस्तारै परिवर्तन गर्दै समाज रूपान्तरण गर्नु आजको आवश्यकता रहेको विषयमा समेत छलफल भएको थियो । समाज रूपान्तरणका लागि समाज, समुदाय र व्यक्ति स्वयम्‌को भूमिका महत्वपूर्ण हुनेमा जोड दिइएको थियो । कार्यक्रमा ४६४ जना महिला र १०३ जना परुष गरी जम्मा ५६७ जनाको उपस्थिति रहेको थियो ।

**१५. महिला सदस्यहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न**



नोभेम्बर २८ मा ओरेक र जिल्ला प्रहरी कार्यालय उदयपुरको संयुक्त आयोजनामा त्रियुगा नगरपालिकामा रहेका १६ वटै वडाहरूका महिला वडा सदस्यहरूसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । समुदायमा भएका महिलाका सवालहरूको पहिचान गर्ने तथा सम्बोधनका लागि सरोकारवालाको ध्यानाकर्षण गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा त्रि. न. पा १६ नं वडाका वडा सदस्य गोमा कार्कीले आफू जनप्रतिनिध भएर काम गर्नुअघि महिलाका समस्या छैनन् जस्तो लाग्थ्यो तर आज जनप्रतिनिधि भएर वडामा काम गर्दा घटना नभएको हैन भित्रभित्रै लुकाइएको रहेछ भन्ने लाग्छ । जब महिलामाथि भएका हिंसाका घटनाहरू बाहिर आउँछन् समाजले न्यायिक प्रक्रियामा लैजानुभन्दा पनि घर र समुदायभित्रै ढाकछोप गर्न खोज्ने प्रवृत्तिले हिंसा प्रभावित महिलाहरूको न्याय प्राप्तिमा चुनौती देखिएको बताएकी थिइन् । साथै कार्यक्रममा महिलामाथि भएका हिंसाका घटनाहरू पहिलाभन्दा बाहिरआउन थालेका छन् तर अझै पनि सबै हिंसा प्रभावितहरूले आफूमाथि भएका हिंसाको घटना बाहिर आउने वातावरण तयार हुन नसकेकोमा दुःख व्यक्त गर्दै यसका लागि टोलटोलमा गएर सचेतनाका कार्यक्रम गर्न आवश्यक रहेको बताएकी थिइन् । यस्तै जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरिक्षक सुवास चन्द्र बोहोराले समुदायमा रहेका महिलाका विशेष समस्याहरूलाई लिएर ओरेकले निरन्तर रूपमा गरेका कार्यक्रमहरू प्रशंसनीय रहेको बताउँदै यस अभियानलाई निरन्तर सञ्चालन गर्न शुभकामना दिएका थिए । ओरेकले गर्ने जुनसुकै अभियानमा जि.प्र.का ले सँधै समन्वय र सहकार्य गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका थिए ।

**१६. स्थानीय सरकारका रणनीति तथा हिंसा प्रभावित महिलाहरूको सवालको सम्बोधन विषयक सरोकारवालाहरूसँग समन्वय बैठक**



ओरेक उदयपुर तथा त्रियुगा र बेलका नगरपालिकासँगको संयुक्त आयोजनामा हिंसाका घटनाहरूको अवस्था तथा स्थानीय सरकारका रणनीति तथा कार्ययोजनाले हिंसा प्रभावितहरूको आवश्यकता कसरी सम्बोधन गरिरहेको छ भन्ने विषयमा छलफल गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा लैङ्गिक हिंसा प्रभावितहरूको आवश्यकतालाई सम्बोधन हुने गरी नगरमा सम्पन्न भएका र योजनामा रहेका कार्यक्रमहरूको बारेमा नगर प्रमुख तथा उपप्रमुख साथै प्रतिनिधिहरूले जानकारी गराएका थिए । कार्यक्रममा पालिकाका प्रमुख तथा उपप्रमुखहरूले हिंसा नियन्त्रणका लागि महिलाहरूको आर्थिक सशक्तीकरणमा पनि जोड दिनुपर्ने भएकाले हिंसा प्रभावित महिलाहरूको जीविकोपार्जन सुधारका कार्यक्रमहरूपालिका तथा वडाबाट सञ्चालन भइरहेको र आगामी दिनमा समेत यसलाई निरन्तरता दिँदै जाने प्रतिबद्धता व्यक्त गरेका थिए । कार्यक्रममा पालिकाका मेयर, उपमेयर तथा न्यायिक समितिका संयोजक वडा अध्यक्ष, कार्यपालिका सदस्यहरू, वडा सदस्य, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि, कानुनी सल्लाहकार हिंसा प्रभावित महिलाहरूसहित १०९ जना (महिला-६६ र पुरुष-४३) को उपस्थिति रहेको थियो ।

**१७. लैगिक हिंसा नियन्त्रणमा सञ्चारकर्मीहरूको भूमिकाको विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न**

लैङ्गिक हिंसा नियन्त्रण तथा हिंसा प्रभावितहरूका लागि आवश्यक सहयोगी संयन्त्रको प्रभावकारी व्यवस्थापनका लागि पैरवी

गर्ने उद्देश्यले उदयपुर, दाङ तथा सिराहा जिल्लामा सञ्चारकर्मी तथा अन्य सरोकारवालाहरू गरी १०० जनाभन्दा बढीको उपस्थितिमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो। ओरेकको आयोजना तथा स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा आयोजना गरिएको कार्यक्रममा हिंसा प्रभावित महिलाहरूलाई समुदायमा पुनर्स्थापित गर्न सुरक्षावास तथा मनोविमर्सकर्ताको ठूलो भूमिका रहेकाले प्रत्येक पालिकाले हरेक वडामा मनोविमर्शकर्ताको व्यवस्था तथा सुरक्षावास सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिइएको थियो। हिंसाका घटनामा प्रभावितहरूलाई आवश्यक सहयोगी संयन्त्र स्थापना तथा त्यसको प्रभावकारी व्यवस्थापनका लागि पैरवी गर्ने महत्वपूर्ण जिम्मेबारी पत्रकारको पनि रहेकाले पत्रकारहरूले सही सूचनामा आधारित भई सत्य, तथ्य र संवेदनशील समाचार प्रसारणमा जोड दिनुपर्ने कुरा कार्यक्रमका क्रममा सहभागीहरू मर्फत आएको थियो। कार्यक्रममा पत्रकारहरूले पनि लैङ्गिक हिंसा नियन्त्रणका लागि आफूहरू निकै संवेदनशील रहेकाले निरन्तर रूपमा सत्य र तथ्य सूचनालाई संवेदनशीलताका साथ प्रस्तुत गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका थिए।



**१८. लैङ्गिकतामा आधारित हिंसा उपसमूहको तथ्याक्त तथा सूचना व्यवस्थापनसम्बन्धी अन्तर्क्रिया कार्यक्रम**

ओरेकले लैङ्गिक हिंसा विषयगत उपक्षेत्रअन्तर्गत तथ्याङ्क समूहमा रही निर्माण भएको लैङ्गिक हिंसाको एकीकृत तथ्याङ्क संकलनका लागि तयार भएको जीबीभी ड्यासबोर्ड, निर्देशिका र सर्भे प्रश्नावलीहरूमा छलफल गरी यसलाई अन्तिम रूप दिने उद्देश्यले २९ नोभेम्बरमा एक दिने अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो।महिला तथा बालबालिका विभागसँगको समन्वयमा आयोजना गरिएको यस कार्यक्रममा संघीयस्तरमा रही लैङ्गिक हिंसाका क्षेत्रमा प्रत्यक्ष रूपमा कार्य गरिरहेका सरोकारवालाहरूसहित १४ जनाको (महिला- १०, पुरुष- २ र यौनिक तथा लैङ्गिक अल्पसंख्यक-२) उपस्थिति रहेको थियो।

कार्यक्रममा बोल्दै महिला तथा बालबालिका विभागका निर्देशक मिरा शेरचनले लैङ्गिक हिंसा उपसमूहको तथ्याङ्क समूह गठन गर्नुको उद्देश्यमाथि प्रकाश पारेकी थिइन्। शेरचनका अनुसार लैङ्गिक हिंसासम्बन्धी एकीकृत तथ्याङ्क संकलन गर्न, यसलाई मानवीय सहायताका कार्यक्रमहरू निर्माण गर्न हाल भएका क्रियाकलापहरूले समेट्न सकेको छैन। यसको सम्बोधन गर्न र विपदको अवस्थामा लैङ्गिक हिंसाका घटनाहरूको अवस्था, प्राथमिकताका क्षेत्रहरू छुट्याई समग्रमा कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिँदै स्रोतहरूको बाँडफाँटमा एकरूपता ल्याउन एकीकृत तथ्याङ्कको आवश्यक्ता रहेको बताएकी थिइन्।

कार्यक्रममा लैङ्गिक हिंसा विषयगत उपक्षेत्रले तयार गरेको निर्देशिका र त्यहाँ भएका खण्डीकृत तथ्याङ्कहरूको बारेमा छलफल गरिएको थियो। साथै तथ्याङ्क संकलनको सहजताबारे छलफल गर्दा तथ्याङ्क संकलनसम्बन्धी निर्देशिकामा नै आधारित भई तालिम सञ्चालन गर्नुपर्ने र तथ्याङ्कलाई अझ खण्डीकृत गर्नुपर्ने कुरा आएका थिए।

हाल समाजमा समलिङ्गी महिला तथा पुरुषहरूमा पनि विविध प्रकारका हिंसाका घटनाहरू भएको पाइएको छ। त्यसैले महिला, पुरुष तथा ननवाइनरीले मात्र हिंसा प्रभावितको दायरालाई समेट्न नसक्ने भएकाले विशेषगरी यौन अभिमुखीकरणलाई लैङ्गिक खण्डीकृत तथ्याङ्कमा समावेश गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए। साथै उमेर समूह तथा अपाङ्गताको वर्गीकरण गर्दा नेपाल सरकारले निर्धारण गरेको वर्गीकृत तथ्याङ्कलाई आधार मान्नुपर्ने कुरा पनि छलफलको क्रममा आएको थियो।

**१९. लैङ्गिक हिंसाप्रति संवेदनशीलता र हिंसा प्रभावितको पुनर्स्थापना विषयक दुई दिने तालिम सम्पन्न**

तुलसीपुर उपमहानगरपालिका वडा नं १२ को आयोजना तथा ओरेक दाङको सहकार्यमा तुलसीपुरमा लैङ्गिक हिंसाप्रति संवेदनशीलता र हिंसा प्रभावितको पुनर्स्थापनाको सम्बन्धमा मेलमिलापकर्ताहरूलाई दुई दिने तालिमको आयोजना गरिएको थियो। लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत लैङ्गिक हिंसाभित्रको संवेदनशीलता व्यवस्थापन र हिंसा प्रभावितहरूको पुनर्स्थापनाका लागि वातावारण तयार गर्ने उद्देश्यले दुई दिने तालिमको आयोजना गरिएको थियो। दुई दिनसम्म सञ्चालन भएको उक्त तालिमको सहजीकरण उच्च अदालत तुलसीपुरका रजिष्ट्रार यमबहादुर बुढा, महिला अधिकारकर्मी पदमा चौधरी, बालबालिका तथा महिला शाखा अधिकृत माया श्रेष्ठलगायतले गरेका थिए। तालिममा सहजीकरण गर्दै वडाध्यक्ष सूर्य बहादुर डाँगीले वडामा लैङ्गिक

हिंसा न्यूनीकरण र हिंसामा प्रभावितहरूले सहज र प्रभावितमैत्री वातावरणमा न्याय प्राप्तिको आधार तयार गर्नका लागि यस तालिमको आयोजना गरिएको बताएका थिए । साथै आफ्नो पालिकामा पहिला हिंसा नै नहोस् भन्ने हो तर हिंसा भएपनि प्रभावितको सहज न्याय प्राप्तिको वातवारण तयार गर्नका लागि पनि यस तालिमको आवश्यकता रहेकोमा जोड दिएका थिए । साथै तालिमको समापनमा बोल्दै तुलसीपुर उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत मोहन पौडेलले कुरा आधुनिक सोच परम्परागत भएका कारणले हिंसा नियन्त्रण हुन नसकेको बताएका थिए । समाजमा विभिन्न लैङ्गिक हिंसाहरू हुने गरेका छन्, हिंसा नहुने वातावरण सिर्जनाका लागि सुरुवात स्वयम् व्यक्ति आफैँबाट हुनुपर्ने अनिमात्र हिंसा नियन्त्रण सम्भव हुने उनको भनाइ थियो । तालिममा मेलमिलापकर्ता, जनप्रतिनिधि, महिला टोलविकास संस्थाका अध्यक्षहरूसहित १६ जना पुरुष र १४ जना महिला गरी ३० जनाको सहभागिता रहेको थियो ।



## २०. लैङ्गिक हिंसा तथा बालविवाह विषयक संवाद कार्यक्रम



लैङ्गिक हिंसा र बालविवाह न्यूनीकरणको पैरवी गर्ने उद्देश्यले रूपन्देही जिल्लाको ओमसोतिया गा.पा., लुम्बिनी नगरपालिका र शुद्धोधन गा.पा. मा डिसेम्बर ८, ९ र १० मा संवाद कार्यक्रमको आयोजना गरिएको थियो । किशोरी अधिकार मञ्चले पालिकाहरूसँगको समन्वयमा सञ्चालन गरेको उक्त कार्यक्रमहरूमा न्यायिक समितिका सदस्यहरू, जनप्रतिनिधि र किशोरकिशोरीहरूसहित १३३ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा न्यायिक समितिहरूमा आउने लैङ्गिक हिंसाका घटनाको अवस्था, घटनालाई सम्बोधन गर्ने क्रममा आएका चुनौतीहरूका विषयमा छलफल भएको थियो । साथै किशोरीहरूले बालिका तथा किशोरीहरूभित्रको अन्तर विविधतालाई सम्बोधन गर्ने अनुरूपको नीति तथा योजना निर्माण गर्नुपर्ने, हानिकारक परम्परागत अभ्यासविरुद्ध स्थानीयतहदेखि नै अभियानहरू सञ्चालन गर्नुपर्ने, सबै स्थानीय तहमा बालबालिका राहत कोष स्थापना गर्नुपर्ने, सबै स्वास्थ्य संस्थाहरूमा बालिका/किशोरीमैत्री स्वास्थ्य सेवाको सुनिश्चितता हुनुपर्ने, बालिका तथा किशोरीहरूको हिंसारहित सार्वजनिकस्थल निर्माणका लागि योजना बनाई कार्यान्वयन गनुपर्ने आदिजस्ता सवाललाई समेटेर १४ बुँदे मागपत्र प्रस्तुत गरी गाउँपालिका प्रमुखलाई बुझाएका थिए । कार्यक्रममा बोल्दै गा.पा. प्रमुखहरूले किशोरीहरूले हिंसा न्यूनीकरणका लागि गरेको यस कार्यक्रम प्रशंसनीय भएको र आगामी दिनमा हिंसा न्यूनीकरणका लागि किशोरीहरूलाई कार्यक्रमहरू ल्याउन आग्रह गर्दै पालिकाबाट हिंसा न्यूनीकरणका लागि बजेट बिनियोजन गर्ने र उनीहरूसँगको सहकार्यमा काम गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका थिए ।

## २१. लैङ्गिक हिंसाका घटना व्यवस्थापनसम्बन्धी दुई दिने तालिम

ओरेकले कर्णाली प्रदेशमा लैङ्गिक हिंसाका क्षेत्रमा प्रत्यक्ष रूपमा काम गरिरहेका सेवा प्रदायकहरूका लागि घटना व्यवस्थापन, प्रभावित केन्द्रित सिद्धान्तको प्रयोगको आवश्यकता, घटनाप्रतिको संवेदनशीलता र सुरक्षित सम्प्रेषणसम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले दुई दिने तालिमको आयोजना गरेको थियो ।

सामाजिक विकाश मन्त्रालय र कर्णाली प्रदेशसँगको समन्वयमा १८ र १९ नोभेम्बरमा सञ्चालन गरिएको यस तालिममा सोही प्रदेशका सुर्खेत, दैलेख, जुम्ला, रुकुम पश्चिम र सल्यान जिल्लाका सहभागीहरू रहेका थिए । तालिममा एकद्वार संकट व्यवस्थापन केन्द्र,

सुरक्षावास, नेपाल प्रहरीभित्र महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत कर्मचारी, न्यायिक समिति, सामाजिक विकाश मन्त्रालय कर्णाली प्रदेशका महिला बालबालिका महाशाखाका प्रतिनिधि, कल्याणकारी अपाङ्ग संघका प्रतिनिधि, निलहीरा समाजका प्रतिनिधि तथा अन्य सेवा प्रदायकहरू गरी जम्मा २२ जनाको (१ पुरुष, २० महिला र १ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक) सहभागिता रहेको थियो। तालिमको सहजीकरण ओरेक र युएनएफपीएका परामर्शदाता, प्रहरी प्रतिनिधि र लैङ्गिक हिंसा विषयगत उपसमूहले तयार गरेको निर्देशिकामा आधारित भई गरिएको थियो।





लैङ्गिक हिंसासम्बन्धी अवधारणागत स्पष्टता, घटना व्यवस्थापनका आधारभूत चार सिद्धान्तहरू (सुरक्षाको अधिकार, गोपनियताको अधिकार, स्वनिर्णयको अधिकार र अविभेदको प्रयोगको आवश्यकता) प्रभावित केन्द्रित अवधारणा, प्रहरीमा आउने लैङ्गिक हिंसाका घटनाका स्वरूप, समस्या, चुनौतीहरू र राम्रा अभ्यासहरूका विषयमा तालिममा छलफल भएको थियो।




लैङ्गिक हिंसाका घटना व्यवस्थापनका क्रममा हालसम्म पनि राजनीतिक दबाब, झन्झटिलो कानुनी प्रक्रिया, प्रभावितहरूलाई डर, धाक धम्की देखाई पैसाको प्रलोभनमा पारी केश बिचैमा छाड्नुपर्ने बाध्यता छ। त्यसैगरी घटनामा काम गर्ने व्यक्तिहरूलाई सुरक्षाको चुनौती, लिखित प्रमाणहरूको अभावमा प्रभावितहरूलाई न्याय प्राप्तिमा कठिनाई भएका सवालहरूलाई सहभागीहरूले उठाएका थिए। त्यस्तै व्यक्तिगत घटना दर्ता विशेषगरी विवाह दर्ता, बच्चाको जन्मदर्ता, नागरिकताको अभावमा घटनालाई न्यायिक प्रक्रियामा लैजान नसक्नु, उजुरीको हद म्याद गुज्रेपछि मात्रै घटनाहरू आउनु, सेवा प्रदायकहरूमा विषयगत दक्षताको कमी जस्ता कुराहरूले घटनामा काम गर्न असहज भएको सहभागीहरूले जनाएका थिए।

तालिममा समावेश भएका विषयवस्तुहरू समय सापेक्ष र कामसँग सम्बन्धित भएकाले समग्र तालिम उपलब्धिमूलक भएको र विषयगत रूपमा दक्षता अभिवृद्धि भई आगामी दिनमा काममा सहजता ल्याउने अपेक्षा सहभागीहरूले राखेका थिए।

### २२. मानव अधिकार रक्षकहरूको समष्टिगत क्षमता अभिवृद्धि तालिम

महिला हिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा मानव अधिकार रक्षकहरूको समष्टिगत क्षमता अभिवृद्धि तालिम - पुनर्ताजगी कार्यक्रम २ र ३ डिसेम्बर २०२१ मा काठमाडौंमा सम्पन्न भएको थियो। कार्यक्रममा विभिन्न जिल्लाबाट २६ जना मानव अधिकार रक्षकहरूको उपस्थिति रहेको थियो। २६ जना सहभागीमध्ये २१ जना महिला, २ जना पुरुष, ३ जना यौनिक तथा लैंङ्गिक अल्पसंख्यक समुदायबाट हुनुहुन्थ्यो। तालिममा दुई जना अपाङ्गता भएका व्यक्तिको सहभागिता रहेको थियो।

अघिल्लो तालिममा छलफल गरिएका व्यक्तिगत, संस्थागत, डिजिटल र मनोसामाजिक सुरक्षाका विषयहरूलाई अझै स्पष्ट पार्न र मानव अधिकार रक्षकहरूकालागि वृहत्तर ज्ञानमा सघाउ पुगोस् भन्ने उद्देश्यले सञ्चालन गरिएको पुनर्ताजगी तालिमलाई जम्मा ४ वटा सत्रमा विभाजन गरिएको थियो। जसमा मानव अधिकार रक्षकसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयन्त्रहरू, समुदायस्तरमा

भए/गरेका काम र प्रयास, डिजिटल रूपमा कसरी सुरक्षित हुने र मानव अधिकारभित्रका अन्तरसम्बन्धित विषयवस्तुहरूमा छलफल भएको थियो । मानव अधिकार रक्षकहरूको सम्मान, पहिचान र सुरक्षाका लागि हाल नेपालमा नीति, नियम, ऐन, कानुन खासै नरहेकाले यसकालागि राष्ट्रिय मानव अधिकार आयोगलगायत सबैले पहल गर्नुपर्ने निश्कर्ष कार्यक्रमको रहेको थियो । तालिममा विभिन्न अधिकार जस्तै महिला अधिकार, दलित अधिकार, अपाङ्गता अधिकार, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकार, पत्रकारिता मार्फत मानव अधिकारको विषय उठान गर्ने पत्रकार र युवा तथा बालअधिकारको क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरूको उपस्थिति र अनुभव आदान-प्रदानले छलफलहरूलाई उपलब्धिमूलक बनाएको थियो ।

### २३. एक दिने लैङ्गिक हिंसाको संशोधित निर्देशिकामा आधारित तालिम

ओरेकले एक दिने लैङ्गिक हिंसाको संशोधित निर्देशिकामा आधारित तालिम, प्रदेश नं २ को धनुषामा २१ डिसेम्बर २०२१ र कर्णाली प्रदेशको सुर्खेत जिल्लामा २७ डिसेम्बर २०२१ मा सम्पन्न गरेको थियो । तालिममा धनुषा, रुकुम पश्चिम, सुर्खेत, सल्यान, जुम्ला र जाजरकोटका जम्मा ४२ जना प्रहरीहरूको सहभागिता रहेको थियो ।

लैङ्गिक हिंसाको संशोधित निर्देशिकामा छलफल गर्ने, प्रहरीले हिंसाका घटनाहरू निष्पक्ष रूपमा कसरी छानबिन गर्ने र संवेदनशील रूपमा सेवा प्रवाह कसरी गर्ने भन्ने विषयमा छलफल गर्नु तालिमको उद्देश्य रहेको थियो ।

तालिममा सहभागीहरूले लैङ्गिक हिंसाको केसमा काम गर्दा भोग्नुपरेका चुनौतीहरूबारे छलफल भएको थियो । लामो र झन्झटिलो कानुनी प्रक्रियाले गर्दा प्रभावितहरू न्याय प्राप्त गर्न निरुत्साहित हुने गरेको, लैङ्गिक हिंसासम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरू कार्यान्वयन नभएको, भौगोलिक समस्याहरूले गर्दा सेवा प्रदान गर्न गाह्रो भएको, सामाजिक सञ्जाल र इन्टरनेटको दुरुपयोगले गर्दा प्रभावितहरूको गोपनियता भंग हुने, राजनीतिक दबाबले केसहरू रोकिने, प्रहरीहरूले केसहरू लुकाउने गर्छन् भन्ने मानसिकता मानिसहरूमा रहेका कुराहरू सहभागी प्रहरीबाट आएको थियो ।

तालिमबाट ४२ जना प्रहरीहरू लैङ्गिक हिंसाको संशोधित निर्देशिकामा प्रशिक्षित भई प्रभावित केन्द्रित अवधारणाहरूमा संवेदनशील भई आगामी दिनहरूमा सेवाहरू सक्रिय र सहानुभूतिका साथ प्रदान गर्ने प्रतिबद्धता जनाएका छन् । तालिमले आगामी दिनमा हिंसा प्रभावितकालागि संवेदनशील भई सेवा प्रवाह गर्न सेवा प्रदायकको क्षमतामा अभिवृद्धि गर्न सफल भएको छ ।

### २४. लैङ्गिकतामा आधारित हिंसासम्बन्धी सुरक्षित र नैतिक तथ्यांक संकलन व्यवस्थापनसम्बन्धी तीन दिने तालिम



लैङ्गिकतामा आधारित हिंसासम्बन्धी राष्ट्रिय तथ्याङ्कको अभावले उत्पन्न समस्यालाई मध्यनजर गर्दै विभिन्न संस्था तथा सरोकारवालाहरूले संकलन गरेका तथ्याङ्कहरूलाई एकीकृत गर्दै लैङ्गिक हिंसा विषयगत उपसमूहले तयार गरेको जीबीभी ड्यासबोर्ड मार्फत नैतिक र सुरक्षित तरिकाले तथ्याङ्क संकलन र व्यवस्थापन गर्न ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यका साथ ओरेकले महिला तथा बालबालिका विभागसँगको सहकार्यमा "लैङ्गिकतामा आधारित हिंसासम्बन्धी सुरक्षित र नैतिक तथ्याङ्क संकलन र व्यवस्थापनसम्बन्धी तीन दिने तालिम"को आयोजना गऱ्यो । २०७८ मंसिर २२ देखि २४ गतेसम्म काठमाडौँमा आयोजना गरिएको तालिममा तीन जना पुरुष र २१ जना महिला गरी २४ जनाको सहभागिता रहेको थियो ।

साथै २०७८ पुस७ र ८ मा संस्थाले महिला मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय प्रदेश नं २ सँगको समन्वयमा प्रदेश स्तरीय "लैङ्गिकतामा आधारित हिंसासम्बन्धी सुरक्षित र नैतिक तथ्याङ्क संकलन र व्यवस्थापनसम्बन्धी दुई दिने तालिम" प्रदेश नं २ मा सञ्चालन गऱ्यो । तालिममा ९ पुरुष, १५ महिला र दुई जना यौनिक तथा लैङ्गिक अल्पसंख्यकको उपस्थिति रहेको थियो ।

दुवै तालिममा लैङ्गिक हिंसाका क्षेत्रमा तथ्याङ्क संकलन तथा व्यवस्थापन गरिरहेका प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्र, न्यायिक समिति, सुरक्षावास, मानव अधिकार आयोग, इन्सेक, निलहीरा समाज, अपांग महासंघ, महिला तथा बालबालिका विभाग,

महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालयलगायत सरकारी तथा गैरसरकारी संस्थाका तथ्याङ्कमै क्षेत्रमा काम गरिरहेका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

तालिमको अन्त्यमा सहभागीहरूले कार्यक्रमबाट कसरी नैतिक र सुरक्षित तरिकाले तथ्याङ्क संकलन गर्ने भन्ने बारेमा विश्व स्वास्थ्य संगठनले तयार गरेको निर्देशिका, प्रभावित केन्द्रित सिद्धान्तहरू र सूचना व्यवस्थापनबारे जानकार भई काममा सहयोग पुग्ने कुरा व्यक्त गरेका थिए।

**२५. महिलामाथि हुने हिंसा, यसले महिला स्वास्थ्यमा पार्ने असर र स्थानीय तहको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम**

१६ दिने अभियानको अवसरमा उदयपुरको लिम्चुङबुङ, रौतामाइ, उदयपुरगढीमा ओरेक उदयपुरको आयोजनामा र महिला बालबालिका तथा ज्येष्ठनागरिक शाखा कार्यालय, वडा कार्यालय र रौतामाई गाउँपालिकामा जाल्पाको एकीकृत समाज विकासको सहकार्यमा हिंसाले महिलाको प्रजनन तथा मानसिक स्वास्थ्यमा पर्ने असर र यसको सम्बोधनमा स्थानीय तहको भूमिका विषयक तीनवटा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा हिंसाले महिलाहरूको स्वास्थ्यमा कसरी असर गरिरहेको छ भन्ने सवालहरूमा ओरेकमा अभिलेख भएका तथ्यांकहरूसहितको प्रस्तुतीकरण गरिएको थियो। साथै स्थानीय तहले यसलाई सम्बोधन गर्न आगामी दिनमा योजना निर्माण गर्दा समावेश गर्नुपर्ने सवालहरूको सम्बन्धमा छलफलसमेत गरिएको थियो। कार्यक्रममा बोल्दै जनप्रतिनिधि टंक बहादुर श्रेष्ठले महिला स्वास्थ्यको सवालमा ओरेकले निकै लामो समयदेखि काम गर्दै आएकाले योजना निर्माण गर्ने क्रममा ओरेकको समन्वय तथा सहकार्य आवश्यक रहेकोसमेत बताउनुभएको थियो। कार्यक्रममा सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, महिला अधिकारकर्मीहरू युवा सञ्जाल, बालक्लब, महिला, युवा समूह तथा सञ्जाल र शिक्षकहरूसहित १८२ जना महिला र ६४ जना पुरुषगरी जम्मा २४६ जनाको उपस्थिति रहेको थियो।

**२६. विद्यालय शिक्षा कार्यक्रम**




यस अवधिमा कैलाली, दाङ, सिरहा, काठमाडौ जिल्लाका विभिन्न सामुदायिक तथा सरकारी विद्यालयहरूमा ४० वटा विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा विद्यार्थीहरूलाई, किशोरावस्थाका विशेषता, यस अवस्थामा जान्नैपर्ने कुराहरू यौन तथा प्रजनन स्वास्थ्य, मानव बेचबिखन तथा ओसारपसार, छिटो विवाह, लागूपदार्थ दुर्व्यसनी, लैङ्गिक समानता, यौन हिंसा तथा दुर्व्यवहार र मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा यौन जन्य अपराध तथा बलात्कारसम्बन्धी भएको व्यवस्थाका बारेमा जानकारी दिइएको थियो। साथै राम्रो छुवाइ र नराम्रो छुवाइका बारेमा जानकारी दिँदै भिडियो मार्फत स्पष्ट पारिएको थियो। विद्यार्थीहरूलाई नराम्रो छुवाइबाट यौन दुर्व्यवहारको सुरुवात भई यौनजन्य हिंसासम्म हुने भएकाले यस्तो नराम्रो छुवाइबाट बच्ने उपायहरू प्रयोग गरी त्यस्तो छुवाइबाट समयमै जोगिनुपर्दछ। नराम्रो छुवाइ हामीले चिन्ने व्यक्ति, नजिकको साथीहरू, विश्वासिलो व्यक्ति, छिमेकी वा चिनजान नभएका व्यक्तिहरूबाट पनि हुन सक्दछ। आफूलाई यस्तो घटना भएमा आफ्नो सबैभन्दा नजिकको विश्वासिलो व्यक्तिलाई भन्नुपर्छ। विभिन्न स्वरूपमा हिंसाहरू घर, कार्यस्थल, विद्यालय, सार्वजनिकस्थल, बसपार्क, रेष्टुरेण्ट लगायतका ठाउँमा हुन सक्दछन्। हिंसा सहेर बस्नु हुँदैन, उपयुक्त समाधानको खोजी गर्नुपर्दछ। समाजमा हिंसा पीडित/प्रभावित कोही भएमा उनीहरूलाई सक्दो सहयोग गर्नुपर्दछ। हिंसा कानुन विपरीतका कार्य हो र हिंसा गर्ने व्यक्तिलाई कानुनी कारबाही हुन्छ। हामी आफूले पनि हिंसा गर्नुहुँदैन र अरूले गरेमा पनि हिंसा सहेर बस्नु हुँदैन भन्ने विषयमा जानकारी दिएको थियो। यस अवधिमा विद्यालय शिक्षा कार्यक्रमबाट १७६३ जना विद्यार्थीहरूले जानकारी पाएका थिए।

**२७. अभिमुखीकरण कार्यक्रम**

समुदायका महिला तथा पुरुष सदस्यहरूमा यौनिक तथा लैङ्गिक विभेदमा आधारित हिंसाको अवधारणागत स्पष्टता गराई समुदायमा हिंसा नियन्त्रण गर्ने वातावरण तयार गर्ने उद्देश्यले ओरेकले मोरङ, कैलाली, दाङ, धनुषा, उदयपुर, सिराहा र काठमाडौंमा समुदायका

महिला तथा किशोरकिशोरीहरू, सेवा प्रदायक निकायहरूलााई लक्षित गरी २४ वटा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । लैङ्गिक विभेदमा आधारित हिंसा र सम्बन्धित कानुनी व्यवस्था, संविधानमा महिला अधिकार, हानिकारक परम्परागत अभ्यास, मानव बेचबिखन, सार्वजनिकस्थलमा महिला तथा बालिकामाथि हुने हिंसा तथा हिंसा नियन्त्रणमा युवाहरूको भूमिका जस्ता विषयमा रहेर सञ्चालन गरिएका कार्यक्रमहरूमा ६४६ जना भन्दा बढीको सहभागिता रहेको थियो ।

**२८. घरदैलो कार्यक्रम**

ओरेकले कार्यक्षेत्रमा रहेका रोहिंग्या, पाकिस्तानी तथा मिश्रित समुदायमा निरन्तर रूपमा उक्त समुदायका महिलाहरूमाथि लैङ्गिक हिंसाका घटनाहरू हुन नदिन घरदैलो कार्यक्रम सञ्चालन गर्दै आएको छ । घरदैलो कार्यक्रममा सामाजिक परिचालक, फिल्ड अफिसर तथा परामर्शकर्ताले समुदायका महिलाहरूलाई यौनिक तथा लैङ्गिक विभेदमा आधारित हिंसा, लैङ्गिक समानता, व्यक्तिगत तथा महिनावारी सरसफाइ, बालविवाह र महिला सशक्तीकरण जस्ता विषयहरूमा छलफल गर्दछन् । सुरुवातको अवस्थामा मुस्लिम धर्ममा विश्वास राख्ने रोहिंग्या समुदायका महिलाहरूलाई छलफल तथा विभिन्न कार्यक्रममा सहभागी गराउन निकै चुनौतीपूर्ण रहेको थियो । कार्यक्रमका बारेमा बुझ्दै गइसकेपछि र घरदैलो कार्यक्रमका क्रममा समुदायका पुरुष सदस्यहरूसँग पनि गरिएको छलफलहरूपश्चात् अहिले काम गर्न सहज भएको छ । यस अवधिमा २६१५ जना व्यक्तिहरूसँग घरदैलो कार्यक्रम सम्पन्न भएका छन् । अहिले उनीहरू संस्थाले आयोजना गरेका विभिन्न कार्यक्रमहरूमा भाग लिन थालेका छन् । साथै आफ्नो समस्याका बारेमा खुलेर बताउन थालेका छन् भने समुदायमा कुनै पनि नकारात्मक घटना भएमा खवर गर्न थालेका छन् ।

**२९. लैङ्गिक हिंसा नियन्त्रणमा युवाहरूको भूमिका विषयक बक्तृत्वकला तथा निबन्ध प्रतियोगिता**




परिवर्तनकासंवाहकका रूपमा रहेका युवाहरूको सकारात्मक सोचको विकासका लागि लैङ्गिक हिंसासम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी कैलाली जिल्लाको कैलारी गाउँपालिका, गौरीगंगा नगरपालिकाका विभिन्न वडाहरू र उदयपुरको भुटारमा गरी ५ वटा बक्तृत्वकला, निबन्ध र हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरिएको थियो । कार्यक्रममा सहभागी विद्यार्थीहरूले समुदायमा रहेका लैङ्गिक हिंसा र यसको नियन्त्रणका लागि सकारात्मक सोचको विकास गर्नुपर्ने, महिलाको शिक्षा तथा आर्थिक सशक्तीकरणमा जोड दिनुपर्ने, अंश र वंशमा महिलाको पुरुषसरह समान अधिकार नभएसम्म हिंसा नियन्त्रण सम्भव नभएकोमा जोड दिएका थिए । बालबालिका काँचो माटो भएकाले घर, समाज, विद्यालयबाट हुने सामाजिकीकरण प्रक्रियामा लैङ्गिक विभेद नहुने वातावरण तयार हुनुपर्ने बताएका थिए । लैङ्गिक हिंसा नियन्त्रणमा युवाहरूको साथै सबैको भूमिका महत्वपूर्ण हुनेमा जोड दिँदै आफ्ना अभिव्यक्ति मार्फत सबैलाई ऐक्यबद्ध भएर काम गर्न आग्रहसमेत गरेका थिए । लैङ्गिक हिंसा नियन्त्रण नहुँदासम्म देश विकासमा समेत नकारात्मक असर पर्ने उनीहरूको भनाइ थियो । व्यक्तिगत रूपमा लैङ्गिक हिंसाको सवालमा रहेर आफना अभिव्यक्तिहरू दिन पाउँदा निकै खुसी भएको र आगामी दिनमा ओरेकलाई यस्ता कार्यक्रम निरन्तर रूपमा राख्न आग्रहसमेत गरेका थिए । यस प्रतियोगितामा ८ वटा विद्यालयका १३ जना प्रतिस्पर्धी विद्यार्थीहरूसहित ६६ जनाको उपस्थिति रहेको थियो । प्रतिस्पर्धी विद्यार्थीहरूमध्ये सबैभन्दा राम्रो अभिव्यक्ति दिने विद्यार्थीहरूलाई विजयी घोषणासमेत गरिएको थियो ।

यसै गरी किशोरकिशोरीहरूलाई लैङ्गिक हिंसाको सम्बन्धमा सचेतना अभिवृद्धि गराउने उद्देश्यले दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिका १०, ११ र १२ वडाका सामुदायिक, निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरूलाई समेटर विद्यार्थी मेलाको आयोजना गरिएको थियो । मेलामा विद्यार्थीहरूले लैङ्गिक हिंसामा खबरदारी गरी चित्रकला प्रतियोगिता, सुरक्षित सार्वजनिकस्थल मेरो अधिकार बिषयक निबन्ध र यौन हिंसा मुक्त विधालय शिर्षकमा गीत तथा कविता लेखन गरी आफ्ना भनाइहरू कलात्मक रूपमा प्रस्तुत गरेका थिए ।

## विषयगत क्षमता अभिवृद्धि

**लैङ्गिक हिंसा प्रभावितहरूलाई अत्यावश्यक सेवा प्रवाहसम्बन्धी न्यायिक समितिका पदाधिकारीहरूलाई पुनर्ताजगी तालिम**

लैगिक हिंसा प्रभावितहरूलाई अत्यावश्यक सेवा प्रवाहमा संवेदनशीलता, गुणस्तरीय सेवा प्रवाह र छिटो र सहज रूपमा सेवाको उपलब्धताका विषयलाई मध्यनजर गर्दै ओरेकले यूएनएफपीए र ईयूसँगको साझेदारीमा एक दिने अत्यावश्यक सेवा प्रदान सम्बन्धित संशोधित निर्देशिकामा आधारित भई सञ्चालन गरिएको थियो। न्यायिक समिति तथा स्थानीय पालिकाका कर्मचारी र अन्य लैङ्गिक हिंसाको क्षेत्रमा कार्यरत सेवा प्रदायकहरूका लागि यस कार्यक्रम केन्द्रित थियो र यो तालिम प्रदेश २ को धनुषा जिल्लामा २० डिसेम्बर २०२१ मा र कर्णाली प्रदेशको सुर्खेत जिल्लामा २६ डिसेम्बर २०२१ मा सम्पन्न गरिएको थियो।



धनुषामा न्यायिक समिति तथा सरकारी कर्मचारीहरू, ओसिएमसी, सेफहाउस र समुदायस्तरमा रहेका महिला सञ्जालका सदस्यहरूतथा मनोसामाजिक कार्यकर्ताहरू गरेर जम्मा २५ जना सहभागी थिए भने सुर्खेतमा सुर्खेत, दैलेख, जुम्लाका न्यायिक समिति तथा सरकारी कर्मचारीहरू गरेर जम्मा २२ जना सहभागीहरूको उपस्थिति रहेको थियो।

यो तालिमको मुख्य उद्देश्य भनेको दुई दिने भर्चुअल तालिमपश्चात् केकस्तो परिस्थिति छ भनी बुझ्ने, सहभागीहरूको लैङ्गिक हिंसाको केसमा संवेदनशील रूपमा सेवा प्रदान गर्न क्षमता अभिवृदि गर्ने र लैङ्गिक हिंसामा आइरहेको समस्याहरू र त्यसको रोकथामको लागि के गर्न सकिन्छ भन्ने बारे छलफल गर्नु थियो। तालिमको बिषय लैङ्गिक हिंसाको अवधारणा र अत्यावश्यक सेवा प्रदान सम्बन्धित संशोधित निर्देशिकामा केन्द्रित थियो।

तालिमको दौरानमा विविध छलफलहरू भएका थिए जसमा विभिन्न किसिमका चुनौतीहरू आएका थिए- लैङ्गिक हिंसाको केसहरूमा सेवा प्रदान गर्दा राजनीतिक दलका दबाबहरू आउने, उचित कानुनको अभाव र भएका कानुनहरूको कार्यान्वयन, मानिसहरूमा लैङ्गिक हिंसा सम्बन्धित जनचेतनाको अभाव, पुराना सामाजिक संरचना र रूढीवादी सोच, सेवाप्रदायक तथा प्रभावितहरू दुवैको सुरक्षाको अभाव, प्रभावितहरूलाई सहायता गर्न उचित बजेटको अभाव र लैङ्गिक हिंसाका केसहरूमा काम गर्ने योग्य मानव स्रोतको अभाव तथा भएकास्रोतलाई उचित किसिमले व्यवस्थापन गर्न नसकेको चुनौतीहरू आएका थिए।




यस तालिमको परिणामस्वरूप ४७ जना सेवाप्रदायकहरू प्रशिक्षित भएका छन्। सेवाप्रदायकहरूले सेवा प्रदान सम्बन्धित संशोधित निर्देशिकामा आधारित विभिन्न सेवा प्रदान गर्ने केन्द्रहरूमा मोनिटर गरेको पाइयो, सेवा प्रदान गर्न सुरक्षित सम्प्रेषण मार्गहरू पनि पहिचान भयो र सहभागीहरूबीच आगामी दिनका लागि समन्वयको वातावरण सिर्जना भएको थियो।

त्यसैगरी लैङ्गिक हिंसाको संशोधित निर्देशिकामा आधारित तालिम, प्रदेश नं २ को धनुषामा २१ डिसेम्बर २०२१ र कर्णाली

प्रदेशको सुर्खेत जिल्लामा २७ डिसेम्बर २०२१ मा सम्पन्न भयो । यो तालिम धनुषाका २५ जना प्रहरीहरूलाई गरिएको थियो भने कर्णाली प्रदेशको रुकुम पश्चिम, सुर्खेत, सल्यान, जुम्ला र जाजरकोटबाट जम्मा १७ जना प्रहरीहरूलाई गरिएको थियो ।

कार्यक्रमको मुख्य उद्देश्य लैङ्गिक हिंसाको संशोधित निर्देशिकामा छलफल गर्ने, लैङ्गिक हिंसाका घटनाहरू संवेदनशील रूपमा कसरी छानबिन गर्ने र प्रहरीहरूले सेवा प्रदान गर्ने स्थिति कस्तो छ भनेर बुझ्ने रहेको थियो । तालिमको विषय भने लैङ्गिक हिंसाको अवधारणा, प्रभावित केन्द्रित अवधारणाहरू र लैङ्गिक हिंसाको संशोधित निर्देशिकामा केन्द्रित थियो ।

तालिममा सहभागी भएका प्रहरीहरूले लैङ्गिक हिंसाको केसमा काम गर्दा भोगेका चुनौतीहरू छलफल गर्दा लामो कानुनी प्रक्रियाहरूले गर्दा प्रभावितहरू न्याय प्राप्त गर्न निरुसाहित हुने गरेको, लैङ्गिक हिंसा सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरू कार्यान्वयन नभएको, भौगोलिक समस्याहरूले गर्दा सेवा प्रदान गर्न गाह्रो भएको, सामाजिक सञ्जाल र इन्टरनेटको दुरूप्रयोगले गर्दा प्रभावितहरूको गोपनियता भंग हुने, राजनीतिक दबाबले केसहरू रोकिने, प्रहरीहरूले केसहरू लुकाउने गर्छन् भन्ने मानसिकता मानिसहरूमा रहेको थियो ।



यस तालिमको परिणामस्वरूप ४२ जना प्रहरीहरू लैङ्गिक हिंसाको संशोधित निर्देशिकामा प्रशिक्षित भएका छन्, प्रभावित केन्द्रित अवधारणाहरूमा संवेदनशील भएका छन् र आगामी दिनहरूमा सेवाहरू सक्रिय र समानुभूतिका साथ प्रदान गर्ने प्रतिबद्धता जनाएका छन् ।

सार्वजनिकस्थलमा हुने महिला तथा किशोरीहरूमाथि हुने हिंसाको अवस्था विश्लेषणसम्बन्धी अनुसन्धान : सार्वजनिकस्थलमा किशोरी र महिलामाथि हुने हिंसाबारे गरिएको यो अनुसन्धान, दाङ, मोरङ र उदयपुरमा गरिएको थियो । अनुसन्धानबाट आएको नतिजा सार्वजनिकीकरण, प्रदेश १, लुम्बिनी प्रदेश र संघमा गरिएको थियो । सो नतिजा सार्वजनिकीकरणसँगै सार्वजनिकस्थलमा किशोरी र महिलामाथि हुने हिंसाविरुद्ध आगामी रणनीति र योजना बनाउनका लागि पैरवी पनि गरिएको थियो । यस अनुसन्धानमा प्रहरी, जनप्रतिनिधि महिला, स्वास्थ्य संस्था, एकद्वार संकट व्यवस्थापन केन्द, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र लगायतका सेवा प्रदायक निकायहरू, महिला तथा किशोरी समूह, मनोपरामर्शकर्ताहरूलाई समेटेर ९ समूह केन्द्रित छलफल र १८ जना मुख्य सूचनादाताहरूसँग गरिएको अन्तर्वार्ताको क्रममा आएको निष्कर्षलाई प्रस्तुतीकरण गरिएको थियो ।



ओरेकले हिंसारहित सुरक्षित सार्वजनिकस्थल निर्माण, सार्वजनिकस्थानमा समान पहुँच तथा महिला तथा किशोरीमाथि हुने हिंसाको अवस्था विश्लेषण गरी तथ्यका आधारमा पैरवी गर्ने उद्देश्यले सार्वजनिकस्थलमा हुने हिंसाका विषयमा २०२१ मा दाङ, मोरङ र उदयपुरमा गरेको अनुसन्धानको सुझावसहितको नतिजा सार्वजनिकीकरण कार्यक्रम मिति २०७९ साउन १७ गते राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिका सभापति माननीय निरुदेवी पालको प्रमुख आतिथ्यतामा सम्पन्न गरेको छ । कार्यक्रममा संसदीय समिति, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग, वन उपभोक्ता महासंघ, प्रहरी, ओसीएमसी, सञ्चारकर्मीहरू, विभिन्न पालिकाका प्रमुख तथा प्रतिनिधिहरू र मानव अधिकारको सवालमा कार्यरत संघसंस्थाहरूसहित ९५ जनाको सहभागिता रहेको थियो । जसमा १३ पुरुष र ८२ जना महिला रहेका थिए ।

सार्वजनिकस्थानमा महिला तथा किशोरीमाथि हुने हिंसाको सवाल अत्यन्तै जल्दोबल्दो समस्याको रूपमा रहेको र सोही सवालसँग




सम्बन्धित रहेर ओरेकले अनुसन्धान गरेर नतिजा सार्वजनिक गरी सम्बन्धित सबै सरोकारवालाहरूलाई आगामी दिनमा सम्बोधन गर्नुपर्ने सवालहरूको बारेमा स्पष्ट रूपमा जानकारी दिएकोमा धन्यवाद दिँदै आगामी दिनमा यस्ताखालका अनुसन्धानहरू गर्दा साँघुरो घेराबाट मात्र नहेरी फराकिलो घेरा र सबै सवालहरू समेट्ने गरी अनुसन्धान गर्नका लागि संस्थालाई सुझाव दिएका थिए । साथै कार्यक्रमका सहभागीहरूले यस सवालमा हरेक निकायबाट सँगसँगै सहभागी हुने प्रतिबद्धता पनि गरेका थिए । सरकारी, गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरू, सेवा प्रदायक निकायहरू सबैले ओरेकले अनुसन्धान गरेर समुदाय तहबाट नै आएका सुझावहरूलाई लिँदै आआफ्नो क्षेत्रबाट काम गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका थिए ।

यसवर्ष संस्थाद्वारा अभिलेख गरेका घटनाका प्रभावित महिलामध्ये ५९५ जनालाई सुरक्षित आवासको सेवा प्रदान गरिएको छ। ४८६ जना हिंसा प्रभावित महिलालाई मनोविमर्श सेवा, २३३ जनालाई कानुनी परामर्श, २०७ जनालाई कानुनी सहयोग प्रदान गरिएको छ। यस्तै सुरक्षितवासमा रहेकाहरूमध्ये १७१ जनालाई विभिन्न विषयमा अभिमुखीकरण गरियो भने उपलब्ध सहयोगी संयन्त्रबारे जानकारी दिइयो। १५० जना प्रभावितलाई स्वास्थ्योपचार तथा सातजनालाई प्रसूति सेवा उपलब्ध गराइएको छ। यस्तै २३२ जना हिंसा प्रभावित महिलालाई लत्ता कपडा र यातायातको सुविधा उपलब्ध गराइएको थियो। साथै सुरक्षितवासमा आएका ५९५ मध्ये २८७ जनाको समस्या बुझी आवश्यक मनोविमर्श सेवासहित पुनर्स्थापना गरियो। दुईजना हिंसा प्रभावित महिलाको अवस्था हेरी आवश्यक सहयोगका लागि अन्य ठाउँमा सीफारिस गरिएको छ।

हिंसा प्रभावित महिलाहरूका लागि सहयोगी संयन्त्र हुँदै नभएका हैनन् । तर अत्यन्तै सीमित संख्यामा रहेका यी संयन्त्रहरूबीच एक आपसमा समन्वयको अभाव, साधन स्रोत र जनशक्तिको अभावका कारण प्रभावकारी रूपमा सञ्चालन हुन सकिरहेका छैनन् र हिंसा प्रभावित महिलाको पहुँच भन्दा बाहिर छन् । उपलब्ध सहयोगी संयन्त्रलाई प्रभावकारी बनाई यसको व्यापक विस्तार गर्न सकेमा महिलाहरूले आफूमाथि भएको हिंसाविरुद्ध बोल्न आत्मविश्वास आउने र प्रोत्साहन हुने गरेको छलफलका क्रममा उनीहरूले बताएका छन् । यस वर्ष संकलन भएका तथ्याङ्कलाई हेर्दासमेत जुन क्षेत्रमा महिलाका लागि सहयोगी संयन्त्रहरू उपलब्ध छन् ती क्षेत्रमा हिंसाका धेरै घटना बाहिर आएका छन् ।


## सुरक्षित आवास मार्फत पाएको सेवा



**३०. ओरेकको हटलाइन सेवा मार्फत सम्पर्कमा आएका महिला हिंसाका घटना**

हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसाबारे सहज रूपमा उजुरी गर्न सकून्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोही पनि महिला न्यायबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेक नेपालले निःशुल्क हटलाइन सेवा सञ्चालन गर्दै आएको छ । जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्दछन् । ओरेक नेपालका हटलाइनमा महिलाले विशेषगरी हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ, उपलब्ध सहयोगी संयन्त्रहरू जस्तै कानुनी परामर्श सहायता, सुरक्षित आवास लगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयहरूमा जानकारी र परामर्श लिने गरेका छन् ।

यस वर्ष ओरेकका दुईवटा कार्यालयमा हटलाइन सेवा मार्फत १४६ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए । जसको विवरण निम्नानुसार उल्लेख गरिएको छ ।




*हटलाइन मार्फत सम्पर्कमा आएका महिला हिंसाका घटनाको प्रकार*

यस वर्ष संकलन भएका कुल १४६ घटनामध्ये ८९ वटा मोरङमा र ५७ वटा काठमाडौंमा हटलाइन मार्फत आएका हुन् ।

विभेदपूर्ण सांस्कृतिक परम्परा, सामाजिक अवरोधहरू, पारम्परिक मूल्य मान्यताहरूका कारण महिला एवं सीमान्तकृत समुदायहरू सधै पीडित भैरहेका छन् । विशेषतः आर्थिक स्रोतहरूमा महिलाहरूको पहुँच तथा नियन्त्रण छैन । उदाहरणका लागि घरजग्गा, कमाएको धन, जमिन, सामुदायिक वन लगायत अन्य प्राकृतिक स्रोतहरू । सांस्कृतिक रूपले महिलाहरूले परिवारका सबैले खाइसकेपछि मात्र खाने चलन छ। सामाजिक रूपले, महिलाहरू पौष्टिक खाना, शिक्षा, निर्णय प्रक्रियामा सहभागी हुने तथा सामाजिक सुरक्षाबाट वञ्चित छन् । यस प्रकारका सामाजिक, आर्थिक, सांस्कृतिक एवं राजनीतिक अभ्यासहरूले महिलाहरूको जीवनलाई जोखिमपूर्ण अवस्थामा पुऱ्याउँछ । उदाहरणका लागि पौष्टिक आहार, प्रजनन तथा उत्पादनमूलक कार्य । यी र यस्ता कहाली लाग्दा अवस्थाहरूमा सुधार ल्याउन राज्यलाई समयोचित रूपमा जवाफदेही बनाउन यस संस्थाले महिलावादी दृष्टिकोणबाट आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको अभियान सञ्चालन गरिरहेको छ। यस संस्थाले विगत लामो समयदेखि महिला तथा सीमान्तकृत समुदायहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि अधिकारमा आधारित अवधारणालाई अँगालेर स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म पैरवी तथा प्रवर्द्धनका कार्यसहित अभियान सञ्चालन गरिरहेको छ।

## ३. आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अभियानअन्तर्गत सम्पन्न प्रमुख गतिविधिहरू

### ३.१. दिगो जीविकोपार्जन कार्यक्रम

दिगो जीविकोपार्जन कार्यक्रमले कृषि, पशुपालन तथा उत्पादकत्व वृद्धि, जीवन उपयोगी सीपकलाको विकास तथा प्रवर्द्धन, खाद्य अधिकार तथा खाद्यमा पहूँच वृद्धिका लागि पहल तथा समन्वय गरी गरिबीको कु-चक्रलाई सम्बोधन गर्ने, स्रोत तथा साधनमाथिको नियन्त्रण तथा समान पहूँच, खाद्य सम्प्रभूताको सुनिश्चितता गरी आत्मनिर्भर हुने गरी जीवनयापन गर्न सहयोग गर्दछ । यस कार्यक्रमअन्तर्गत सचेतनामूलक अभिमुखीकरण, उद्यमशीलता विकास, सघन जैविक खेती प्रणाली, बीउपुँजी सहयोग, पर्यावरणमैत्री नमुना गाउँ निर्माण तथा प्रवर्द्धन, जलवायु अनुकुलन र प्राकृतिक श्रोत व्यवस्थापनका लागि सरोकारवालासंग समन्वय र सहकार्य गर्दै कार्यक्रम सञ्चालन तथा पैरवी गदै आइरहेको छ । यो कार्यक्रम प्रदेश नं. १ (मोरङ, उदयपुर, सुनसरी), प्रदेश नं. २ (सिराहा, धनुषा, महोत्तरी र सर्लाही), लुम्बिनी प्रदेश (दाङ), कर्णाली प्रदेश (रुकुम पश्चिम) र सुदुर पश्चिम प्रदेशमा (कैलाली)मा सञ्चालित थिए, जसबाट ३,१२२ जनामध्ये महिला २६०२ जना र पुरुष २२० जना लाभान्वित भएका थिए ।

**क्षमता अभिवृद्धि तालिम**

**व्यवसायिक तथा सीपमूलक CLA, CAA तालिम सञ्चालन**

यस आर्थिक वर्षमा ओरेकले ४४ जना किशोरीहरूलाई ३ महिने २२ सामुदायिक पशुपालन सहायक, २२ सामुदायिक कृषि सहायक तालिम दिन सफल भएको छ, ३ महिने तालिमको सिकाइबाट सिकेका सीपलाई समुदायस्तरसम्म पुग्ने अपेक्षा गरिएको छ। यसै गरी उदयपुर तालिम केन्द्रबाट हरेक वर्ष नयाँ नयाँ युवा, महिला तथा किशोरीहरूले प्राविधिक सीपमूलक तालिम सिकिरहेका छन् जसबाट ओरेकले काम गरिरहेका जिल्लाहरूका पालिकाहरू तथा समुदायस्तरसम्म नेपाल सरकारको एक वडा एक प्राविधिक कार्यक्रमलाई पनि सहयोग मिल्ने अपेक्षा गरिएको छ।

| तालिम | तालिम लिनेको संख्या | पास आउट हुनेको संख्या |
|---|---|---|
| सामुदायिककृषी सहायक | २२ | ११ |
| सामुदायकपशुपालन सहायक | २२ | ११ |

**किसान समूहका महिलाहरूलाई सुधारिएको पशुपालनसम्बन्धी तालिम**


सैद्धान्तिक र व्यावहारिक सत्र समावेश गरी तीन दिने पशुपालन तालिम धनुषा, महोत्तरी, रुकुम र सर्लाहीमा सम्पन्न गरिएको छ। जसमा १३१ जना महिला किसान समूहका महिलाहरूको सहभागिता रहेको थियो । सैद्धान्तिक सत्रमा बाख्रा र गाईको गोठमा सुधार, स्थलाकृतिअनुसार जातको छनोट, बाख्रा र गाईवस्तुका लागि पौष्टिक दाना, बाख्राका लागि चरण क्षेत्र, पशु स्वास्थ्य व्यवस्थापन लगायतका विषयमा छलफल गरिएको थियो, साथै उपलब्ध पौष्टिक खानाको सदुपयोग पराल र जमिन घाँसको पौष्टिक सम्बर्द्धन,

कम लगानीमा गाईवस्तुको गोठ सुधार, बाख्राको गोठ निर्माणमा स्थानीय सामग्रीको सदुपयोग, सामुदायिक बाख्रा सेवा र व्यवस्थापन आदि विषयमा इच्छुक सहभागीहरूलाई व्यावहारिक सत्रमा सिकाइएको थियो ।

**किसान समूहका महिलाहरूलाई सुधारिएको कृषिसम्बन्धी तालिम**

सैद्धान्तिक र व्यावहारिक सत्रसहित तीन दिने तरकारी तालिम धनुषा, महोत्तरी, सर्लाहीमा सम्पन्न गरिएको छ । उक्त तालिममा समुदायका किसान महिला समूहका ८९ जना महिलाको सहभागिता रहेको थियो । सैद्धान्तिक सत्रमा खेतीका लागि जग्गा तयारी, सौर्यीकरण र यसको महत्व, जैवीक सघन खेती (बीआईएफ), बाली क्यालेन्डरमा आधारित तरकारी खेतीको महत्व, स्थानका लागि मौसमी तरकारी छनोट, बीउ दर गणना, लघु सिँचाइ र झारपात लगायतका विषयमा छलफल भएको थियो । सोका साथै पोस्ट फसल व्यवस्थापनमा जानकारी, एकीकृत कीट व्यवस्थापन फेरोमोन ट्र्याप, र कीटनाशक, जडीबुटी, कीटनाशकहरूको उनीहरूको जीवनमा प्रभाव र यसको जोखिम न्यूनीकरण, र जैविक मलको साथै वैकल्पिक समाधानहरू आदिबारे छलफल गरिएको थियो । व्यावहारिक सत्रमा सहभागीहरूलाई कसरी गर्ने भनेर सिकाइएको थियो जसमा बिरुवा रोप्नका लागि आवश्यक पर्ने स्थान निर्माण, नर्सरी निर्माण, कम्पोस्ट पिट निर्माण र प्राङ्गारिक मल तयार गर्ने र कीरा नियन्त्रणका लागि ड्रिप सिंचाई-स्प्रिंकलर र जालहरू जडान गर्ने काम समेत सम्पन्न गरिएको थियो । साथै, रुकुम जिल्लामा मौसमी तथा बेमौसमी खेतीसम्बन्धी अभिमुखीकरण सञ्चालन गरिएको थियो जसमा १६६ जना लाभान्वित भएका थिए । नर्सरी व्यवस्थापनसम्बन्धी १ दिने अभिमुखीकरणबाट २५५ ले लाभ लिएका थिए ।

**मिथिला कला प्रवर्द्धधनमा सीप वृद्धि र समर्थन सहयोग कार्यक्रम**



जनकपुरधाम उपमहानगरपालिका क्षेत्र मिथिला नगरीको रूपमा परिचित रहेको छ, राजा जनक र सिताको नगरीको रूपमा परिचित यस नगरीमा पौराणिक भित्तेचित्र मिथिला कलालाई संरक्षण र सम्बर्द्धन गर्नका लागि प्रदेश, नगर र यस क्षेत्रका अग्रजहरू पनि लागिपरेका छन् । यस क्षेत्रमा बसोबास गर्ने र काम गर्ने महिलाहरूमा परम्परागत मिथिला कला तालिमको रूपमा रहेको मिथिला चित्रकलालाई व्यवस्थापन, बजारीकरण र अझ बढी सीप प्रदान गर्नका लागि महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले आफ्नो अभियान आर्थिक सामाजिक र सांस्कृतिक अधिकार अभियानलाई संस्थागत गर्ने उद्देश्यले विगत २ वर्षदेखि निरन्तर रूपमा कार्यक्षेत्रका महिला, सीमान्तकृत समुदाय र हिंसा प्रभावितहरूको जीवनस्तरमा थप टेवा पुऱ्याउनका लागि १ महिने मिथिला कला तालिम प्रदान गरिएको छ ।

यस वर्ष प्रदान गरिएको तालिम दोस्रो चरणको तालिम हो (पहिलो चरणको तालिममा पेपरमा मिथिला कला, दोस्रो चरणको तालिममा कपडाको व्याग र मास्क, सिमेन्टको भित्तामा मिथिला कला पेन्ट निर्माणका लागि तालिम प्रदान गरिएको छ । तालिम यस कलालाई नजिकबाट नियाल्नु भएका र यस क्षेत्रमा विगत १२ वर्षदेखि काम गर्नुहुने दक्ष सहजकर्ताबाट तालिम सम्पन्न गरिएको छ ।

**महिला समूहलाई व्यवसाय योजना निर्माणसम्बन्धी अभिमुखीकरण तालिम**



तीन दिने व्यवसायिक तालिम धनुषा, रुकुम र सर्लाहीमा सम्पन्न गरिएको छ, कार्यक्रममा लैङ्गिक हिंसा र यसको असर, महिलाको आर्थिक पहूँचा, सशक्तीकरण, व्यवसाय निर्माण, व्यवसायको महत्व र यसले महिलाको आर्थिक अधिकारमा पार्ने प्रभाब सम्बन्धमा छलफल गरिएको थियो । तालिममा विषेश गरी महिला हिंसा, भनेको के हो ? हिंसाका कारणहरू के के हुन् ? हिंसाका कारण महिलाको स्वास्थ्यमा पारेको असर निराकरणका उपायहरू के के हुन् ?, त्यसै गरी, पैसा र जीवन, पैसाको स्रोत उपयोग आम्दानी सन्तुलन सपनाको यात्रा, बचत, ऋण सेवा प्रदायकहरू र तिनको छनोट, ऋण व्यवस्थापन, व्यवसायिकता, व्यवसायिक योजना विषयमा छलफल केन्द्रित रहेको थियो । छलफलपश्चात् सहभागीहरूले बाख्रापालन भैसीपालन, नाङ्लो, ढकिया, नास्ता पसल, किराना तथा सिलाइकटाइ, किराना पसल,

कस्मेटिक पसल लगायतका व्यवसाय गर्ने भनाइ राखेका थिए। सोपश्चात् १०९ जनाको व्यवसायिक योजना निर्माण कार्य गरी बीउ पुँजी दिइएको छ, उनीहरूले व्यवसाय सञ्चालन गरी जीविकोपार्जन गरिरहेका छन्। ५४ जनालाई बीउ सहयोग पनि दिइएको थियो।

यसैगरी, लैङ्गिक हिंसा प्रभावित, आर्थिक रूपले विपन्न महिलाहरूलाई आयआर्जनमा सहयोग गरी उनीहरूको जीवनस्तर सुधार्ने उद्देश्यका साथ कार्यक्षेत्रबाट केसस्टडी संकलन गरेर, स्थलगत रूपमा सम्बन्धितको घरदैलोमा भेटघाट



गरी स्थानीय प्रतिनिधिहरूको रोहबरमा यस आ.व. मा ६ जना हिंसा प्रभावित महिलाहरूलाई आयआर्जनका निम्ति सहयोग गरिएको छ। प्रतिव्यक्ति रु. ३१,००० का दरले ६ जनालाई १,८६,००० बराबरको सहयोग गरिएको

छ। १ लाख ५० हजार भजनी नगरपालिका वडा नं. ३ को कार्यालयबाट र १ लाख ५० हजार ओ.सी.एम. र १ लाख ओरेकको गरी चार लाखमा १८ जनालाई सहयोग भएको छ। साथै, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) आर्थिक सहयोग र ओरेक कैलालीको समन्वयमा ८ जनालाई सहयोग। साथै, तरङ्गिनी फाउन्डेसनको आर्थिक सहयोग र ओरेक कैलालीको समन्वयमा ४ जना हिंसा प्रभावितलाई सहयोग।

*लेटाङ न.पा.को RMW का सहसचिव मन्जु भुजेलले वडा कार्यालय तथा नगरपालिकाको बजेटमा झोला बनाउने तालिम लिएर अहिले झोला बनाउने तालिमको सहजकर्ता भएर अरू महिलाहरूलाई तालिम दिने काम गरिरहनुभएको छ साथै झोला बनाएर बेचेर दैनिक जीवनयापन गरिरहनुभएको छ भने सोही न.पा. वडा नं ३ का RMW गिता राईले बंगुरपालन व्यवसाय सञ्चालन गरिरहेकी छन्। कानेपोखरी गा.पा. मा वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूले गाउँमा नै आफ्नो व्यवसायहरू सञ्चालन गर्न थालेका छन्। तालिममा सहभागीहरू चियानास्ता पसल र गाईपालन व्यवसाय तथा टनेल तरकारी खेती गरिरहेका छन् र राम्रो आम्दानी गर्न सफल भएका छन्।*

**कृषक पाठशाला सञ्चालन र अभिमुखीकरण**

कृषि कार्यलाई सिक्ने र सिकाउने थलोको रूपमा विकास गर्न ओरेकले मधेस प्रदेशका दलित, सीमान्तकृत समुदायहरूलाई लक्षित गरी कृषक पाठशाला निर्माणका लागि १८ हप्ते कृषक पाठशाला अवधारणाको सुरुवातसँगै नियमित कक्षा सञ्चालन गरिरहेको छ। कक्षा सञ्चालनका लागि ओरेकले स्थानीय तह (वडा कार्यालय) सँग समन्वय गरेको छ। समन्वयपश्चात् जनकपुरधाम उपमहानगरपालिका वडा नं. २० स्थित दुर्गा महिला कृषक समूहका २० जना अगुवा महिला कृषक समूहलाई समेटी विगत ६ महिना देखि नियमित कक्षा सञ्चालन सँगै प्रयोगात्मक अभ्यासलाई पनि जोड दिएको छ। समूहमा समुदायका विपन्न आर्थिक अवस्थामा पछाडि पारिएका महिलाहरूको आर्थिक पहुँचमा वृद्धि गर्नका लागि यस किसिमको अभ्यासको थालनी गरिएको हो। पाठशालाबाट सिकेका सिकाइहरूलाई महिलाहरूले आफ्नो करेसबारीमा वा भाडामा जग्गा लिई उत्पादन बढाउन र बिक्री वितरण गर्न सहयोग पुग्नेछ। पाठशालामा सिकाइने १८ हप्ते कक्षा निःशुल्क कक्षा हो जसमा सहभागीहरूले आफूले नियमित कृषि कामका लागि गरिरहेका क्रियाकलापहरू गर्ने गर्दछन् तर यो प्रविधियुक्त हुन्छ जसका कारण उनीहरूले परम्परागत प्रकारले गर्दै आएका कृषि खेतीबाट भएको उत्पादन र रोग तथा किराहरूले बालीमा पारेको असरका कारण उनीहरूको आर्थिक अवस्थामा परेको असरका कारण खेती कार्यमा उनीहरूको रुची नहुने अवस्थालाई परिवर्तन गर्न सहयोग पुगेको छ। हाल सञ्चालन कृषक पाठशालामा तीनवटा समूहका ६० जना महिलाहरू शसक्त रूपमा अगाडि बढी सीप सिकिरहेका छन्।

*रुपन्देही जिल्लाको शुद्दोधन, ओमसतिया, रोहिणी र मर्चवारी गाउँपालिकाले आयोजना गरेको डल बनाउने तालिममा १५ जना किशोरी अधिकार मञ्चका सदस्यहरु सहभागी भएका थिए। लुम्बिनी सांस्कृतिक नगरपालिकामा ४ जना किशोरीहरु ब्युटिपार्लर तालिममा सहभागी भएका त्यस्तै मकैको फुल बनाउनेमा २, प्याड मेकिङ तालिममा २ र मर्चवारी, रोहिणी, ओमसतियाका १३ जनाले सिलाईकटाई तालिम प्राप्त गरेका थिए।*

# सचेतनामूलक कार्यक्रम

**महिला किसान समूहहरू गठन, पुनर्गठन तथा अभिमुखीकरण**

समुदायका महिलाहरूलाई संगठित तथा एउटै उद्देश्य प्राप्तिका लागि महिला पुनर्स्थापना केन्द्र ओरेकले आफ्ना कार्यक्षेत्रहरूमा महिला किसान समूह गठन, पुनर्गठन तथा दर्ता गर्ने कार्यक्रम सम्पन्न गरेको छ, यस आ.व.मा ६ वटा समूहहरू स्थानीय निकायमा दर्ता भएका छन। साथै दर्ता भएका सामुदायिक संस्थाहरूले पालिकाबाट अनुदान प्राप्त गरी आफ्नो व्यवसाय (तरकारी पसल, तरकारी खेती) गरी जीविकोपाजर्नतर्फ अगाडि बढिरहेका छन्। यस आ.व.मा ८ वटा समूहलाई पुनर्गठन गरी २०२५ जना महिलाहरूलाई समूहमा आवद्धता गराई अभिमुखीकरण गराइएको छ।

**रासायनीक मल तथा बिषादीको नकारात्मक असर बिषयक अभिमुखीकरण**



विषादीको प्रयोगबाट जनजीवनमा हुने प्रत्यक्ष हानी न्यूनीकरणका लागि धनुषा, महोत्तरी, उदयपुर, सर्लाही, रुकुम, दाङ, र रुकुम पश्चिम जिल्लाका समदायका ४९ पुरुष र ११६ महिलाहरूलाई १ दिने रासायनिक मल तथा विषादिको नकरात्मक असर विषयका कार्यक्रम महिला तथा अगुवा कृषकलाई लक्षित गरी सञ्चालन गरिएको छ। यस कार्यक्रममा रासायनिक मल तथा विषादीले मानिसको आमजीवनमा कस्तो असर परेको छ भन्ने विषयमा प्राविधक सहजकर्ताबाट तालिम प्रदान गरिएको थियो, यस प्रकारको तालिमबाट समुदायमा बजारबाट किनेर प्रयोग गर्ने विषादीको प्रयोगको दर घटाउन र जैविक मलको उत्पादन र प्रयोगमा वृद्धि भएको पाइएको छ, महिला कृषकहरूलाई यौन तथा प्रजनन स्वास्थ्यमा पार्ने प्रत्यक्ष असरलाई प्रत्यक्ष न्यूनीकरण गर्नका लागि महिला पुनर्स्थापना केन्द्र (ओरेकले) उदयपुर, धनुषा महोत्तरी, सर्लाही, रुकुम जिल्लामा वानस्पतिक विषादी (झोल मल) निर्माणसम्बन्धी अभिमुखीकरण कार्यक्रम समुदायस्तरमा सञ्चालन गरिएको छ। महिला कृषकहरूलाई लक्षित गरी गरिएको यो कार्यक्रमले प्रत्यक्ष रूपमा महिला, किशोरी र उनीहरूको परिवारमा पनि प्रत्यक्ष सकारात्मक प्रभाव पारेको लक्ष्य लिएको छ।

**जलवायु परिवर्तन, खाद्य सुरक्षा सम्बन्धमा महिला समूहहरूमा अभिमुखीकरण**

नेपालमा जलवायु परिवर्तनको असर परिनैरहेको छ, यसको असरका कारण प्रत्यक्ष रूपमा महिलाहरूलाई असर परिरहेको छ। जलवायु परिवर्तनका कारण वन विनाश हुने, बाढी पहिरो आउने, जसका कारण महिला र किशोरी महिला हिंसामा पर्ने पनि देखिएको छ। यसका लागि महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले सशक्तीकरण कार्यक्रम मार्फत आफ्ना अभियानहरूमा समुदायस्तरसम्म जलवायु परिवर्तन र यसले कृषि खाद्य सुरक्षा र महिलाको यौन तथा प्रजनन स्वास्थ्यमा पार्ने असर विषय अभिमुखीकरण कार्यक्रम धनुषा, सिरहा, महोत्तरी, उदयपुर दाङ जिल्लामा सञ्चालन गरिएको छ, यस आ. व. मा तीनवटा पालिका तथा वडास्तरको र १७ वटा समुदायस्तरको कार्यक्रम सञ्चालन गरिएको छ, यस अभियानमा जम्मा ३६३ जना महिला र २१ जना पुरुषको सहभागिता रहेको थियो।

**सघन जैविक खेतीसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम**

महिला समूहलाई लक्षित गरी एक दिने सघन जैविक खेतीसम्बन्धी अभिमुखीकरण कार्यक्रम धनुषा, महोत्तरी र सर्लाही, सिरहा, उदयपुर, रुकुम जिल्लाका समुदायहरूमा सञ्चालन गरिएको छ, प्रांगारिक खेतीतर्फ उन्मुख गराउने, महिला कृषकहरूको खाद्य अधिकार सुनिश्चितताका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रमा किसान समूहहरूले सघन जैविक खेतीबाट हुने फाइदा महिलालाई पार्ने प्रत्यक्ष सकारात्मक तथा नकारात्मक प्रभाब सम्बन्धमा जानकारी गराइएको थियो। अभिमुखीकरणमा जम्मा ३२१ जना महिलाहरूको सहभागिता रहेको थियो।

# प्रवर्द्धनात्मक तथा सशक्तीकरण कार्यक्रम

## सामूहिक खेती प्रणालीको विकास



सीमान्तकृत, दलित समुदायहरूमा जग्गा नभएका कारण ओरेकले जग्गा भाडामा लिई समूहमा खेती गर्नका लागि समूह निर्माण गरी समूहगत नीति निर्माणपश्चात् सामूहिक खेतीको अवधारणासहित सामूहिक खेतीको सुरुवात गरेको छ । धनुषा, सर्लाही जिल्लाका विभिन्न समूहहरूका ४ जना अगुवा महिलाहरूलाई लक्षित गरी नीति निर्माणसहित ४ कठ्ठा जग्गा समूहबाट उपलब्ध गराई विगत १ वर्षदेखि सामूहिक खेती गर्दै आएका छन् । समूहगत खेतीका लागि ओरेकले कृषि तथा पशुपालन तालिम, कृषि औजार र प्राविधक सहयोग विगत १ वर्षदेखि गर्दै आएको छ र सिंचाइका लागि ट्युबवेल, मोटर पनि उपलब्ध गराएको छ । यस प्रकारको खेतीबाट समुदायमा खेती नहुने अगुवा महिला कृषकहरूले आफ्नो भागमा जग्गा लिई खेती गरी जीविकोपार्जनतर्फ अगाडि बढिरहेका छन् । यस कार्यक्रमबाट प्रत्यक्ष रूपमा ६ परिवारका ४८ महिला र १० पुरुष लाभान्वित भएका छन् । यस आर्थिक वर्षमा महोत्तरी, धनुषा र सर्लाहीमा सिंचाइका लागि ८ जना महिला कृषक समूहहरूलाई पम्प तथा सिंचाइ सामग्री सहयोग गरिएको छ ।


## पर्यावरणमैत्री नमुना गाउँ अभियान कार्यक्रम

ओरेकले महिलावादी दृष्टिकोणबाट दिगो सामुदायिक बिकासका लागि पर्यावरणमैत्री नमुना गाउँ (इको भिलेज) को अवधारणा विकास गरी अभियान सञ्चालित जिल्लाका स्थानीय तहको समुदायहमा पर्यावरणमैत्री नमुना गाउँ (इको भिलेज) को अवधारणा विस्तार गर्दै आइरहेको छ । यो कार्यक्रम उदयपुर (२३६ घरधुरी) दाङ (३२० घरधुरी) सिराहा

(२२९ घरधुरी) र रुकुम (६५ घरधुरी) का जम्मा ५,०७८ जनसंख्या लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गरिएको थियो । जसमध्ये यस वर्ष उदयपुर जिल्लाको लिमचुङबुङ गाउँपालिकाका २ वटा बस्तीका ४० घरधुरीका १३० महिला र ९० पुरुष गरी कुल २२० जनालाई प्रत्यक्ष पर्यावरणमैत्री नमुना गाउँ प्रवर्द्धनका लागि सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गरियो ।

१२ बुँदे सूचकलाई प्राप्तिसहित नमुना गाउँ घोषणाका लागि ७० घर सहितको टोललाई पर्यावरणमैत्री नमुना गाउँ निर्माणका लागि छनोट गरिएको छ । समुदाय छनोटपश्चात् ओरेकबाट पहिलो चरणको अभिमुखीकरण कार्यक्रम र ७ जनाको पर्यावरणमैत्री नमुना गाउँ व्यवस्थापन समिति गठन गरिएको छ ।

छनोटपश्चात् समितिसँग समन्वय गरी प्रारम्भिकस्तरको सर्वेक्षण पनि सम्पन्न गरिएको छ । सर्वेक्षणमा देखिएका नतिजाहरूलाई डिसेम्बर २०२३ भित्र समिति मार्फत जानकारी गराई नमुना बस्तिका रूपमा सोहनी गाउँलाई अगाडि बढाउने उद्देश्य पनि राखिएको छ । यस प्रकारको कार्यक्रमले दलित, सीमान्तकृत समुदायको आर्थिक तथा सांस्कृतिक अधिकारलाई संरक्षण, प्रवर्द्धन गरी नेपाल सरकारको दिगो विकास लक्ष्यलाई सहयोग पुर्‍याउने उद्देश्य रहेको छ । पर्यावरणमैत्री नमुना गाउँको सूचक र यसलाई समुदायस्तरमा अवलम्बन गराउनका लागि स्थानीय निकायहरूसँग निरन्तर छलफल, बैठक कार्यक्रम गरिरहेको छ । पर्यावरणमैत्री नमुना गाउँ प्रवर्द्धन कार्यक्रमले समुदायको स्थितिलाई प्रकृति तथा पर्यावरणमैत्री र प्रविधिको प्रयोग गर्ने क्षमतामा अभिवृद्धि गर्न उत्प्रेरित गर्दछ ।



## बीउ पुँजी कोष सहयोग

ओरेकले अभियान सञ्चालन भएका जिल्लाहरूमा यस वर्ष ९० जना महिलाहरूलाई व्यवसाय सञ्चालन गर्न सहयोग गरेका छ, साथै यसको दिगोपना र निरन्तरताका लागि स्थानीय सरोकारवाला, गाउँपालिका, नगरपालिकाहरूसँग समन्वय र पहल गरेको छ । ओरेकले दुई दिने व्यावसायिक योजनासम्बन्धी तालिम सञ्चालनपश्चात्

व्यवसाय निर्माण गर्न सहयोग गरी व्यवसाय सञ्चालनका लागि सहयोग रकम प्रदान गरेको थियो । जम्मा ९० जना महिला व्यवसायीहरूहरूलाई बंगुरपालन, बाख्रापालन, भैंसीपालन, कुखुरापालन, किराना पसल, तरकारी पसल, घुम्ती कस्मेटिक पसल, चिया नास्ता पसल, खाजा ठेला पसल आदि गर्नका लागि सहयोग उपलब्ध गराएको थियो ।

**३.२ महिलाको गतिशीलताको अधिकार तथा मर्यादित काम**

महिलाको श्रम, शरीर र पहिचानमाथि सदैव पित्रृसत्ताले अधीन जमाएका कारण महिलाहरूलाई स्थानागमनको अधिकार सजिलै उपलब्ध छैन । महिलाको गतिशीलताको अधिकार पनि मानव अधिकारको अभिन्न अधिकार हो । महिलाको कामको अधिकार र उनीहरूको श्रमको सम्मान हुनु लैङ्गिक समानताको दृष्ट्रिकोणले अत्यन्त महत्वपूर्ण विषय हो तर हाम्रो समाजमा यी विषयहरू अत्यन्त सुसूप्त अवस्थामा रहेको छ । वर्तमान बदलिँदो समयसापेक्ष श्रम बजारमा यथेष्ट मात्रामा महिलाहरूको उपस्थिति भैसकेको र देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको अवस्था छ । यद्यपी, महिलामाथि हुने हिंसा, भेदभावमा कमी आएको छैन अनि महिलाको अधिकारहरूको सुनिश्चितताका विषयहरूमा बृहद बहस एवं छलफल आवश्यक भैसकेको छ । महिलाहरूको सुसूचित एवं सुरक्षित गतिशीलताको अधिकार कायम हुनु जरुरी छ । वैदेशिक रोजगारमा जानेहरूलाई सुसूचित गराउने, सुरक्षित स्थानागमनलाई मानव अधिकारको रूपमा स्थापित गराउने, महिलाको कामलाई मर्यादित कामको रूपमा स्थापित गर्ने साथै महिलाहरूको गतिशीलताको अधिकार, श्रम गर्ने अधिकारलाई स्थापित र प्रवर्द्धन गर्न मोरङ, सुनसरी, उदयपुर, दाङ र कैलालीको विभिन्न स्थानीय तहहरूमा अभियान एवं कार्यक्रमहरू सञ्चालन भइरहको छ ।

अभियानको उद्देश्य : महिलाको गतिशीलताको अधिकार, कामको मान्यता (उत्पादन तथा पुनरउत्पादन) र स्रोत साधनमा पहुँच बढाउनका लागि सबै तहमा पैरवी गर्ने ।

यस आ.व.२०७८/०७९ मा सञ्चालन गरिएका कार्यक्रमहरूको संक्षिप्त जानकारी यसप्रकार रहेका छन्ः

**३.२.१ आईएलओ महासन्धि, १८९ (ILO C 189) र ILO महासन्धि १९० (ILO C 190) को सवाल, चुनौती र आवश्यकता विषयक भर्चुअल अन्तर्क्रिया कार्यक्रम**


महिला हिंसाविरुद्धको १६ दिने अभियानको सन्दर्भमा ९ डिसेम्बर २०२१ मा अन्तर्राष्ट्रिय श्रम संगठन ओरेक र सुरक्षित आप्रवासका लागि राष्ट्रिय सञ्जाल (NNSM) को संयुक्त आयोजनामा आईएलओ महासन्धि १८९ र आईएलओ महासन्धि १९० को सवाल, चुनौती र आवश्यकता विषयमा भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरूलाई घरेलु कामदारहरूले कार्यस्थलमा सुरक्षित र स्वस्थ तवरले काम गर्न पाउने अधिकार र कार्यस्थलमा हुने हिंसा र दुर्व्यवहार रोक्नका लागि आईएलओ महासन्धिहरू १८९ र १९० अनुमोदनका लागि पैरवी गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमको पहिलो सत्रमा आईएलओका कन्ट्री डिरेक्टर रिचार्ड हवार्डले घरेलु कामदारको श्रम अधिकारको रक्षा गर्दै उनीहरूलाई हिंसा र यातनारहित स्थानमा काम गर्ने वातावरण सिर्जना गर्नका लागि सरकारलाई उत्तरदायी बनाउन आईएलओ महासन्धिहरू अनुमोदन गर्न नागरिक समाजहरूले दबाब दिनुपर्ने आवश्यकता रहेको कुरामा जोड दिनुभयो । कार्यक्रममा वैदेशिक रोजगार विभाग, राष्ट्रिय मानव अधिकार आयोग, चौधवटा नागरिक समाज संगठनका प्रतिनिधिहरू, वैदेशिक रोजगारबाट फर्किएकाहरू र GEFONT, NTUC लगायतका श्रम संगठनका पदाधिकारीहरूको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा वैदेशिक रोजगारबाट फर्किएका दुई जना प्रतिनिधिहरूले आफ्ना अनुभवहरू बताउँदै विदेश जान चाहने अन्य महिलाहरूको लागि भाषा, सीप सिकेर वैधानिक तरिकाले मात्र विदेश जान सुझाव दिएका थिए । कार्यक्रममा उपस्थित सरोकारवालाहरूले घरेलु कामलाई मर्यादित कामको रूपमा स्थापित गर्न, आप्रवासनलाई सुरक्षित र नियमित गर्न र श्रमिकहरूको अधिकार प्रवर्द्धका लागि आईएलओ महासन्धिहरू १८९ र १९० अनुमोदन गर्न राष्ट्रियस्तरमा थप पैरवी र अभियान गर्नु पर्नेमा जोड दिनुभयो ।



३.२.२ घरेलु श्रमिकहरूको पहिचान र अधिकारको सुनिश्चित गर्न एवं उनीहरूको अधिकारसम्बन्धी आईएलओ महासन्धि १८९ र १९० को अनुमोदनका लागि पैरवी कार्यक्रम सञ्चालन गरिएको थियो। सो कार्यक्रम जुम मार्फत ९ डिसेम्वर २०२१ मा आईएलओसँगको समन्वयमा ओरेक, सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालको संयुक्त समन्वयमा सञ्चालन भएको थियो। सो कार्यक्रममा वैदेशिक रोजगार विभाग, राष्ट्रिय मानव अधिकार आयोग, १४ विभिन्न नागरिक समाज संघसंस्था, वैदेशिक रोजगारबाट फर्किएका महिला आप्रवासी श्रमिक तथा ट्रेड युनियनका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) र नेपाल ट्रेड युनियन काङ्ग्रेस (NTUC) पनि सहभागिता थियो। अन्तर्क्रियाको उद्देश्य आईएलओ महासन्धि १८९ र १९० को अनुमोदनको वकालत गर्दै कामको संसारमा हिंसा र उत्पीडन रोक्न घरेलु कामदारहरूको सुरक्षित र स्वस्थ काम गर्ने वातावरणको अधिकारका विषयमा सम्बन्धित सरकारी तथा गैरसरकारी सरोकारवालाहरूलाई सचेत गराउनु थियो। इएससीआर अभियान संयोजक श्री रेजिना श्रेष्ठले सो कार्यक्रमको सहजीकरण गर्नुभएको थियो। आईएलओ नेपाल कार्यालयका निर्देशक श्री रिचार्ड होवार्डले स्वागत मन्तव्य राख्नुहुँदै उहाँले घरेलु कामदारको संरक्षण, श्रम अधिकारको संरक्षण र हिंसा र उत्पीडनबाट श्रमिकलाई जोगाउन सरकारलाई जवाफदेही बनाउन आइएलओ सी १८९ र सी १९० अनुमोदन आवश्यक रहेको बताए। युपीआर सीफारिसका लागि नेपाल सरकारको चाहना धेरै नरहेको तथ्यलाई झल्काउँदै उनले ती सीफारिसहरू अपनाउन सरकारलाई दबाब दिन आइएलओ, ट्रेड युनियन, रोजगारदाता र सबैभन्दा महत्त्वपूर्ण सबै नागरिक समाजसँग मिलेर अघि बढ्न सहभागीहरूलाई आग्रह गरे। श्री सृष्टि कोलाक्ष्यपति राष्ट्रिय परियोजना संयोजक, निष्पक्ष भर्ती सम्बन्धी एकीकृत कार्यक्रम, ILO C 189 मा प्रस्तुत गरिएको प्रस्तुतीकरण पछि टिप्पणी गरिएको थियो। उनले ILO C189 र यसको महत्व र सान्दर्भिकता र यसलाई अनुमोदन गर्नुपर्ने आवश्यकतालाई संक्षिप्त रूपमा प्रस्तुत गरे। दोस्रो प्रस्तुति हिंसा र उत्पीडन 2019 – C 190 मा आईएलओ महासन्धिको महत्व र सान्दर्भिकतामा श्री कृपा बस्न्यात, राष्ट्रिय परियोजना संयोजक, C190 VAH परियोजना र यूएन वुमन ILO संयुक्त कार्यक्रम, ILO नेपाल द्वारा थियो। श्री बस्नेतले विश्वलाई हिंसा र उत्पीडनबाट मुक्त गर्न आईएलओको C 190 च्याम्पियन कार्यक्रम र अनुमोदन C 190 ग्लोबल अभियान साझा गर्नुभयो। उहाले ILO नेपालको C 190 कार्य समूह र सरकार, रोजगारदाता र ट्रेड युनियनहरूसँगको परामर्शमा तयार पारिएको आचार संहिताको मस्यौदा पनि साझा गर्नुभयो। उनले सहभागीहरूलाई मस्यौदालाई आफ्नो संस्थामा लागू गर्न इच्छुक संस्थाहरूसँग साझेदारी गर्न प्रस्ताव गरे। श्री लुभराज न्यौपाने, ओरेकका कार्यकारी निर्देशकद्वारा ILO C 189 र C 190 मा UPR सीफारिसहरूबारे प्रस्तुत गनुभएको थियो। श्री न्यौपानेले 21 जनवरी 2021 मा नेपालको मानव अधिकार रेकर्ड अध्ययन गरी मानव अधिकार परिषद्को UPR कार्य समूहले सीफारिसहरू साझा गरे। सो कार्यक्रममा वैदेशिक रोजगारबाट फर्कनुभएका महिला कामदारहरूले पनि आफ्ना अनुभवहरू साझा गर्नुभएको थियो।



### ३.२.३. गृह श्रमिक र आन्तरिक आप्रवासनसम्बन्धी अन्तर्क्रिया कार्यक्रम

गृहश्रमिकको वर्तमान सवाल र सरोकारको विषयमा पैरवी गर्ने र गृहश्रमिकको अधिकारमा ऐक्यबद्वता जगाउने र सम्बन्धित ILO महासन्धि ILO C १७७ को अवलम्बनका लागि वकालत गर्ने उद्देश्यले पुष ५, २०७८ (तदानुसार २० डिसेम्बर २०२१) सोमबारका दिन ओरेक र गृहश्रमिकहरूको सरोकार समाज नेपाल (HBWCSN) को संयुक्त आयोजनमा गृहश्रमिकको सरोकार र आन्तरिक आप्रवासन विषयक भर्चुयल अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा गृह श्रमिकका रूपमा काम गर्दै आउनुभएका पनौतीकी शान्ता लक्ष्मी र साँखुकी चन्दा श्रेष्ठले प्रतिनिधिमूलक रूपमा गृहश्रमिकका पहिचानको मुद्दा र गृहश्रमिकले भोग्दै आएका समस्या र सवालहरूबारे बताउनु भयो। कार्यक्रमकै पहिलो सत्रमा गृहश्रमिक सरोकार समाज नेपालका अध्यक्ष प्रभा पोखरेलले गृह श्रमिकबारे बताउनु हुँदै गृहश्रमिक सरोकार समाज नेपालले होम नेट साउद एसियाको सहयोगमा गरेको "दक्षिण एसियाका महिला गृहश्रमिकहरूमा कोभिड १९ को प्रभाव" अध्ययन प्रतिवेदन पेश गर्नुभयो। त्यसैगरी ओरेकका कार्यकारी निर्देशक लुभ राज न्यौपानेले आन्तरिक आप्रवासन र ILO C 177 को प्रावधान र सान्दर्भिकतबारे प्रस्तुति दिनुभयो।

कार्यक्रममा आईएलओ नेपालका निर्देशक, रिचार्ड होवार्डले कोभिड १९ ले अनौपचारिक क्षेत्रमा कार्यरत गृहश्रमिकहरू विशेषगरी महिला गृहश्रमिकहरूमाथि परेको प्रभाव आगामी दिनहरूमा गृहश्रमिकका लागि आवश्यक सुरक्षित, स्वस्थ्य र सामाजिक सुरक्षासहितको वातावरण सृजना गर्नका लागि सिकाइको रूपमा लिनुपर्ने र अहिलेको श्रमिकको सुरक्षा र मर्यादित कामको अभियानमा गृहश्रमिकको मुद्दा केन्द्रमा रहनुपर्ने बताउनुभयो। कार्यक्रमको खुल्ला छलफलको सत्रमा सभा नेपालसँग आवद्ध रहेर काम गर्दै आउनुभएकी शान्ता शाक्यले गृहश्रमिकहरूले आफू आवद्ध संस्थाबाट मात्र परिचय पत्र पाएको र गृहश्रमिकको रूपमा कतै पनि पञ्चिकृत हुने अवस्था नरहेको र अनौपचारिक क्षेत्रमा कार्य गर्ने भएकाले रोजगारदाताले श्रमिकलाई दिनुपर्ने सेवा सुविधा केही नदिनएको अवस्थाबारे बताउनुभयो । त्यस्तै अर्का सहभागि तिलक जङ्ग खड्काले आन्तरिक बसाइसराइका कारण राज्यद्वारा जनतालाई दिनुपर्ने सेवा सुविधाहरूबाट वञ्चित भएकाले नागरिकहरूकै पहिचानमा प्रश्न चिन्ह खडा भएको जिकिर गर्नुभयो। कार्यक्रममा ILO का बन्दना अर्याल र ओरेकका रेजिना श्रेष्ठले पनि आफ्ना भनाइहरू राख्नुभएको थियो।

### ३.२.४. महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाइको काम गर्न पाउने अधिकारका लागि महिला दबाब अभियान घोषणा

८ मार्च २०२२, ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा महिलाको श्रमको पहिचान, मान्यता एवं रोजाइको काम गर्न पाउने अधिकारका लागि महिला दवाब अभियानको राष्ट्रव्यापी घोषणा गरिएको थियो। अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा काठमाडौंमा ५० भन्दा बढी विभिन्न महिला मानव अधिकार रक्षक सञ्जाल, विभिन्न संघसंस्थाहरू, महिलावादी, विद्यार्थी, अधिकारकर्मीहरूको उपस्थिती रहेको र्‍यालीको कोणसभालाई सम्बोधन गर्दै ओरेकका अध्यक्ष डा. रेणु अधिकारीले अभियानको घोषणा गर्नुभएको थियो। सम्बोधनको क्रममा डा अधिकारीले अहिलेसम्मको महिलावादी आन्दोलनले ल्याएका उपलव्धीहरूलाई संस्थागत गर्दै श्रमिक महिला भित्रको विविधतालाई समेत स्वीकार गरि कार्य गर्ने वातावरणको निर्माण हुन अत्यन्तै जरुरी रहेको बताउनुभयो । श्रमिक महिलाको श्रमको पहिचान, मान्यता, रोजाईको काम गर्न पाउने अधिकार, विभेद, दुर्व्यवहारमुक्त कार्यस्थल एवं शरिरमाथि आफ्नो अधिकारको सुनिश्चितता हुनुपर्नेमा जोड दिँदै डा अधिकारीले श्रमिक महिलाहरूको श्रमको मान्यता, पहिचान र रोजाईको अधिकार मानव अधिकार रहेको समेत बताउनुभयो। र्‍याली भद्रकालीबाट सुरु भई रत्नपार्कको खुल्ला मञ्चमा समापन गएिको थियो । "समान कामको समान ज्याला, महिला हिंसा अन्त्य गरौँ, लैङ्गिक समानता कायम गरौं, महिला रोकिए संसार रोकिन्छ जस्ता नाराहरू लगाउँदै बजार तथा चोकहरू परिक्रमा गर्दै खुल्ला मञ्चमा पुगेर र्‍याली कोणसभामा परिणत भएको थियो। कार्यक्रममा विषयसँग सार्न्दभिक मनोरञ्जनात्मक तथा सचेतनामूलक कार्यक्रमहरूको प्रस्तुति भएको थियो जसमा राष्ट्रिय जनस्वाथ्य विद्यार्थी संघले नाटक प्रस्तुति गरेको थियो भने महिला एकता समाज र ओरेकले नृत्य प्रस्तुत गरेको थियो । विभिन्न संघसंस्था तथा महिला मानव अधिकार रक्षकहरूले कार्यक्रमलाई सम्बोधन र अभियानलाई अगाडी बढाउन हस्ताक्षर गरि कार्यक्रम समापन भएको थियो । साथै ओरेक कार्यारत जिल्लाहरू, दाङ, रुकुम, कैलाली, सुर्खेत, कपिलवस्तु, रूपेन्देही, सिराहा, उदयपुर, सर्लाही, जुम्ला, महोत्तरी मोरङ्ग र धनुषामा पनि सोही दिन र्‍यालीको साथै कोणसभाको क्रममा अभियानको घोषणा एकै साथ भएको थियो। र्‍यालीमा काठमाडौंमा २००० भन्दा बढी र अन्य जिल्लाहरूमा हजारौको सहभागिता रहेको थियो। उक्त अभियान घोषणाको उद्देश्यहरू यस प्रकार रहेका छन्ः

- महिलाको श्रमलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरी महिलाले गर्ने कामहरूलाई मूल्य र सम्मानसहितको श्रमको मान्यता स्थापित गर्ने वातावरण तयार गर्ने।
- समुदायस्तरबाट महिलाको कामको पहिचान, सम्मान, र सुरक्षाको सुनिश्चितताका लागि सङ्गठित रूपमा पैरवी गर्ने।
- ज्यालामा रहेको लैङ्गिक असमानता, ज्याला ठगि र कार्यस्थलमा हुने हिंसा निवारणका लागि वातावरण तयार गर्ने।
- महिला अधिकारका लागि सरकारले गरेका प्रतिबद्धताहरूप्रति उत्तरदायी र जवाफदेही बनाउन पैरवी गर्ने।
- असङ्गठित क्षेत्रका श्रमिक महिलाहरूलाई सङ्गठित गर्दै सामाजीक सुरक्षा नीतिमा समावेश गराउन पैरवी गर्ने।

### ३.२.५ महिलामाथि हुने हिंसा सम्बोधनका लागि महिलाको श्रमको पहिचान र मान्यताको आवश्यकता विषयक राष्ट्रिय संवाद कार्यक्रम

मिति २०७८ साल चैत्र २ गते (१६ मार्च २०२२) महिला पुनर्स्थापना केन्द्र (ओरेक) तथा अग्रणी सञ्जालको संयुक्त आयोजनामा

महिलामाथि हुने हिंसा सम्बोधनका लागि महिलाको श्रमको पहिचान र मान्यताको आवश्यकता विषयक राष्ट्रिय संवाद कार्यक्रमको आयोजना गरियो ।

विद्यमान श्रम ऐन(२०७४) र सामाजिक सुरक्षा ऐनले (२०७४) महिलाको श्रमलाई उनीहरूमाथि हुने हिंसासँग जोडेर सम्वोधन गर्न नसकेकाले यी नीति तथा कानुनहरूलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गरि आवश्यक संशोधन र परिमार्जनद्वारा महिलाले गर्ने जुनसुकै श्रमको मान्यता र पहिचान गर्दै हिंसारहित समाज निर्माण गर्ने वातावरण तयार गर्न सहयोग गर्ने ध्येयले कार्यक्रमको आयोजना गरिएको थियो ।

महिलाको श्रमको पहिचान, मान्यता स्थापित गर्दै महिलामाथि हुने हिंसा नियन्त्रणका लागि आवश्यक पहल गर्ने र महिलाको श्रमको सम्मान गर्न नीतिगत व्यवस्था तथा बिद्यमान कानुनको प्रभावकारी कार्यान्वयन र संसोधनका लागि पैरवी गर्ने उद्देश्य लिएको कार्यक्रममा प्रतिनिधि सभा सदस्य र कानुन , न्याय तथा मानज अधिकार समिति सभापति माननीय कृष्ण भक्त खनाल, समाजशास्त्री तथा त्रिभुवन विश्वविद्यालयका सह प्रध्यापक डा. नीति अर्याल खनाल तथा अभिवक्ता शर्मीला श्रेष्ठसँग प्यानल छलफल गरिएको थियो ।

छलफलको क्रममा माननीय खनालले श्रममा आधारित विभेद सम्बोधनका लागि कानुनी प्रावधान भए तापनि कार्यान्वयन तहमा रहेका पदाधिकारीहरूको विभेदकारी सोच तथा सामाजिक मूल्य मान्यताका कारण कानुन प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको विषयलाई जोड दिँदै यस सवालमा निरन्तररूपमा कार्यरत संघसंस्थाहरूलाई छलफलका लागि आव्हान गर्दै आवश्यक सहयोगका लागि प्रतिबद्धता समेत जाहेर गर्नुभएको थियो । त्यसैक्रममा डा. अर्यालले महिला अधिकारको मुद्दालाई राजनीतीक मुद्दाको रूपमा स्थापित गरिनुपर्ने भन्दै सूचनाको पहुँच र सहयोगी संयन्त्रको अभावले महिलाहरू न्याय पहुँचबाट वञ्चित हुनुपरेको यथार्थता उजागर गर्नुभएको थियो । यसका लागि विद्यालय तहदेखि नै पाठ्यक्रममा कानुनी विषयवस्तुलाई समावेश गर्नुपर्नेमा जोड दिनुभएको थियो । अधिवक्ता श्रेष्ठले भने श्रमको शव्द आफैँमा पूर्ण भएको र सङ्गठित असङ्गठित सबै कामको समान मान्यता हुनुपर्ने बताउनुभएको थियो । खुला छलफलको क्रममा सिरहा जिल्ला अग्रणी सञ्जालका अध्यक्ष सुशिला चौधरीले श्रम ऐनमा उल्लेख भएता पनि समुदायस्तरमा समान कामको समान ज्याला नभएको, घरमा गरिने सेवामुलक कामको मान्यता नभएका कारण महिलाहरूले विभिन्न स्वरूपमा हिंसा खेप्न बाध्य हुनपरेको तीतो यथार्थता प्रस्तुत गर्नुभएको थियो । सहभागीको तर्फबाट कानुन कार्यान्वयनको अनुगमन संयन्त्रको अभाव, मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरूको हकमा श्रम शोषण र दुर्व्यवहार परेको खण्डमा श्रम सम्झौता लगायत आवश्यक कागजात अभावमा कानुनी उपचारका लागि कठिनाइ भएको, घरेलु श्रमलाई नियमन गर्न संस्थागतरूपमा अगाडी बढाउनुपर्ने लगायतका सवालहरू उठाएका थिए । राष्ट्रिय महिला आयोगको सभा भवनमा भएको कार्यक्रममा सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनीधिहरू, ट्रेड युनियनहरू, पत्रकारहरू, मानव अधिकारकर्मीहरू, विद्यार्थीहरू लगायत गरी ६० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।

### ३.२.६. **वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूको दिगो पुनःएकीकरणबारे एक दिने कार्यशाला गोष्ठी**

अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे दिवस) को उपलक्ष्यमा "आप्रवासी प्रवासी महिलाको दृष्टिकोणबाट दिगो पुनर्मिलनबारे बुझाइ" विषयक एक दिवसीय कार्यशाला काठमाडौंमा ३ मे २०२२ मा आयोजना गरिएको थियो । यस कार्यशालाको मुख्य उद्देश्य RMW को आवाजहरू सङ्कलन गर्ने, FRAR अनुसन्धानमा भाग लिने RMWs को दृष्टिकोण्बाट पुनः एकीकरणसम्बन्धी माग पत्र विकास गर्ने र सो आधारमा दिगो पुनर्एकीकरणमा राजनीतिक प्रतिबद्धता विकास गर्ने साथै यस विषयमा वकालत अभियान संचाालन गर्ने । नेपाली समाजमा महिला आप्रवासी कामदारहरूको फिर्ती र पुनः एकीकरणका अनुभवहरू बुझ्न र पुनः एकीकरण नीति र उपायहरूबारे सुधारात्मक पाईलाहरू लागू गर्न, आरेकले पौरखी र तरगिंनी फाउण्डेसन सँग मिलेर १८४ जना RMWs बीच FPAR अनुसन्धान गरिएको थियो । पुनर्मिलनका विभिन्न पक्षहरू जस्तै सामाजिक र आर्थिक पुनर्एकीकरण; विद्यमान नीतिहरूको अवस्था र तिनीहरूको कार्यान्वयन स्थिति; अन्तर्राष्ट्रिय महासन्धिहरू अनुमोदन (UN र ILO महासन्धिहरू) र राष्ट्रियस्तरमा तिनीहरूको कार्यान्वयन र महिला आप्रवासी कामदारहरूलाई मर्यादित कामको सन्दर्भमा प्याकेज र महिलाको वैदेशिक रोजगार फिर्तिको अनुभव र समाजमा उनीहरूलाई गरिने व्यवहारको तुलना गरेर हाइलाइट गरिएका चुनौतीहरू, महामारी अघि र महामारीको समयमा अध्ययन, विश्लेषण र आगामि दिनमा गरिनु पर्नेबारे सुझावहरू संकलन गरिएको थियो साथै मागपत्रको खेस्रा तयार पारिएको थियो । सो मागपत्र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा बुझाईएको थियो । मागहरू यसप्रकारका थिए ः

- अहिले भइरहेको वैदेशिक रोजगारसम्बन्धी ऐन, महिलाहरूको अनुभवलाई आत्मसाथ गर्दै, समाजमा महिलालाई दिइएको दर्जा र त्यसले पार्ने असरप्रति सचेत हुँदै अविलम्व परिमार्जन गरियोस् ।
- वैदेशिक रोजगारसम्बन्धी सूचना वैदेशिक रोजगारमा जान चाहने हरेक व्यक्तिले प्रभावकारीरूपमा तोकिएको मुलुकमा वैधानिक तवरले जानेबारे समुदाय तहमा प्राप्त गर्ने व्यवस्था कानुनीरूपमा सुनिश्चित गरियोस् । यसो गर्दा महिलाको घर, परिवार र समाजमा रहेको स्थानलाई केन्द्र बिन्दुमा राखियोस् ।
- वैदेशिक रोजगारीमा जाने महिलाका लागि अनिवार्यरूपमा गन्तव्य मूलकको भाषा, सँस्कृति, आवश्यक पर्ने सीप जस्ता आधारभूत आवश्यकताहरू परिपुर्ती गर्न स्पष्ट र प्रभावकारी नीतिगत व्यवस्था गरियोस् ।
- सरकारद्वारा वैदेशिक रोजगारमा गएकाहरूको पूरै तलब, पेशागत स्वास्थ्य र सुरक्षालगायत आधारभूत अधिकारको सुनिश्चिताका लागि कानुनी तथा नीतिगत व्यवस्था गरियोस् । कुनै पनि नेपाली नागरिक वैदेशिक रोजगारीको क्रममा नठगिउन भन्नेमा सचेत हुँदै द्विपक्षीय/त्रीपक्षीय सम्झौताको व्यवस्था गरियोस् । यदि वैदेशिक रोजगारीको क्रममा ज्याला ठगी वा ज्याजतीमा परे तत्काल उद्धार, न्यायको प्रत्यभुतितथा उपयुक्त क्षतिपूर्ती हुनसक्ने गरी नीतिगत व्यवस्था गरियोस् । यस्तो व्यवस्था एउटा सीमा तोकि निश्चित अवधीभित्र विना कागजात गएका श्रमिकहरूको हकमा पनि लागु गरियोस् ।
- वैदेशिक रोजगारमा जाने श्रमिकहरूलाई उनीहरूको अधिकार, उजुरी दर्ता प्रणाली, पुनर्स्थापनाका सहयोगी संयन्त्रलगायत सम्बन्धी उनीहरूले बुझ्ने गरि सरल तरिकामा जाने क्रममा गन्तव्य मुलुकमा हुँदा वा फर्किसकेपछि पनि सूचना दिइयोस् । यसरी जानकारी उपलब्ध गराउँदा पढ्नै नजान्नेहरूलाई समेत ध्यानमा राखि विभिन्न भाषा वा माध्यमबाट जानकारी दिने नीतिगत व्यवस्था होस् । यस्ता सूचनाहरू तयार गर्दा कही कतै यी सूचनाहरूले विभेद नबढाओस् भन्नेमा सचेतता अवलम्वन गरियोस् ।
- योगदानमा आधारित लाभको प्रावधानले सबैलाई समेट्न नसक्ने भएको हुँदा त्यसमा पूर्णरूपले परिमार्जन गरियोस् । विभिन्न कारण बिना कागजात वैदेशिक रोजगारीमा गएकाहरूलाई पनि उनीहरू विदेशमा काम गर्ने क्रममा बिरामी हुँदा वा दुर्घटनामा परेमा पुनर्स्थापित हुन सहयोग गर्ने भन्ने नीतिगत व्यवस्था गरियोस् ।
- नेपाल सरकारद्वारा पटक पटक विभिन्न बाहनामा महिला श्रमिकहरूमाथि विभिन्न प्रकारका बन्देज लगाउँदै आएको छ । यसले सरकारको छविलाई नराम्रो बनाएको छ । बन्देजका कारण नै महिलाहरूले अवैधानिक बाटो रोज्नु परिरहेको छ । दलालको फन्दामा परि मानव बेचबिखनको थप जोखिममा पर्ने स्थिती तयार भएको छ । यो स्थितीमा अविलम्व सुधार ल्याउन हालको सबै बन्देजहरू फुकाउँदैसरकारले गन्तव्य मुलुक र कामको विकल्पहरू थप गर्दै, धेरैभन्दा धेरै गन्तव्य मूलुकहरूसँग द्विपक्षीय सम्झौताहरू गर्नुका साथै श्रम स्वीकृति र उजुरी दर्तालाई स्थानीयकरण गर्ने उचित कानुनको व्यवस्था गरियोस् ।
- वैदेशिक रोजगारीबाट फर्किएकाहरूको सूचना सङ्कलन र पुनर्स्थापनाबारे राष्ट्रिय र स्थानीयस्तरमा सजिलै जानकारी पाउन मिल्ने गरि सूचना व्यवस्थापन प्रणालीको व्यवस्था गरियोस् । समाजमा रहेको महिलालाई हेर्ने दृष्टिकोण, समाजमा रहेको महिलाको श्रमलाई श्रम नमान्ने धारणा, महिलाको यौनिकता, निर्णय जस्ता कुरामा महिलाले निर्णय गर्न मिल्दैन भन्ने सोच नै वैदेशिक रोजगारीमा महिलाहरूको शोषण र फर्किएका महिलाहरूको सामाजिक एकीकरणमा हुने विभेद र आउने कठिनाइका कारण हुन भन्ने आत्मसाथ गर्दै कानुन मन्त्रालयबाट सामाजिक रूपान्तरणको प्रक्रिया सहज हुने कानुनको निर्माण गरियोस् ।
- वैदेशिक रोजगारीबाट फर्किएकाहरूको क्षमता प्रमाणिकरण गर्ने लक्षित कार्यक्रम कार्यान्वयन गरियोस् । सरकारको फिर्ती तथा पुनर्स्थापना कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्किएकाहरू (विशेषगरि महिला) को सीप, ज्ञान र अनुभवलाई अधिकतम उपयोग गर्ने खालको कार्यक्रम ल्याइयोस् ।
- सरकारले अभिलम्ब क्षिइ महासन्धी १८९, १९० र श्रमिक र श्रमिकका परिवारको अधिकारको सुरक्षासम्बन्धी अर्न्तराष्ट्रिय महासन्धी, १९९० अविलम्व अनुमोदन गरियोस् ।
- वैदेशिक रोजगारीबाट फर्केर आएपछि आत्मसम्मानपूर्वक बाँच्न पाउने सामाजिक तथा आर्थिक वातावरणको सुनिश्चितता गर्न स्पष्ट कानुनी एंव नीतिगत व्यस्था गरियोस् ।
- राज्यले व्यवस्था गरेको विविध स्वरोजगार नीति तथा कार्यक्रमहरूमा वैदेशिक रोजगारीबाट फर्केका महिलालाई उच्च प्राथमिकतामा राखि विशेष व्यवस्था गर्ने गरि कानुन निर्माण होस् ।

### ३.२.७. प्रथम अन्तर्राष्ट्रिय आप्रवासन समीक्षा भेला (International Migration Review Forum 2022-IMRF)

अमेरिकाको न्यूयोर्कमा सम्पन्न भएको प्रथम अन्तर्राष्ट्रिय आप्रवासन समिक्षा भेला (IMRF, मे १७ देखि २०, २०२२) मा ओरेकले १९ मे का दिन भर्च्युअल साईड ईभेन्ट आयोजना गरेको थियो । सो कार्यक्रम दक्षिण एसियाली क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किने महिला कामदारहरूको समग्र एवं दिगो पुनर्एकीकरण विषयमा केन्द्रित थियो । Global compact for Migration (GCM) मा निर्णय गरेअनुसार, अन्तर्राष्ट्रिय आप्रवासन समीक्षा फोरम (IMRF) ले दिगो विकासको लागि 2030 एजेन्डासहित ग्लोबल कम्प्याक्टका सबै पक्षहरूको कार्यान्वयनमा छलफल र प्रगति साझा गर्न अन्तरसरकारी विश्वव्यापी सबै सम्बन्धित सरोकारवालाहरूको सहभागितामा प्राथमिक प्लेटफर्मको रूपमा सेवा गर्ने छ । सो कार्यक्रमको सहजीकरण ओरेक संस्थाका अध्यक्ष डा. रेणु अधिकारीज्यूले गर्नुभएको थियो । यस कार्यक्रमको उद्देश्य यसप्रकार रहेका छन् :

- फर्केर आएका महिला आप्रवासी कामदारहरूको व्यापक र सम्मानजनक सामाजिक-आर्थिक पुनर्मिलनका लागि रणनीतिहरूबारे छलफल गर्ने ।
- फर्केर आएका महिला आप्रवासी कामदारहरू प्रतिको संरचनात्मक भेदभावलाई चुनौती दिने, सामाजिक कलंक, असमानता र न्यायमा पहुँचको अभावलाई कम गर्न सरोकारवालाहरूबीच साझा समझदारीको विकास गर्ने ।

### ३.२.८. वैदेशिक रोजगारीबाट फर्किएका नेपाली महिलाहरूको सामाजिक पुनःएकीकरणसम्बन्धी अध्ययन प्रदिवेदन माथि छलफल कार्यक्रम




नेपाल सरकारको पुनःएकीकरण निर्देशिका माथि प्रकाश पार्ने र वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक महिलाहरूको सामाजिक पुनर्एकीकरणसम्बन्धि अध्ययन प्रतिवेदन प्रस्तुत गर्ने उद्देश्यका साथ २०७९ असार ३१ गतेका दिन काठमाडौँको अल्फा हाउस नयाँ बानेश्वरमा एक छलफल कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रम महिला पुनर्स्थापना केन्द्र (ओरेक), तरंगिनी फाउण्डेसन/महिला मानव अधिकार सक्षकहरूको राष्ट्रिय सञ्जाल, पौरखी नेपालले सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालको संयुक्त आयोजनामा भएको थियो । कार्यक्रममा वैदेशिक रोजगार बोर्ड, राष्ट्रिय मानव अधिकार आयोग, मानव बेचबिखन अनुसन्धान ब्युरो, सामाजिक विकास विभाग, काठमाडौं महानगरपालिका लगायतका सरकारी निकाय तथा विभिन्न गैरसरकारी निकाय, पत्रकार, अध्ययन तथा अनुसन्धानकर्ता, विद्यार्थी लगायत गरी ५८ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक श्री राजन प्रसाद श्रेष्ठले भर्खरै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पास गरेको पुनः एकीकरण निर्देशिका प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिको क्रममा श्री श्रेष्ठले पुनः एकीकरणसम्बन्धी नेपालको संविधान लगायतमा भएका कानुनी व्यवस्थाहरूको बारेमा बताउँदै पुनः एकीकरणको महत्व, प्रक्रिया, कार्यान्वयनको निकायसम्बन्धी प्रस्तुत गर्नुभएको थियो । त्यसको लगतै पौरखी नेपालकी संस्थापक तथा सल्लाहकार श्री मञ्जु गुरुङ्गले नेपाली महिलाको स्वदेश फिर्ती र पुनः एकीकरणको अनुभवलाई आत्मसात् गर्दै सिकाइहरूलाई फिर्ती र पुनः एकीकरणको नीति कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउने ध्येयले १८४ जना वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरूसँग गरिएको अध्ययनको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । यो अध्ययन ओरेकले मोरङ, सुनसरी, कैलाली र उदयपुर मा १०० जना, तरंगिनीले गण्डकी र मधेस प्रदेशको ३६ जना र पौरखीले काठमाडौंको दक्षिणकाली र तार्केश्वर नगरपालिकाको ४८ जना वैदेशिक रोजगारीबाट फर्केका महिलाहरूसँग अनुसन्धान गरिएको थियो । यस अध्यनमा पुनः एकीकरणका विभिन्न पक्ष जस्तै सामाजिक र आर्थिक पुनः एकीकरण, श्रम र गतिशीलतासँग सम्बन्धित राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरमा भएका विभिन्न सन्धि महासन्धि तथा नीतिकार्यक्रम र तीनको कार्यान्वयनको अवस्था, वैदेशिक रोजगारमा जाने महिलाहरूका लागि वृहत कार्यक्रम र महामारी पूर्व र पश्चात् महिलाहरूले स्वदेश फिर्तीको क्रममा समाजको व्यवहारको अध्ययन, विश्लेषण गरी सुझावहरू दिइएको थियो । यस अनुसन्धानको क्रममा अध्ययन गरिएका जिल्लाहरू दाङ र कैलालीमा पनि सो प्रतिवेदन साझा गरिएको थियो ।

### ३.२.९. वैदेशिक रोजगारबाट फर्किएका कामदारहरूको विवरण संकलन कार्यक्रम

ILO नेपालको आर्थिक सहयोगमा प्रदेश नं. १ को मोरङ र सुनसरी जिल्लाका ११ वटा पालिकाहरूमा वैदेशिक रोजगारबाट फर्किएका कामदारहरूको विवरण संकलन सुरु गरिएको थियो। Welcome Home कार्यक्रमअन्तर्गत ११२९ जनाको तथांक विवरण संलन गरी सीप प्रमाणीकरण, सीपयुक्त व्यावसायिक तालिम तथा सीप अभिवृद्धिका लागि व्यावसायिक तथा पेसागत परामर्श सेवा दिइएको थियो। यो कार्यक्रमको मुख्य उद्देश्य वैदेशिक रोजगारबाट फर्किएका कामदारहरूको आर्थिक पुनः एकीकरणका लागि व्यावसायिक सीप विकास गर्नु रहेको छ। यो कार्यक्रम मोरङ जिल्लाको लेटांग नगरपालिका, केराबारी गाउँपालिका, कानेपोखरी गाउँपालिका, सुन्दरहरैचा गाउँपालिका, रंगेली गाउँपालिका र उर्लाबारी नगरपालिकामा सञ्चालित थियो भने सुनसरी जिल्लामा बराह क्षेत्र न.पा., कोशी गाउँपालिका, दुहवी न. पा., गढी न. पा. र इनरुवा न. पा. गरी जम्मा ११ वटा पालिकाहरूमा यो कार्यक्रम सञ्चालन गरिएको थियो। मोरङबाट लेटाङ र उर्लाबारीबाट कार्यक्रममा सहभागी भएका थिए। कार्यक्रमपश्चात् हाम्रा लागि बोल्ने मान्छे पनि रहेछ भन्ने महसुस भएका छ र अब अन्य RMW महिलालाई पनि सञ्जालमा आबद्ध हुन अभियानमा लाग्छु भन्ने प्रतिबद्धता दिनु भएको छ।

- वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूले अब फेरि वैदेशिक रोजगारमा नजाने निर्णय गरेको महिलाहरू पालिकाको विभिन्न योजनाहरूमा आफैं नेतृत्व लिएर योजनाहरू सञ्चालन गरिरहेका छन् साथै विभिन्न सञ्जाल, समूह तथा बन उपभोक्ता समितिमा काम गरिरहेको,
- लेटाङ न.पा. का RMW का अध्यक्ष शारदा राईले ओरेकको सहयोगमा मनोविमर्षकर्ताको तालिम प्राप्त गरी अहिले सोही नगरपालिकाले २०७८ भाद्र २० गतेदेखि मनोविमर्षकर्ता नियुक्ति दिएर पालिकाको मनोविमर्षकर्ता पदमा कार्यरत हुन सफल,
- केराबारी गा.पा. वडा नः ३ र सुन्दरहरैचा वडा नः ५को RMW सदस्य नेकपा एमालेबाट वडा सदस्यमा निर्वाचित हुनु भएको छ भने कानेपोखरी गा. पा. बाट उम्मदवारी दिनुहुनेहरू निर्वाचित हुन नदिएको,
- कैलारी र गौरीगंगा गा.पा, तुल्सीपुर उ.प.म.न.पा मा मानव बेचबिखनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन (१८२ जना)
- वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूको सञ्जाल गठन तथा बैठक बसी समूहको आवस्यकता र महत्व बारेमा छलफल (७० जना महिला)
- वैदेशिक रोजगारबाट फर्केका महिलाहरूको जीवनका भोगाइ तथा योजनासम्वन्धी कार्यशाला गोष्ठी पाँचवटा महिला समूह (२२ जना महिला)
- श्रम ऐन, २०७४ मा रहेको घरेलु श्रमको मान्यता तथा विभेदपूर्ण श्रमले मनोसामाजिकमा पार्ने असरसम्बन्धी अभिमुखीकरण (८४ महिला, पुरुष ३)
- वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूको सीप पहिचान र प्रस्तावना पेश तीनवटा

रूपन्देही तथा कपिलवस्तु जिल्लाको अधिकांश कार्य क्षेत्र नेपाल-भारत सीमाना र मधेसी समुदायको बसोबास भएको क्षेत्र छ। यहाँको सामाजिक सांस्कृतिक परिवेशअनुसार महिला तथा किशोरीको गतिशीलतामा रहेको नियन्त्रण नै मुख्य सवाल रहेको छ। गतिशीतला माथिको नियन्त्रणको कारणले महिला तथा किशोरीहरूको उच्च शिक्षा र उत्पादनमूलक काममा समेत पहुँच कम रहेको छ। त्यसैले, किशोरीहरूको मुख्य सवालको रूपमा गतिशीलतामाथिको नियन्त्रणलाई पहिचान गरी यस वर्ष गतिशीलताको अभियान किशोरी अधिकार मञ्चको नेतृत्वमा र ओरेकको सहयोगमा गरिएको छ। जसमा एक वर्षे “गतिशीलताको स्वतन्त्रता : मेरो अधिकार” भन्ने अभियानको योजना अघि बढाएको छ। जसअन्तर्गत रूपन्देही तथा कपिलवस्तुको पालिकाहरूमा किशोरीहरूले अनलाइन सर्भे मार्फत गतिशीलताको नियन्त्रणको अवस्था पहिचान गरेका छन् उक्त तथ्याङ्कलाई विश्लेषण गरी नतिजा सार्वजनिक र अभियान घोषणा कार्यक्रम, २०२३ मा गरिनेछ र सर्भे मार्फत आएका सवालहरूलाई सरोकारवालाको ध्यानाकर्षण गराइनेछ। त्यस्तै, मनोरञ्जन क्षेत्रमा कार्तरत महिलाहरूको सञ्जाल हाम्रो पहिचान सञ्जालसँग निरन्तर समन्वय तथा सहकार्य भएको छ। उक्त सञ्जालबाट एक जना हिंसा प्रभावित महिलाको केस रेफर भएर आएको र उहाँलाई कदम नेपालको सुरक्षा आवास मार्फत सेवा दिइएको थियो।

३.२.१०. मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूको सवाल

यस आर्थिक वर्षमा रूपन्देहि र कपिलवस्तु जिल्लाका मनोरञ्जन क्षेत्रको महिलाको सवाल पहिचानका लागि एक अभिमुखीकरण तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो। जसमा १६ जना मनोरञ्जजन क्षेत्रमा कार्यरत महिलाहरू उपशिथत हुनुहुन्थो। यस अभिमुखीकरण कार्यक्रममा वहाँहरूको हालको सुरक्षाको अवश्था, कार्यक्षेत्र तथा सामाजिक, पारिवारिक अवस्था वारे छलफल गरिएको थियो। साथै, वहाँहरूलाई हानीकारक परम्परागत अभ्यास, लिङ्ग लैङ्गिकता, असमान शक्ति संबन्ध, पितृसत्ता, हिंसाको प्रकार, कारण र परिणाम, मर्यादित कामको अधिकार आदीबारे अभिमुखीकरण पनि गरिएको थियो।

३.३महिला स्वास्थ कार्यक्रमः

स्वस्थ जिवन जिउँन पाउनु मानिसको जन्मसिद्ध अधिकार हो। निःशुल्क स्वास्थ्य उपचार, स्वास्थ्य सेवा र सुचनाको सुविधा पाउनु राज्यले प्रदान गरेको अधिकार हो तथापी नेपालको सन्दर्भमा अधिकांस महिलाहरूले सामान्य भन्दा सामान्य स्वास्थ्य उपचार सेवा नपाएकै कारण ज्यान गुमाउनु परिरहेको छ। हुनत नेपाल सरकारले सुरक्षित मातृत्व सेवा, अति आवश्यक औषधिहरू निःशुल्क पाउने व्यवस्था, २४ घण्टा प्रसुती सेवा, परिवार नियोजन परामर्श सेवा जस्ता सेवाहरूको नीतिगत व्यवस्था गरे तापनि यसको पूर्ण कार्यन्वयन नभएको कारण शहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रका महिलाहरू यो सेवा र सुविधाबाट टाढा रहनु परेको यर्थाथ हाम्रो सामु रहेको छ। हाम्रो समाजमा महिला र पुरुष बिच रहेको संरचनात्मक विभेदले पनि महिलाको स्वास्थ्यलाई असर पार्ने प्रमुख कारणको रूपमा रहेको छ। हाम्रो समाजमा महिला र पुरुष बिच रहेको विभेदपूर्ण मुल्य मान्यता र व्यवहार , छोरा जन्माउनै पर्ने वाध्यता , विभेदपूर्ण कार्य विभाजन, स्रोत र साधन माथिको पहुँच र नियन्त्रण नहुनु जस्ता कुराले महिलाको यौन तथा प्रजनन स्वास्थ्यमा प्रत्यक्ष रूपमा नकारात्मक प्रभाव पर्ने गरेको छ। यसरी महिलाहरूमा हुने यौन तथा प्रजनन स्वास्थ्य समस्या हुदाँ महिला भएकै कारण लुकाएर बस्नु परेको कारणले गर्दा पाठेघर तथा स्तनको क्यान्सर भई ज्यान गुमाउनु परेको छ। यि नै विभेदपूर्ण मुल्यमान्यताले गर्दा वर्षेनी हजारौ महिलाहरू विभिन्न प्रकारका शारिरीक, मानसिक, यौनिक, र सामाजिक हिंसाबाट पीडित हुनु परिरहेको छ।

स्वास्थ्यसम्बन्धी विश्व स्वास्थ्य संगठनको परिभाषालाई हेर्ने हो भने "स्वास्थ्य भन्नाले निरोगी वा बिरामी नहुनु मात्र नभई शारीरिक, मानसिक तथा सामाजिक रूपमा पूर्ण स्वस्थ्य रहनु हो" भनेको छ भने त्यसै गरी ICPD अनुसार प्रजनन स्वास्थ्य भन्नाले प्रजनन प्रणाली, यसको कार्य र प्रजनन प्रक्रियाको सन्दर्भमा निरोगी वा बिरामी नहुनु मात्र नभई शारीरिक, मानसिक तथा सामाजिक रूपमा पूर्ण स्वस्थ्य रहनु हो। प्रजनन स्वास्थ्यभित्र निम्न कुराहरू पर्दछ : सुरक्षित यौन जीवन यापन गर्न पाउनु, सन्तान जन्माउन सक्षम हुनु, कहिले र कति सन्तान जन्माउने भन्ने कुराको निर्णय आफैंले स्वतन्त्रपूर्वक गर्न पाउनु, महिलालाई प्रचलित कानुन विपरीत नहुने गरी आफ्नो मासिक चक्र अथवा प्रजननलाई नियमित गराउन सक्ने अधिकार प्राप्त हुनु, गर्भ निरोधक साधनहरूको पूर्ण जानकारी प्राप्त गर्ने तथा प्रभावकारी गर्भ निरोधका साधन स्वतन्त्र रूपले छनोट गर्ने अधिकार प्राप्त हुनु, महिलाका लागि सुरक्षित रूपमा प्रसूति हुने तथा स्वस्थ शिशु जन्माउनका लागि उपयुक्त स्वास्थ्य सेवाका सुविधा उपलब्ध नहुनु। यसका साथै लैङ्गिक समानता, महिला सशक्तीकरण तथा मानिसको जीवनचक्रको प्रत्येक अवस्थामा उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुनु प्रजनन स्वास्थ्य हो।

संस्थाले स्वास्थ्यको परिभाषाअनुसार कुनै पनि व्यक्ति पूर्ण स्वास्थ्य रहन शारीरिक, मानसिक र सामाजिक रूपले स्वस्थ भई हिंसारहित जीवनयापन साथै सुरक्षित बास पाउनु रहेको अवस्थालाई मानिएको छ। यसै परिभाषामा आधारित रहेर ओरेक नेपालले आवश्यकता तथा अधिकारमुखी सोचबाट महिला स्वास्थ्य अधिकार कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। संस्थाले आफ्ना दुईवटै अभियान महिला हिंसाविरुद्धको अभियान र आर्थिक, सामाजिक, सांस्कृतिक अभियानको माध्यमबाट लैङ्गिक विभेदमा आधारित हिंसाले महिलाको जीवन तथा स्वास्यमा पर्ने प्रभाव तथा असरहरू र आर्थिक सामाजिक क्षेत्रमा महिलाहरूलाई गरिने विभेदको कारण महिलाको स्वास्थ्यमा पर्ने असर तथा प्रभावहरूविरुद्ध कार्यक्रमहरू सञ्चालन र नीतिगत परिवर्तनका लागि राज्यसँग पैरवी गर्दै आएको छ।

**उद्देश्य**

- महिलाको शरीर, यौनिकता, प्रजनन अंग तथा प्रणालीको बारेमा समुदायमा सचेतीकरणमा सहजीकरण गर्दै स्वहेरचाहका लागि महिलाहरूलाई अभिप्रेरित गर्ने।
- स्थानीयस्तरमा रहेका जडीबुटीहरूको संरक्षण र प्रयोग गर्नेबारे समुदायमा जानकारी दिने।

- समुदायमा रहेका विभेदपूर्ण सामाजिक संरचना र यसले महिलाको स्वास्थ्यमा पारेको असरलाई न्यूनीकरण गर्न समुदायदेखि राष्ट्रियस्तरसम्म सचेतना र पैरवी गर्ने ।





**सम्पन्न क्रियाकलापहरू**

- एकीकृत महिला स्वास्थ्य शिविर
- महिला स्वास्थ्य परामर्श केन्द्र सञ्चालन
- यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी स्कुल शिक्षा
- महिला स्वास्थ्यसम्बन्धी अभिमुखीकरण
- किशोरीहरूलाई साथी शिक्षा तालिम
- महिला स्वास्थ्य परामर्श केन्द्रको व्यवस्थापन समिति बैठक
- किशोरी स्वास्थ्य मेला

### ३.३.१ **एकीकृत महिला स्वाथ्य शिविर (मेला)**

ओरेक नेपालले आफ्नो स्थापनाकालदेखि नै आवश्यकता तथा अधिकारमुखी सोचबाट महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । संस्थाद्वारा सञ्चालित अभियान महिला हिंसाविरुद्धको अभियान र आर्थिक सामाजिक अभियानका माध्यमबाट लैङ्गिक विभेदमा आधारित हिंसाले महिलाको जीवन तथा स्वास्थ्यमा पर्ने प्रभाव तथा असरहरू र आर्थिक सामाजिक क्षेत्रमा महिलाहरूलाई गरिने विभेदको कारण महिलाको स्वास्थ्यमा पर्ने असर तथा प्रभावहरूविरुद्ध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ जसमध्ये महिला स्वास्थ्य शिविर र महिला स्वास्थ्य मेला पनि एक हो । ओरेकले महिला स्वास्थ्य शिविर र महिला स्वास्थ्य मेलाको माध्यमबाट समुदायमा लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धका गतिविधिहरू साथै महिलालाई आफ्नो शरीर र प्रजनन अंग तथा प्रणालीहरूको पहिचान, सरसफाइबारे सचेत गराउनुका साथै स्थानीयस्तरमा समुदायलाई प्रशस्त स्वास्थ्य सूचना दिनुका साथै उपचार तथा मनोविमर्श सेवा प्रदान गर्दै आएको छ।

आफ्नो कार्यक्षेत्रका जिल्लाहरूमा विभिन्न संघसंस्था, सरकारी तथा गैसससँगको समन्वय र सहकार्यमा अधिकारमुखी सोचबाट महिला स्वास्थ्य शिविर र महिला स्वास्थ्य मेलाहरू सञ्चालन गर्दै आएको छ।

यस वर्ष पनि संस्थाले स्थानीय तह र सरोकारवालाको समन्वय र सहकार्यमा स्वास्थ्य शिविरको आयोजना गरिएको छ।

**तपशिल**

| क्र.स. | जिल्ला | सम्पन्न कार्यक्रम संख्या | सेवा पाउनेको संख्या |
|---|---|---|---|
| १. | उदयपुर | २ | २६७ |
| २. | सिराहा | १ | ३१६ |
| ३. | महोत्तरी | १ | ० |
| ४. | सर्लाही | १ | ० |
| ५. | कैलाली | | १६१ |
| ६. | दाङ | १ | १२३ |
| ७. | रुकुम | ३ | ५३० |
| ८. | काठमाडौ | १ | ३२२ |
| ९. | मोरङ | १ | ९९ |

### ३.३.२ महिला स्वास्थ्य परामर्श केन्द्र सञ्चालन

समुदायमा रहेका विभेदपूर्ण सामाजिक संरचना र यसले महिलाका स्वास्थ्यमा पारेको असरबारे जानकारी दिई महिलाहरूको स्वास्थ्यसम्बन्धि वास्तविक समस्याहरूको पहिचान गर्न सहजीकरण गर्न। महिलाको शरीर, यौनिकता, प्रजनन अंग तथा प्रणालीका बारेमा जानकारी दिएर महिला स्वास्थ्य र महिला स्वास्थ्य अधिकारका स्थानीय जडीबुटीबाट उपचार गर्ने विधिका बारेमा सचेतना गर्न महिला स्वास्थ्य परामर्श केल्द्र सञ्चालन गरिएको छ। जसमा महिलाहरूले आफूले कहीँ भन्न नसक्ने मनको कुरा परामर्श केन्द्रमा भन्न सक्छन्। महिलाहरूको आफ्नो स्थानको रूपममा परामर्श केन्द्रले सेवा दिएको छ। संस्थाको कार्यक्षेत्रका छवटा जिल्लाहरूमा २९ वटा महिला स्वास्थ्य परामर्शकेन्द्र सञ्चालन गरिएको छ।

**परामर्श केन्द्र सञ्चालन भएका जिल्लाहरू :**

| क.स. | जिल्ला | परामर्शकेन्द्र संख्या | सेवा पाउनेको संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | उदयपुर | ७ | ९९२ | सामुदायीक स्वास्थ्य किल्निक |
| २. | सिराहा | ४ | ९६० | |
| ३. | महोत्तरी | ३ | ३१० | |
| ४. | सर्लाही | ३ | ३२० | |
| ५ | रुकुम | २ | २४३ | |
| ६. | दाङ | १० | | |
| ७. | मोरङ | २ | ३३९ | मनोविमर्श केन्द्र |
| ८. | कैलाली | २ | १६१ | मनोबिमर्श केन्द्र |

### ३.३.३ यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी स्कुल शिक्षा

विद्यालयमा रहेका किशोर किशोरीहरूमा खुलेर प्रजनन स्वास्थ्यको कुरा नगर्ने प्रजनन स्वास्थ्यसम्बन्धी नकारात्मक बुझाइ रहेको र किशोर किशारी अवस्थामा हुने शारीरिक परिवर्तन, मानसिक परिवर्तन र यसमा समाजको धारणा र उनीहरूमा पर्ने असरका बारेमा जानकारी गराउनका लागि विद्यालयमा गएर प्रजनन स्वास्थ्यसम्बन्धी अनुशिक्षण गरिएको छ। यो वर्ष १२४ वटा विद्यालय शिक्षा सञ्चालन गरी ६,८२० जना किशोर किशोरीहरूलाई यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अनुशिक्षण गरिएको छ। जसबाट किशोर किशोरीहरू आफ्नो समस्या र मनको कुरा खुलेर बोल्न थालेका छन् भने हिंसाका घटना भएमा यौन दुर्व्यवहार भएमा साथी र सम्बन्धित निकायमा गएर समस्या भन्न सक्ने भएका छन्।

### २९. ओसीएमसी तथा परोपकार स्त्री तथा प्रसूति रोग अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि चार दिने लैङ्गिक विभेदमा आधारित हिंसा तथा सम्प्रेषण संयन्त्रसम्बन्धी दुई चरणको तालिम सम्पन्न



ओसीएमसी मार्फत लैङ्गिक हिंसा प्रभावितले स्वास्थ्य उपचार, मनोविमर्श तथा परामर्श सेवा र अन्य एकीकृत स्वास्थ्य सेवा प्राप्त गर्दछन्। स्वास्थ्यकर्मी हिंसा प्रभावितको सबैभन्दा पहिलो सम्पर्कमा आउने व्यक्ति भएकाले स्वास्थ्यकर्मीहरूको विषयगत दक्षता अभिवृद्धि गरी प्रभावित केन्द्रित स्वास्थ्य सेवा प्रदान गर्न विषयगत रूपमा दक्ष गराउने उद्देश्यले ओरेकले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, टेकुसँगको समन्वयमा डिसेम्बर १७ देखि ३० डिसेम्बर २०२१ सम्म दुई चरणमा ४ दिने लैङ्गिक हिंसा तथा सम्प्रेषण संयन्त्रसम्बन्धी तालिमको आयोजना गरेको थियो। तालिममा ओसीएमसी तथा परोपकार स्त्री तथा प्रसूति रोग अस्पतालमा कार्यरत डाक्टर, नर्सहरूसहित २४ जना स्वास्थ्यकर्मीहको उपस्थिति रहेको थियो।

स्वास्थ्यकर्मीहरूले क्लिनिकल सेटिङमा हिंसा प्रभावितको पहिचान गर्ने, मनोविमर्श सेवा प्रदान गर्ने उपयुक्त रेफरलका लागि समन्वय गरी प्रभावितको न्याय पहुँचमा सहयोग पुऱ्याउने उद्देश्यले तालिमको आयोजना गरिएको थियो। परोपकार स्त्री तथा प्रसूति रोग

अस्पतालमा कार्यरत बरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञहरू डा. सपना अमात्य वैद्य, डा. दिप्ती श्रेष्ठ, डा. श्रीराम खड्काले तालिमलाई सहजीकरण गर्नुभएको थियो । साथै लैङ्गिक हिंसासम्बन्धी कानुनी प्रावधान लगायतका विषयलाई सहजीकरण राष्ट्रिय महिला आयोगका अधिवक्ता श्री विमला खड्का र हिंसा सम्बोधनमा प्रहरीको भूमिका र स्वास्थ्यकर्मीहरूले हिंसा प्रभावितको न्याय पहुँचका लागि तयार गर्नुपर्ने आवश्यक कागजातहरू जस्ता विषयलाई समेटेर प्रहरी प्रधान कार्यालय नक्सालका डि.एस.पि. छिरिङ किप्पा लामाले तालिमलाई सहजीकरण गर्नुभएको थियो । तालिम मार्फत परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल र ओसीएमसीमा कार्यरत सहभागी स्वास्थ्यकर्मीहरूलाई हिंसा प्रभावितको क्लिनिकल हेरचाह, सामान्य उपचार, लैङ्गिक हिंसा प्रभावितहरूको समग्र व्यवस्थापन गर्न सहयोग पुगेको सहभागीहरूले जनाएका थिए ।

### ३.३.४ महिलामाथि हुने हिंसा, यसले महिला स्वास्थ्यमा पार्ने असर र स्थानीय तहको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम

१६ दिने अभियानको अवसरमा उदयपुरको लिम्चुङबुङ, रौतामाई, उदयपुरगढीमा ओरेक उदयपुरको आयोजनामा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा कार्यालय, वडा कार्यालय र रौतामाई गाउँपालिकाकामा जाल्पाको एकीकृत समाज विकासको सहकार्यमा हिंसाले महिलाको प्रजनन तथा मानसिक स्वास्थ्यमा पर्ने असर र यसको सम्बोधनमा स्थानीय तहको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा हिंसाले महिलाहरूको स्वास्थ्यमा कसरी असर गरिरहेको छ भन्ने सवालहरूमा ओरेकमा अभिलेख भएका तथ्यांकहरूसहितको प्रस्तुतीकरण गरिएको थियो । साथै स्थानीय तहले यसलाई सम्बोधन गर्न आगामी दिनमा योजना निर्माण गर्दा समावेश गर्नुपर्ने सवालहरूको सम्बन्धमा छलफलसमेत गरिएको थियो । कार्यक्रममा बोल्दै जनप्रतिनिधि टकं बहादुर श्रेष्ठले महिला स्वास्थ्यको सवालमा ओरेकले निकै लामो समयदेखि काम गर्दै आएकाले योजना निर्माण गर्ने क्रममा ओरेकको समन्वय तथा सहकार्य आवश्यक रहेको समेत बताउनुभएको थियो । कार्यक्रममा सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, महिला अधिकारकर्मीहरू युवा सञ्जाल, बाल क्लब, महिला, युवा समूह तथा सञ्जाल र शिक्षकहरूसहित १८२ जना महिला र ६४ जना पुरुषहरू गरी २४६ जनाको उपस्थिति रहेको थियो ।

### ३.३.५ महिला स्वास्थ्यसम्बन्धी अभिमुखीकरण

स्वास्थ्य जीवन जिउन पाउनु मानिसको जन्मसिद्ध अधिकार हो । निःशुल्क स्वास्थ्य उपचार, स्वास्थ्य सेवा र सूचनाको सुविधा पाउनु उसको अधिकार हो स्वास्थ्य रहनु मानिसको जन्मसिद्ध अधिकार भएता पनि नेपालको सन्दर्भमा अधिकांश महिलाहरूले सामान्य भन्दा सामान्य स्वास्थ्य उपचार सेवा नपाएकै कारण ज्यान गुमाउनु परिरहेको छ । समुदायका महिलाहरूले स्वास्थ्यसम्बन्धी जानकारी नभएका कारण समस्या झेल्न परेको अवस्था छ । महिलाहरूलाई स्वास्थ्य समस्या आउने कारण, रोकथामका लागि अपनाउनुपर्ने सावधानी, स्वहेरचाह र आफ्नो स्वास्थ्यका लागि उपयोगी हुने जडीबुटीका बारेमा जानकारी दिने उद्देश्यले संस्थाद्वारा परीचालन गरेका महिला समूह र किशोरी समूहमा एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । यो वर्ष १९८ वटा अभिमुखीकरण गरी ३१५७ जना महिला र किशोरीहरूलाई महिला स्वास्थ्यसम्बन्धी जानकारी गराइएको छ । अभिमुखीकरणपश्चात् सहभागीहरूले सधैं जीवनमा आउने समस्याका बारेमा जानकारी पाएकाले उपयोगी भएको र यस्ता अभिमुखीकरण बेलाबेलामा गरिरहनुपर्ने बताएका थिए ।

### ३.३.६ किशोरीहरूलाई साथी शिक्षक तालिम

किशोर किशोरीहरूमा भएका शारीरिक, मानसिक, पारिवारिक साथै भावनात्मक समस्यालाई नजिकबाट सम्बोधन गर्न र स्थानीयस्तरमै समाधान गर्न किशोर किशोरीहरूको क्षमता विकास साथै संस्थाका अभियानहरूलाई किशोर किशोरीहरू मार्फत समुदाय तहसम्म पुऱ्याउने उद्देश्यले तीन दिने साथी शिक्षक तालिम सञ्चालन गरिएको छ । तालिममा दाङ जिल्लाका १४ वटा बिद्यालयका ८,९,१० कक्षाका ३३ जना किशोर किशोरीहरूको सहभागिता रहेको थियो । साथी शिक्षक मार्फत यौन तथा प्रजनन स्वास्थ्यका बारेमा समुदाय तथा विद्यालयमा सूचना वा जानकारी प्रवाह गर्न सहजताका लागि क्षमता विकास गर्न तालिमको आयोजना गरिएको थियो । तालिमपश्चात् किशोर किशोरीहरूले बनाएको कार्ययोजना विद्यालयको योजनामा समावेश गरी कार्यान्वय गर्न विद्यालयहरू प्रतिवद्ध भएका थिए । सिकेका कुराहरूलाई व्यवहारमा लागू गर्ने र विद्यालय तथा समुदायमा सचेतनामूलक अभियान सञ्चालन गर्ने प्रतिबद्धता जनाएका छन् ।

### ३.३.७ किशोरी स्वास्थ्य मेला

समाजमा अहिले पनि महिला र किशोरीहरूले यौन तथा प्रजनन स्वास्थ्य जीवनको अधिकार यातनाबाट मुक्त हुने अधिकार प्राप्त गर्न सकेको अवस्था छैन । महिला र किशोरीको न्याका लागि र यौन तथा प्रजनन स्वास्थ्य सुनिश्चित गर्न सचेतनाका लागि रूपन्देही जिल्लामा रहेका सरोकारवालाहरूको समन्वय र सहकार्यमा किशोरी स्वास्थ्य मेलाको आयोजना गरिएको थियो । कार्यक्रममा सूचनामूलक पोस्टरको स्टल, कपडाको प्याड बनाउने, सूचनामूलक भिडियो, सरोकारवालाबीच अन्तर्क्रिया, म्युजिकल चेयर गेम जस्ता कार्यक्रम राखिएको थियो । कार्यक्रममा २५० जनाको सहभागिता रहेको थियो ।

### ३.३.८ महिला स्वास्थ्य परामर्श केन्द्रको व्यवस्थापन समिति बैठक

संस्थाद्वारा सञ्चालन गरिएको महिला स्वास्थ्य परामर्श केन्द्रलाई दिगो र प्रभावकारी सञ्चालनका लागि गठन गरिएको व्यवस्थापन समितिको बैठक आवश्यकताअनुसार बसिरहेको छ । यो आ.ब. मा परामर्शकेन्द्र सञ्चालन भएका छवटै जिल्लाका २९ वटा परामर्श केन्द्रको व्यवस्थापन समितिको ९६ पटक बैठक भएको छ जसमा ८६४ जनाको सहभागिता रहेको थियो । बैठकमा परामर्श केन्द्रको सेवालाइ प्रभावकारी बनाउने र दिगोपनका लागि स्थानीय तह वडा र नगरपालिका गाउँपालिकासँग समन्वय गर्ने बारेमा छलफल भएको थियो ।

### ३.३.९ पारिवारिक सहयोग, माया र छलफलद्वारा सम्बन्ध सुदृढ गर्न अध्ययन

ओरेक, पोसिबल र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को समन्वय तथा सहकार्यमा पारिवारिक सहयोग, माया र छलफलद्धारा सम्बन्ध सुदृढ गर्नका लागि मधेस प्रदेशको जिल्ला धनुषा जिल्लामा उक्त अध्ययन सञ्चालन गरिएको छ, यस अध्ययले मधेस प्रदेशका २५ घर परिवारमा घरेलु हिंसाको अवस्था, हिंसामा श्रीमानबाहेक अन्य सदस्यहरूको भूमिका र यसले महिलामा पार्ने मानसिक तथा सामाजिक असर सम्बन्धमा सर्वेक्षण गर्ने गरी मनोसामाजिक परामर्श गर्ने योजनासहित कार्यक्रम सञ्चालन भइरहेको छ । सम्पर्कमा आएका २५ घरपरिवारलाई ९ हप्तासम्म निरन्तर परामर्श प्रदान गरी यसबाट देखिएको प्रभाबलाई मूल्यांकन गर्ने योजना रहेको छ ।



# मानव अधिकार र सामाजिक न्याय अभियान

**पृष्ठभूमि**

महिलावादी आन्दोलनले संरचनागत परिवर्तन गर्दै सबैको मानव अधिकार र सामाजिक न्यायको सुनिश्चितताका लागि प्रोत्साहन गर्दछ। हामीकहाँ सदियौंदेखि लिङ्ग, लैङ्गिकता, यौनिक पहिचान, यौनिकता, जात, वर्ग, पेसा, भूगोल वा स्थान, अपाङ्गता र धर्मका आधारमा शक्तिमा पहुँच भएका वर्गले पछाडि पारिएका वर्गलाई थिचोमिचो गरिरहेको अवस्था छ। जसको कारणले महिला, बालिका, किशोरी र यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अन्य पछाडि पारिएका समुदायका व्यक्तिहरू आधारभूत मानव अधिकारबाट बञ्चित रहेका छन्। यो अवस्थामा ओरेकले सबै असमान शक्ति सम्बन्धमाथि महिलावादी दृष्टिकोण बनाउँदै सबै प्रकारका विभेद र हिंसाको अन्त्य गर्न नीतिगत रूपमै राज्यको सामाजिक, सांस्कृतिक र आर्थिक संरचनामा रूपान्तरणका लागि कार्य गरिरहेको छ। ओरेकले मानव अधिकारलाई सामाजिक न्यायको माध्यमको रूपमा कार्य गर्दै आएको छ। यसका लागि संस्थाले समुदायसँग तालमेल गरी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सचेतना र वकालत गर्ने काम गरिरहेको छ। व्यक्तिगत नै राजनीतिक हो भन्ने मान्यतालाई मनन् गर्दै व्यक्तिको मानव अधिकार हननको सवाल राजनीतिक सवालको रूपमा संस्थाले बुझेको छ र यस्ता सवालहरूको नीतिगत संवोधनका लागि पहल गरिनै रहेको छ। संस्थाले मानव अधिकार उल्लङ्घनका घटनाहरूको सत्य तथ्यको खोज र त्यसमै आधारित पैरवीका साथै प्रमाण र अनुभवका आधारमा अनुसन्धानहरू पनि सञ्चालन गर्दछ, । यो आर्थिक वर्षमा मानव अधिकार र सामाजिक न्याय अभियानअन्तर्गत कैलाली, कञ्चनपुर, दाङ, रूपन्देही, कपिलवस्तु, रुकुम, धनुषा, महोत्तरी, सर्लाही, धनुषा, सिराहा, उदयपुर, सुरसरी, मोरङ र काठमाडौंमा विभिन्न कार्यक्रम र अभियानहरू मार्फत ५००० भन्दा बढी महिला/मानव अधिकार रक्षक र अन्य महिला, किशोरी र सरोकारवालाहरू जोडिएका छन्।

**खोप कार्डको अनिवार्यताका र महिला तथा सीमान्तकृत समुदायका सदस्यहरूले भोग्नुपरेका कठिनाई विषयक संवाद कार्यक्रम**




कोरोना महामारीको अवस्थामा पनि ओरेकले विशेषगरी हिंसा प्रभावित महिला, सीमान्तकृत समुदायका व्यक्तिहरूमाथि भएका अधिकार हनन तथा स्रोत, सेवा तथा सुविधाबाट वञ्चितीकरणमा परेको अवस्थालाई अभिलेखीकरण गरी उक्त तथ्यकै आधारमा पैरवीमुलक गतिविधिहरू सञ्चालन गरेको थियो। यसै सिलसिलामा, सरकारले कोरोना महामारीको तेस्रो लहरलाई व्यवस्थापन गर्न भनी लागू गरेको स्मार्ट लकडाउन तथा अत्यावश्यकीय सेवाका लागि समेत खोप कार्डको अनिवार्यताले कैयौं हिंसा प्रभावित महिला, किशोरी तथा सीमान्तकृत समुदायका व्यक्तिहरू सेवाबाट वञ्चित हुनुपरेको यथार्थतालाई मध्यनजर गर्दै यस विषयमा सरोकारवालाहरूलाई ध्यानाकर्षण गराउने उद्देश्यका साथ २१ जनावरी २०२२ मा भर्चुअल माध्यमबाट राष्ट्रिय संवाद कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा कोभिड १९ संकट व्यवस्थापन केन्द्र, सवास्थ्य संस्था सेवा प्रदायक, स्थानीय सरकार, नेपाल प्रहरी, राष्ट्रिय मानव अधिकार आयोग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, समुदायका प्रतिनिधिहरूसहित जम्मा १३५ जनाको सहभागिता रहेको थियो। यो कार्यक्रम गर्नुपूर्व संस्थाले यिनै सवालहरूमा केन्द्रित रही कोभिड १९ संकट व्यवस्थापन केन्द्रका प्रमुखलाई ध्यानाकर्षण पत्रसमेत बुझाएको थियो।

**मानव अधिकार हननका विभिन्न बिषयमा ध्यानाकर्षण पत्र बुझाएको एक किशोरीको जलेर मृत्यु भएको भनिएको घटनाप्रति निशपक्ष छानविनको माग**

कपिलवस्तु जिल्लाको महाराजगंज नगरपालिकामा एक किशोरीको जलेर मृत्यु भएको भनिएको घटनाप्रति निशपक्ष छानविनको माग गर्दै संस्थाले जिल्लाको महिला मानव अधिकार रक्षक सञ्जालसँगको सहकार्यमा प्रदेश प्रहरी र मानव अधिकार आयोगमा ध्यानाकर्षण पत्र बुझाएको छ। यो प्रक्रियामा संस्थाका कर्मचारी र जिल्लाका मानव अधिकारकर्मीहरूसहित एक अध्ययन टोलीको

गठन गरी स्थलगत अध्ययन गरी उक्त प्रतिवेदनको आधारमा मृतक किशोरी र उनको परिवारको न्यायका लागि माग गरेको थियो। उक्त ध्यानाकर्षणपश्चात् राष्ट्रिय मानव अधिकार आयोगले छुट्टै स्थलगत अध्ययन गरेको छ भने प्रहरीले पनि घटनाको अनुसन्धान प्रक्रियालाई अघि बढाएको छ।

### १४ वर्षीय किशोरीको हानिकारक परम्परागत अभ्यासको आडमा गरिएको हत्यासम्बन्धी स्थलगत प्रतिवेदन

महिला/किशोरी तथा बालिकाहरूमाथि हुने हिंसाको चरम रूपको यो एउटा प्रतिनिधिमूलक घटना मात्र हो। हानिकारक परम्परागत अभ्यासको आडमा महिला तथा बालिकामाथि विभिन्न स्वरूपमा हिंसाका घटनाहरू घटिरहेको छ। ओरकले आर्थिक वर्ष २०७७ साउनदेखि २०७८ असारसम्म कुल २३१ जना महिला/किशोरी तथा बालिकाहरूमाथि हानिकारक परम्परागत अभ्यासको आडमा विभिन्न स्वरूपमा हिंसा भएको पाएको छ। यही आर्थिक वर्षमा काठमाडौंमा एक माता भन्नेले हानिकारक परम्परागत अभ्यासको आडमा एक किशोरीलाई कुटी तीन दिनसम्म यातना दिएर मारेको घटना बाहिर आइसकेपछि ओरेकले घटनाबारे स्थलगत प्रतिवेदन तयार पारेको छ। मृतकको परिवारले प्रहरीको अनुसन्धान सन्तोषजनक नभएको भन्ने गुनासो संस्थामा गरेपछि निश्पक्ष छानविन र दोसीलाइ कडा भन्दा कडा कारबाहीका लागि दबाब स्वरूप राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगमा निवेदन दिन पसामर्श दिइयो भने घटनाको निष्पक्ष छानबिनको मागसहित प्रहरीको पनि ध्यानाकर्षण गरिएको थियो।

### सामाजिक न्याय सुनिश्चितताका लागि महिला पुनर्स्थापना केन्द्र आरेकको माग

सामाजिक न्यायको सुनिश्चितताका लागि स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा विकास नीति र अभ्यासहरूमा परिवर्तन ल्याउनुपर्ने आवश्यकता बोध गर्दै विश्व सामाजिक न्याय दिवस फेब्रुअरी २० मा संस्थाले सरोकारवालाहरू समक्ष मागपत्र जारी गरेको छ। जबसम्म विकासको परम्परागत पद्धतिलाई चुनौती दिइँदैन तबसम्म सामाजिक न्यायलाई प्रबर्द्धन गर्न चुनौतीपूर्ण रहन्छ। त्यसै गरी महिला तथा इतिहासको कालखण्डदेखि विभेदमा पारिएका समुदायको अधिकार सुनिश्चितताका लागि देशको राजनीतिक, आर्थिक, सामाजिक लगायतका सम्पूर्ण किसिमका निर्णय प्रक्रियाका सबै तहमा उनीहरूको समानुपातिक सक्रिय सहभागितालाई अनिवार्य गराइनु पर्दछ र यसका लागि पुनर्वितरित न्यायको अवधारणाबाट नीति योजना निर्माण हुनुपर्ने जस्ता मागहरू उक्त पत्रमा उल्लेख छन्।

### स्थानीय तहको निर्वाचनमा उम्मेदवारले दिएको असंवेदनशील अभिव्यक्तिप्रति संस्थाका ध्यानाकर्षण

काठमाडौं महानगरपालिकाका मेयरले सार्वजनिक कार्यक्रमहरूमा दिएका महिलालाई होच्याउने र चरित्र हत्या गर्ने जस्ता असंवेदनशील अभिव्यक्तिप्रति ओरेक, महिला मावन अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल लगायत अधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाहरूको गम्भीर ध्यानाकर्षण गराएका छन। उनको यो कार्य नेपालको संविधानको धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने अधिकार, धारा १७ को स्वतन्त्रताको हक, धारा १८ को समानताको हक, धारा २९ को शोषणविरुद्धको हक, धारा ३८ को महिलाको हक तथा धारा ४२ को सामाजिक न्यायको हक लगायत अन्य मौलिक हकहरूका विरुद्धमा भएका कारण व्यक्तिको मौलिक हक कुण्ठित गर्ने उनका कार्यलाई राज्यले तुरुन्त कारबाहीको दायरामा ल्याउनुपर्ने मागसहित सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गरीएको हो।

### महिलाको सम्पतिमाथिको अधिकार कुण्ठित गर्न खोजिएको भन्दै सम्बन्धित सरोकारवालाहरूलाई ध्यानाकर्षण



नेपाल कानुन आयोगले सम्बन्धविच्छेद गरेको महिलाले पुनः विवाह गरे पूर्वपतिबाट प्राप्त अंश फिर्ता गर्नुपर्ने गरी नयाँ कानुनी व्यवस्थाका लागि संशोधन प्रस्ताव अघि बढाउने तयारी भइरहेको समाचारप्रति महिला पुनर्स्थापना केन्द्र (ओरेक) सरोकारवालाहरूलाई ध्यानाकर्षण गरेको छ। बेलाबखतमा महिलाको मानव अधिकार उल्लङ्घन हुने गरी बाहिर आउने यस्ता सोच, प्रस्ताव र अभिव्यक्तिहरू विद्यमान पितृसत्तात्मक सोचको उपज हो। महिलाको श्रमको मूल्याङ्कन नगर्ने, महिलाको शरीरलाई नियन्त्रण गरिनुपर्छ र महिलाको आफ्नो छुट्टै पहिचान हुँदैन भन्ने विभेदकारी मूल्य मान्यताबाट राज्यका सबै संरचनाहरू निर्देशित भई आउने यस्ता खाले अभिव्यक्तिहरूले महिलाको स्वतन्त्रता, स्रोत माथिको पहुँच र नियन्त्रण तथा सामाजिक न्यायको अधिकारलाई कुण्ठित गरेको छ।

संस्थाले यो प्रस्ताव नेपालको संविधानको धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने अधिकार, धारा १७ को स्वतन्त्रताको हक, धारा १८ को समानताको हक, धारा २५ को सम्पतिमाथिको हक, धारा २९ को शोषणविरुद्धको हक, धारा ३८ को महिलाको हक तथा धारा ४२ को सामाजिक न्यायको हक लगायत अन्य मौलिक हकहरू, त्यसै गरी यस्ता प्रस्तावहरू मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १६ ले कानुनी उमेर पुगेका कुनै पनि व्यक्तिले कुनै पनि अवरोध र सर्तविना आफूले चाहेको व्यक्तिसँग विवाह गर्न पाउने र चाहेको अवस्थामा सम्बन्ध विच्छेद पनि गर्न पाउने प्रावधान र महिलाविरुद्ध हुने सबै खाले भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिड) को मर्मको विरुद्धमा छ भन्दै यस्तो संशोधन प्रस्ताव तत्काल बन्द गर्न भनेको थियो ।

जस्तोसुकै वैवाहिक स्थिति भएता पनि महिलाले विवाहपश्चात् सम्पतिमाथिको अधिकार दाबी गर्ने आधार भनेको महिलाको प्रजनन भूमिका, घर र परिवारमा गरेको सेवामूलक काम, भावनात्मक र अन्य आर्थिक जस्ता हरेक पक्षमा महिलाले गरेको श्रमको मूल्याङ्कन हो । त्यसैले महिला अधिकारलाई खण्डित गर्ने गरी आएको यस प्रस्तावसम्बन्धी कुनै पनि गतिविधि अगाडि नबढाउनु हुन्न र यस्ता प्रस्ताव ल्यउनुपूर्व सवालसँग सम्बन्धित रहेर गहन अध्ययन अनुसन्धान गरी समुदायस्तरदेखि नै महिलाको सवालमा काम गर्ने संघसंस्था, सञ्जालहरू र विषय विज्ञहरूसँग परामर्श गर्न सम्बन्धित सबै निकायहरूको ध्यानाकर्षण गराएको छ । यसै सन्दर्भमा संस्थाले मिती २०७८ चैत्र १६ गते नेपाल कानुन आयोगका अध्यक्ष, श्री जागेश्वर सुवेदी, उपाध्यक्ष लक्ष्मी प्रसाद मैनाली र प्रतिनिधिसभा कानुन न्याय तथा मानव अधिकार समितिका सभापति माननीय श्री कृष्ण भक्त पोखेलज्यूलाई उक्त विषयमा ध्यानाकर्षण गराइएको छ ।

**महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार : सामाजिक रूपान्तरणको आधार राष्ट्रव्यापी अभियान**




सन् २०२१ म ओरेकले गरेको अनुसन्धानले निर्वाचित महिला प्रतिनिधिहरूले कामको बाँडफाँटमा भेदभाव, स्थानीय चुनावमा योग्य महिला उम्मेद्वारहरूलाई दलहरूले टिकट नदिने, प्रशासनिक र कार्यकारी कार्यहरूमा उनीहरूको नेतृत्व स्वीकार नगर्ने, यौन हिंसा लगायतका विभिन्न प्रकारका हिंसाको सामना गरेको देखिएको थियो । राजनीतिक दलभित्रै पनि महिलाको नेतृत्वलाई स्वीकार नगरिने परिपाटि विद्यमान छ । यसको ज्वलन्त उदाहरण निर्वाचनमा दलहरूले महिलालाई समानुपातिकको कोटामा मात्र सीमित बनाउन चाहने र प्रत्यक्ष निर्वाचनका लागि योग्य नठान्ने, महिला नेताहरूलाई उनीहरूको यौनिकतासँग जोडेर चारित्रिक आरोप लगाउने, सामाजिक, राजनीतिक परिवर्तनमा महिलाहरूले पुऱ्याएको योगदानको मूल्याङ्कन नगर्ने जस्ता हानिकारक अभ्यासहरूलाई मान्न सकिन्छ । राज्य संयन्त्रका सबै तहमा महिलाको समावेशी र समानुपातिक सहभागिता र नेतृत्वको संवैधानिक प्रवधानसँग यस्ता अभ्यासहरू बाझिएको छ । यो महिलामाथि भइरहेको राजनीतिक हिंसा हो ।


देशको आधाभन्दा बढी जनसंख्या भएका महिलाको नेतृत्व र अर्थपूर्ण राजनीतिक सहभागिता रूपान्तरित नेतृत्वका लागि आवश्यक पर्ने आधारभूत सर्त हो । महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार सुनिश्चित गर्न राज्यका सबै संयन्त्रहरूको ध्यानाकर्षण गर्न र निर्णायक तहमा महिला जनप्रतिनिधिको उपस्थिति सुनिश्चित गर्न राजनीतिक दलहरूमा दबाब सिर्जना गर्ने मुख्य उद्देश्यसहित महिला अधिकारकर्मी, सामाजिक अभियन्ता, राजनीतिक दलका प्रतिनिधिहरू, विद्यार्थी, सञ्चारकर्मी, कलाकारहरूसँगको समन्वय र सहकार्यमा महिला पुनर्स्थापना केन्द्र (ओरेक) द्वारा आफ्नो ३१ औँ वार्षिकोत्सवको शुभ-अवसरमा आगामी निर्वाचनमा निर्णायक तहमा महिलाको अर्थपूर्ण समानुपातिक समावेशी सहभागिता सुनिश्चितताको वातावरण तयार गर्न “महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार : सामाजिक रूपान्तरणको आधार” भन्ने नारासहित राष्ट्रव्यापी अभियान मिति २०७८ साल चैत्र १९ गते घोषणा गरेको छ ।

यस अभियानअन्तर्गत सबै प्रदेशका महिला मानव अधिकार रक्षक, ओरेक कार्यरत जिल्लाहरू, विभिन्न संघसंस्थाहरूले संयुक्त रूपमा, जिल्ला, प्रदेश र संघका राजनीतिक दलका नेताहरू र निर्वाचन आयोगलाई ध्यानाकर्षण पत्र बुझाउने, महिला मानव अधिकार रक्षक सञ्जाल, अन्तरपार्टी महिला सञ्जालसँग बैठक, पत्रकारहरूसँग अन्तर्क्रिया, अभिमुखीकरण, प्रदेशस्तरीय अन्तर्क्रिया, संवाद, स्प्यारो

मेसेजिङ, सोसियल मिडिया क्याम्पियन, हट लाइन नम्बर सञ्चालन, उम्मेदवार महिला र निर्वाचित महिलाहरूलाई भावनात्मक र टेक्निकल सहयोग जस्ता गतिविधिहरू सञ्चालन गरिएका थिए।

**महिला /मानव अधिकार रक्षक अभियान**

**मानव अधिकार रक्षकहरूको समष्टिगत सुरक्षा तालिम**




आर्थिक वर्ष २०७८/७९ भित्र तीनटा तलिम र एउटा प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन भएको छ। जसमा जम्मा ६५ जना मानव अधिकार रक्षकहरूको सहभागिता रहेको थियो। यौनिक तथा लैङ्गिक अल्पसंख्यक, भूमि दलित, महिला, अपांगता लगायतका अन्य विभिद अधिकारको क्षेत्रका मानव अधिकारका लागि कार्य गर्ने मानव अधिकार रक्षकहरूको सहभागितामा सम्पन्न तालिमका मुख्य बिषयवस्तुहरू भौतिक सुरक्षा, संस्थागत सुरक्षा, डिजिटल सुरक्षा, मनोसामाजिक सुरक्षा जस्ता विषयहरूमा छलफल भएका थिए।

नेपाल सरकार गृहमन्त्रालयको मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्नेसम्बन्धी आदेश, २०७७ भए तापनि त्यसको कार्यान्वयनमा पैभावकारिता नभएको तथा मानव अधिकार रक्षकको विभिधता र सामाजिक लैङ्गिक, जातीय, क्षेत्रीय, धार्मिक र वर्गीय आधारमा हुने विशिष्ट प्रकारका सुरक्षा चुनौतीहरूलाई सम्बोधन गर्ने खालको छुट्टै सुरक्षा नीति बन्नु पर्नेमा सबैको जोड रहेको छ भने तालिम मार्फत नै यसका लागि पहल गर्न सबै सहभागीहरूले राष्ट्रिय मानव अधिकार आयोगका सचिवलाई समेत ध्यानाकर्षण गरेका छन्। तालिम मार्फत मानव अधिकार रक्षकहरूले आफूमाथि हुन सक्ने र भएका जोखिमहरूको लेखाजोखा गरी आफ्नो सुरक्षा योजना बनाउन सफल भएका छन्। त्यसै गरी नेपालको मानव अधिकार आन्दोलनमा महिला मानव अधिकार रक्षकहरूले पुऱ्याएको योगदानको कदर नभएको र पहिचानको मान्यता नदिएको कारण महिला मानव अधिकार रक्षकहरूको सुरक्षा, पहिचान र सम्मान स्थापित गराउन सबै मानव अधिकार रक्षकहरू संगठित हुनुपर्नेमा संयुक्त आवाज निर्माण भएको थियो।

**महिला /मानवअधिकार रक्षकहरूको गतिविधि**



कसैको पनि मानव अधिकार रक्षाका लागि सक्रिय महिलाहरू महिला मानव अधिकार रक्षकहरू (WHRD) हुन्। जसमा उनीहरू को हुन् र उनीहरूले के गर्छन् भन्ने प्रमुख हुन्छ। (Calming Rights, Claming Justice, 2007). WHRD's आफ्नो र अरूको अधिकारको रक्षाको क्रममा आफै नै हिंसाको उच्च जोखिममा रहेको पाइन्छ। ओरेकले मानव अधिकारको प्रवर्द्धन र संरक्षणमा उनीहरूको भूमिकालाई महत्वका साथ लिने गर्दछ। साथै आफू महिला मानव अधिकार रक्षक भएकै कारणले गर्दा उनीहरूले भोग्नुपरेको सुरक्षा र पहिचानका सवाल सम्बोधनका लागि विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय प्लेटफर्महरूमा वकालत गरिरहेको छ। महिला मानव अधिकार रक्षक को हुन् र के काम गर्छन् भन्ने आधारमा उनीहरूलाई गरिने हिंसा मानव अधिकार हनन् को सवाल हो, जसले समग्र मानव अधिकारको आन्दोलनलाई नै कमजोर बनाउँछ। महिला मानव अधिकार रक्षकहरूको सवाल सम्बोधन गर्न राज्य र विभिन्न सरोकारवालाहरूलाई दबाब सिर्जना गर्ने उद्देश्यसहित समुदाय तहदेखि राष्ट्रियस्तरमा रहेका महिला मानव अधिकार रक्षकहरूको नेतृत्वमा विभिन्न क्रियाकलापहरू गरेका छन्। जसमा १५०० भन्दा बढी महिला मानव अधिकार रक्षकहरूको सहभागिता रहेको छ।

मानव अधिकार रक्षकहरूको लामो समयको पैरवीपश्चात् सुदूरपश्चिम प्रदेशमा मानव अधिकार रक्षकाको सामाजिक सुरक्षा तथा पहिचानका लागि कार्यविधि तयार भएको छ। कैलाली र कञ्चनपुरका महिला मानव अधिकार रक्षक सञ्जाललाई हिंसा प्रभावित बालबालिकाको पहिचान सहयोग र सुरक्षित सम्प्रेषण संयन्त्रसम्बन्धी तीन दिने तालिम एउटा सञ्चालन गरेको छ। महिला मानव

अधिकार रक्षक सञ्जालको वार्षिक कार्ययोजना तयार भई कार्यान्वय प्रक्रियामा अगाडि बढेको छ। धनुषामा मानव अधिकार रक्षकहरूको सम्मेलन सम्पन्न भएको छ र मुख्यमन्त्री कार्यालयलाई मानव अधिकार रक्षकहरूको सुरक्षा र पहिचान सुनिश्चितताक लागि ध्यानाकर्षण तथा ज्ञापन पत्र बुझाइएको छ। कैलालीमा मानव अधिकार हनन सवालमा सुदूरपश्चिम मानव अधिकारको अवस्था तथा चुनौती विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो जसमा ९ जिल्लाका सहभागीको सहभागिता रहेको थियो । सहभागीहरूले मुख्यमन्त्रीलाई मानव अधिकार हननका सवालको माग पत्र बुझाएका थिए। सुदूरपश्चिमका मानव अधिकारकर्मीहरूको सुरक्षाको पहिचानका लागि कार्यविधि तयार भएको छ। सुदूरपश्चिम प्रदेशका महिला पत्रकाहरूको सुरक्षा र पहिचानका लागि प्रदेश सरकारलाई १० बुँदे माग बुझाइएको छ। धनुषामा महिला मावन अधिकार रक्षक सञ्जालमा नयाँ पुस्ताहरूलाई समावेश गरिएको छ भने दाङमा महिला मानव अधकार रक्षक सञ्जाललाई पालिकास्तरमा विकास गर्नका लागि पालिकास्तरमा महिला मानव अधिकार सञ्जालका सदस्यहरू थप गरिएको। त्यसै गरी कैलाली र कञ्चनपुरका महिला मानव अधिकार रक्षक सञ्जाललाई हिंसा प्रभावित बालबालिकाको पहिचान सहयोग र सुरक्षित सम्प्रेषण सयन्त्रसम्बन्धी तीन दिने तालिम दुईवटा सञ्चालन गरेको छ भने महिला मानव अधिकार रक्षक सञ्जालको वार्षिक कार्ययोजना तयार भई कार्यान्वयनको प्रक्रियामा अगाडि बढेको छ। कैलाली, कञ्चनपुर, दाङ, रूपन्देही, कपिलवस्तु, रुकुम, धनुषा, महोत्तरी, सर्लाही, धनुषा, सिराहा, उदयपुर, सुरसरी र मोरङमा विभिन्न तालिम, अभिमुखीकरण, अन्तर्क्रिया मार्फत युवा सञ्जालको ८० जना युवा महिलाहरूले आफूलाई महिला मानब अधिकार संरक्षको रूपमा पहिचान बनाएका छन्।

**अन्तर्राष्ट्रिय शान्ति दिवसको अबसरमा आयोजित "द्वन्द्व प्रभावित" महिलाहरूको सवालमा प्रदेशस्तरीय प्यानल छलफल "मेरो आत्म सम्मान कहाँ छ"**

द्वन्द्व प्रभाबितहरूको राष्ट्रिय सन्जाल सहज सञ्जालका अध्यक्ष सोनिया चौधरीको अध्यक्षता तथा आर्थिक मामीला तथा कानुन मन्त्री सिता नेपालीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा कर्णाली प्रदेश योजना आयोगका माननीय डा. सर्वराज खड्का, सत्य निरूपण तथा मेलमेलाप आयोगका माननीय बिष्णु पोखेल लगायत विभिन्न सरोकारवालाहरूको उपस्थिति थियो। कार्यपत्र ओरेकका कार्यकारी निर्देशक लुभराज न्यौपानेले गर्नुभएको थियो। त्यसपश्चात् द्वन्द्वको समयमा यौन हिंसा खेपेका महिलाहरूको कथा प्रस्तुत गरिएको थियो। साथै खुल्ला छलफल गरी प्यानल लिष्ट तीन जनाबाट छलफल गरिएको थियो।

**सहज सन्जाल, पैरवी सन्जाल तथा सामुदायिक सन्जालको बैठक तथा छलफल**

द्वन्द्व प्रभावित महिलाहरूलाई संगठित र सशक्तीकरण गर्ने उद्देश्यसहित रुकुममा मासिक बैठक निरन्तर सञ्चालनमा छ। बैठकमा मुख्यगरी मनोसामाजिक समस्या भनेको के हो, मनोसामाजिक समस्याका लक्षण के के हुन्, तनाब व्यवस्थापन, आरामदायी अभ्यास, महिला हिंसा र महिला स्वास्थ्य, दिगो विकाश लक्ष्यको लक्ष्य नं ३ लगायतका बिषयमा छलफल गरिएका छन्। त्यसै गरी दिगो बिकासका लक्षहरूमा केन्द्रित छलफल, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनका प्रावधानबारे छलफल, द्वन्द्व प्रभावितका लागि स्थानीय सरकारले गरेका व्यवस्थाहरूबारे जानकारी गर्ने गराउने कार्य निरन्तर भइरहेको छ। जसका कारण द्वन्द्व प्रभावित महिलाहरू स्थानीय सरकारसँग आफ्नो सवाल सम्बोधनको मागसहित आवाज उठाउन सफल भएका छन्।

**शान्तिका लागि युवा नेतृत्व**



त्यसै गरी यो आर्थिक वर्षभित्र युवाहरूको नेतृत्वमा रुकुम, दाङ, उदयपुर, धनुषा, मोरङ, रूपन्देही, कपिलवस्तु, सुरसरी, सिराहमा नेतृत्व विकाश र सहजीकरण सीपसम्बन्धी युवाहरूलाई तालिम, अभिमुखीकरण तथा विभिन्न कार्यशाला गोष्ठी सम्पन्न गरिएको छ। छलफलमा लैङ्गिक हिंसा र बालविवाह न्यूनीकरण बिषयक अन्तर्क्रिया, द्वन्द्व, शान्ति र महिला हिंसा बिषयमा सडक नाटक, लैङ्गिक हिंसा न्यूनीकरणमा युवाहरूको भूमिका बिषयमा वकृत्वकला प्रतियोगिता लगायतका युवा सशक्तीकरण र पैरवीमूलक गतिविधिहरू सञ्चालन भएको छ। जसमा १००० भन्दा बढी युवा महिला तथा पुरुषहरूको सहभागिता रहेको थियो। यी क्रियाकलापहरूपस्चात् विभिन्न जिल्लाहरूमा युवाहरूले आफ्नो सवालहरू पहिचान गरी कार्ययोजना नै निर्माण गरका छन् भने कतिपयले स्थानीय तहसँग बजेट माग गरी लैङ्गिक हिंसाविरुद्धका विभिन्न अभियानहरू नै सञ्चालन गरिरहेका छन्।


# महिलाहरूको न्यायमा पहुंच

संस्थाले विगतका वर्षहरूदेखि नै काठमाडौं, उदयपुर, मोरङ, सुन्सरी, दाङ, कैलाली, धनुषा, रुकुम, सुर्खेत र सिराहाको कार्यालयबाट कानुनी सहयोग प्रदान गर्दै आएको छ। उक्त तथ्यांकलाई हेर्दा २५६ जना प्रभावितको ३०२ वटा मुद्दा दायर भई कानुनी प्रक्रियामा अघि बढेको छ। यद्यपि यी सबै मुद्दाहरू यही वर्षमा मात्र दर्ता भएका भने होइनन् यसमा केही मुद्दाहरू पहिलेदेखिको अदालती प्रक्रियामा रहेका मुद्दा हुन् र विगत एक वर्षमा ती मुद्दाहरूको कारबाहीमा समेत कानुनी सहयोग प्रदान गरिँदै आएको छ भने माथि उल्लेख भएअनुसार यस वर्ष मात्र १२६ वटा नयाँ मुद्दा संस्थाको सहजीकरणमा दायर गरेको छ। महिलाविरुद्ध हिंसाका प्रभावितहरूको अदालतसम्मको पहुँचको अवस्था के छ भन्ने सन्दर्भमा विश्लेषण गर्दा प्रत्येक वर्ष उक्त संख्या बढेको नै पाइएको छ।


यस वर्षको कानुनी परामर्श गरिएका प्रभाबितको सङ्ख्या तुलनात्मक रूपमा बढी देखिए तापनि उक्त परामर्श गर्दा मुद्दाको कार्यविधि केकस्तो हुन्छ, कसरी अघि बढनुपर्दछ, भन्ने विषयमा जानकारी गराएपश्चात् प्रभाबितहरूले मुद्दाको प्रक्रियामा लाग्ने समयावधि, मुद्दा दर्ता गर्न जुटाउनुपर्ने प्रमाण र सोको अभाव, अस्थायी बसोबास गर्नेहरूको हकमा वडाबाट अनिवार्य रूपमा चाहिने सिफारिस जुटाउन हुने कठिनाइ, सम्पत्तिको हकमा सम्पत्ति रहेको जिल्लामा नै अदालतले मुद्दा दर्ता पठाउन सक्ने सम्भावना, भौगोलिक विकटता, साक्षी जुटाउनुपर्ने अनिवार्यता, पीडकको सामाजीक, राजनीतिक, आर्थिक पहुँच, परिवारको सदस्यविरुद्ध मुद्दा गर्दा हुने आर्थिक तथा सामाजिक असहजता समेतको कारण हतोत्साही भई मुद्दा दर्ता गर्न अघि नबढेको अवस्थालाई मूल्याङ्कन गर्दा पनि प्रभाबितहरूको न्यायमा पहुँचको अवस्था असहज रहेको भन्ने कुरालाई उल्लेख्य हिसाबमा इंगित गरेको पाइन्छ। यी कारणहरू प्रभावितहरूसँगको परामर्शको क्रममा छलफबाट उजागर भएको पाइएको हो।

यस वर्ष जुलाई २०२१ देखि जुन २०२२ सम्म जम्मा संस्थामा कानुनी परामर्श र सहयोगका लागि उपस्थित भएका ११७३ जना हिंसा प्रभावित महिलाहरूलाई व्यक्तिगत कानुनी परामर्श प्रदान गरेको छ भने उक्त प्रभावितहरूमध्ये १२२ जना प्रभावितहरूको मुद्दाहरू ओरेकका केन्द्र तथा जिल्ला शाखाहरूबाट विभिन्न तहका न्यायिक निकायमा दर्ता गरी कानुनी सहयोग गरेको र सक्रिय रूपमा अदालतमा मुद्दा चलिरहेको तथ्याङ्कले देखाएको छ।

**ओरेकले विभिन्न जिल्ला कार्यालयद्वारा कानूनी सहयोग गरेको मुद्धाको संख्या**



यस वर्षमा अदालतको तहअनुसार जिल्लामा अदालतमा २८५ वटा मुद्दा चलेको भई सबैभन्दा धेरै मुद्दाको चाप रहेको देखिन्छ। यसमा ओरकको आठ ओटा जिल्लाको कार्यालयबाट मुद्दा हेरिए पनि जम्मा १८ ओटा अदालतहरूमा मुद्दा चलिरहेको देखिन्छ। ती हुन् : ललितपुर, भक्तपुर, काठमाडौं, काभ्रे, नुवाकोट, धनुषा, सिराहा, महोत्तरी, कैलाली, मोरङ, सुनसरी, उदयपुर र दाङ जिल्ला अदालत। त्यस्तै, ८ वटा मुद्दा उच्च अदालतमा पुनरावेदनमा गएको देखिन्छ जसमा जनकपुर उच्च अदालत, उच्च अदालत मोरङ, डोटी, र पाटन उच्च अदालतमा चलिरहेको छ भने सर्वोच्च अदालतमा तीनवटा मुद्दाको कारबाही चलेको देखिन्छ। यसका अतिरिक्त न्यायिक समिति र जिल्ला प्रहरी कार्यलयमा हाल २९ वटा मुद्दा दर्ता भई कारबाहीको क्रममा रहेको देखिन्छ।





**मुद्दाको प्रकृति**

उल्लिखित मुद्दाका प्रकृतिलाई विश्लेषण गर्दा सबैभन्दा धेरै सम्बन्ध विच्छेद, जबर्जस्ती करणी, अंश, घरेलु हिंसा, बहुविवाह र क्रमशः अन्य किसिमका मुद्दाहरू रहेको देखिन्छन्।

कानुनत :सम्बन्ध विच्छेद गर्दा श्रीमानले खान लाउन नदिएको खण्डमा श्रीमतीले आफ्नो श्रीमान्बाट अंश हक पाउने व्यवस्था रहेको हुँदा प्रभावितहरूले सोही अधिकार कार्यान्वयन गराउन मुद्दामा गएको देखिन्छ। सो सन्दर्भमा सम्पत्ति लुकाउने प्रयोजनका लागि जालसाजी गर्ने, घर जग्गा अवैध तरिकाबाट लेनदेन गर्ने, नजिकको आफन्तहरूलाई बकस गरी दिने हुँदा वास्तवमा अंश सम्बन्धि मुद्दा लगाउमा आउने गरेकाले अंशसम्बन्धी मुद्दा पनि बढेको देखिन्छ। यौन हिंसामा जबर्जस्ती करणीबाहेक जबर्जस्ती करणीको उद्योग, सामूहिक जबर्जस्तीकरणी, जबर्जस्तीकरणीपछि हत्या, हत्याको प्रयास तथा साइबर अपराधपश्चात् जबर्जस्ती करणी जस्ता मुद्दा परेकाले जबर्जस्ती करणीको प्रकृति पनि थप चुनौतीपूर्ण हुँदै गएको देखिन्छ। त्यसबाहेक बाल यौन दुराचार, यौन दुर्व्यवहारका मुद्दा पनि जिल्ला अदालतमा विचाराधीन अवस्थामा छन्।

अपराधका प्रकृति बढेसँगै महिलाहरूले कानुनद्वारा प्रद्धत्त आफ्नो हक अधिकारको प्रचलनका निमित्त कानुनी बाटोको सहायता लिएको देखिन्छ।


**मुद्दाको प्रकृति**



**न्यायिक निर्णय कार्यान्वयनको सुनिश्चितता**

कानुन बमोजिमको न्यायिक निर्णयले मात्रै न्यायमा पहुँचको सार्थकता सिद्ध हुँदैन । त्यस्ता निर्णयहरूको कार्यान्वयन भए नभएको अनुगमन हुन अपरिहार्य हुन्छ। त्यसका लागि निश्चित संयन्त्रको जरुरत पर्दछ। साथै न्यायिक निर्णयको उल्लङ्घन तथा अपरिपालनाका लागि जवाफदेही बनाउने कानुनी तथा संस्थागत संयन्त्रको प्रभावकारी उपस्थिति अनिवार्य हुन्छ। निर्णय कार्यान्वयनको सुनिश्चितताले नै न्यायिक निकायको वैद्यतालाई सुनिश्चित गर्दछ।

**मुद्धाको स्थिति**




यस वर्ष नयाँ र पुरानो मुद्दासहित ४९ वटा मुद्दाहरूमा सफलता प्राप्त भएको छ भने ८ वटा मुद्दा असफल भएको छ। असफल हुनमा विशेषगरी प्रभावितले साक्षी, प्रमाण जुटाउन नसक्नु, मुद्दाको प्रक्रियामा तारेखमा उपस्थित नभई बीचबाट नै छोडी जानु रहेको छ। त्यस्तै गरी २९ वटा मुद्दामा मिलापत्र भई मुद्दाको निरूपण भएको देखिन्छ। यसरी मिलापत्र भई दुवै पक्ष (प्रभावित र प्रतिवादी) ले मिलापत्र गरी मुद्दा टुङ्गो लगाउँदा उक्त मिलापत्र फैसलाको कार्यान्वयन सहज हुन गई न्यायिक प्रक्रिया छिटो र छरितो हुन गई सहज हुने प्रभावितहरूको भनाइ छ। भने १८२ वटा मुद्दाहरू हाल विभिन्न अदालतमा चलिरहेको अवस्था छ। त्यस्तै गरी फैसला भएका मुद्दाहरूमध्ये १६ वटा मुद्दाहरू कार्यान्वयन भई प्रभावितहरूको न्यायमा पहुँच भएको देखिन्छ।

# अभियानका उपलब्धिहरू

- कानुन परिमार्जनमा प्रभावः संस्थाले लामो समयदेखि गर्दै आएको पैरवी र ५० वटा संघसंस्था तथा सञ्जालहरूसँगको सहकार्यमा गरिएको संयुक्त पैरवीपश्चात् बलात्कार र यौनजन्य हिंसाको हदम्याद एक वर्षबाट २ वर्ष, नावालिगको हकमा बालिग भएपछि ३ वर्ष, अपांग, अशक्त, मानसिक अवस्था कमजोर भएको हकमा ३ वर्ष, प्रभावितको क्षतिपूर्ति राज्यकोषबाट प्रदान गरिने जस्ता व्यवस्थामा परिवर्तन । यससँग सम्बन्धित ऐनहरूको पुनरावलोकन गरी संशोधन गर्न कानुन मानव अधिकार र सामाजिक न्याय समितिद्वारा नेपाल सरकारलाई निर्देशनात्मक आदेश ।
- स्थानीय सरकारसँग साझेदारी गरी काम गर्दैगर्दा स्थानीय सरकारहरूले संस्थाले उठान गरेका मुद्दाहरूमा संवेदनशील भई बजेटको व्यवस्था गरी आफ्नो वडा तथा पालिकाहरूमा काम गर्न थालेको । साझेदारीमा रहेर काम गर्ने तरिकाहरू फरक भए तापनि स्थानीय तहहरूको सहयोगमा सम्पूर्ण गतिविधिहरू सम्पन्न गर्न सफल भएको । स्थानीय तहले महिलाका मुद्दाहरूलाई अपनत्व गरी महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि योजना तथा कार्यक्रमहरू स्थानीय सामाजिक संघसस्थासँग समन्वय गरी काम गर्ने गरेकाले कार्यक्रमको दिगोपन हुन सक्ने सम्भावना रहेको छ।
- नेपाल सरकार, गृह मन्त्रालयको मिति २०७८ साल माघ १३ गते सार्वजनिकस्थलहरूमा मजाक, ख्यालठट्टा (Prank) को नाममा सर्वसाधारण व्यक्तिहरूलाई मानसिक तथा शारीरिक रूपमा दिने सास्ती, हैरानी र सामाजिक सञ्जालमा उक्त गतिविधि प्रकाशन, प्रसारण गरी व्यक्तिको गोपनीयता र प्रतिष्ठामा पार्ने असरप्रति ध्यानाकर्षण गरी यस्तो कार्य गर्ने व्यक्तिलाई दण्ड सजाएको व्यवस्था गर्ने भनी प्रेस विज्ञप्ति जारी गरेको ।
- नेपाल प्रहरीसँगको निरन्तर समन्वय र विभिन्न समयमा सञ्चालन गरिएका तालिमहरूपश्चात् सार्वजनिक यातायातमा ट्राफिक प्रहरीले सवारी साधनमा लेखिएका अश्लील, अपाच्य, गाली, कानुनविपरीत तथा सामाजमा विकृति ल्याउने खालका सायरी, कविता, गजल तथा विभिन्न भनाइहरूप्रति ध्यानाकर्षण भई उक्त कार्यलाई हटाउने वा मेट्न लगाउने गरी अभियान सञ्चालन गरेको छ।
- हानिकारक परमपरागत अभ्यासका बारेमा युवा पुरुषहरूले  जानकारी प्राप्त गरेपश्चात् यसविरुद्धको अभियानलाई आत्मसात् गर्दै समूह गठन गरी अभियान सञ्चालन गरी सामूहिक रूपमा आवाज उठाउन थालेको ।
- स्थानीयस्तरमा बन्ने कार्यसमितिहरूमा लैङ्गिक तथा सामाजिक समावेशी बनाउन पैरवी गरेपश्चात् ७ वटा उपभोक्ता समिति लैङ्गिक तथा सामाजिक समावेशी बनाउन सफल भएको ।
- कैलाली, उदयपुर, सुनसरी, दाङ, धनुषा जिल्लाका १२ वटा पालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यपालिकाबाट पास गरी सोही बमोजिम लैङ्गिकमैत्री बजेट विनियोजन गरी काम गरिरहेको छ। दाङको शान्तिनगर, मोरङको कानेपोखरी, सिराहाको लहान, विष्णुपुर गाउँपालिकाले नीति निर्माण गरी कार्यपालिकाबाट पास गराउने तयारीमा रहेका छन् ।
- कैलाली, सुनसरी, दाङ, मोरङ, सिराहा जिल्लाका १७ वटा पालिकाले लैङ्गिक हिंसा निवारण कोष कार्यविधि पास गरी सञ्चालनमा ल्याएको र संस्थामा सेवा लिन आएका हिंसा प्रभावितहरूमध्ये २३ जना हिंसा प्रभावितलाई कोषबाट सहयोग उपलब्ध गराउन सफल भएको छ।
- निरन्तर समन्वय र सहकार्यका कारण १३ जिल्लाका स्थानीय सरकार र प्रदेश सरकारबाट महिला हिंसाविरुद्धको अभियानका लागि ७०,१३,२२२ (सत्तरी लाख, तेह्रहजार दुई सय बाइस) रकम यस आर्थिक वर्ष २०७८/२०७९ मा प्राप्त गर्न सफल भएको ।
- चन्द्रागिरी नगरपालिका र ओरेकको सहकार्यमा सञ्चालित लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण प्रतिवेदन, २०७८ पास भएको छ।
- सार्वजनिक स्थानमा महिलामाथि हुने हिंसाको तथ्य पृष्ठ र अनुसन्धान प्रतिवेदन तयार भएको छ। जसले गर्दा यस सवालमा तथ्यगत पैरवी गर्नका लागि आधार तयार भएको छ।
- सुरक्षावासको निर्देशिका अद्यावधिक भएको, रेफरल पाथवे अद्यावधिक गरिएको, कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता तयार भएको, सुरक्षावास अनुगमन चेकलिष्ट तयार भएको छ। यसैका आधारमा १३ वटा सुरक्षावासको अनुगमन ।
- लैङ्गिक हिंसा संरक्षण उपसमूहको समीक्षा तथा योजना तर्जुमा बैठकपश्चात् संस्थाको सबै दातृ निकाय र सरोकारवालाहरूसँग समन्वय अभिवृद्धि भएको र संस्थाकै नेतृत्वमा लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि संयुक्त कार्ययोजना निर्माण भई


संरक्षण विषयगत क्षेत्र तथा गृहमन्त्रालयबाट योजना पारित भएको छ।

- संस्थाले सुरक्षावासबाट लैङ्गिक हिंसा प्रभावितलाई प्रदान गरेको सेवा तथा बहुपक्षीय समन्वय अभिवृद्धिको नेपालका लागि युरोपियन राजदुतद्वारा प्रशंसा, र ५ महिनाका लागि कार्यक्रम थप।
- स्थानीय सरकारले सुरक्षावासको सवाललाई गम्भीर रूपमा लिई पालिकास्तरमै सुरक्षावास सञ्चालनका लागि संस्थालाई अनुरोध गरेको।
- कैलारी गाउँपालिका महिला सञ्जाल र गौरीगंगा नगरस्तरीय युवा सञ्जालले पैरवी योजना निर्माण गरी पालिकामा पेश गरी विभिन्न कार्यक्रम सञ्चालन गरेका छन्।
- न्यायिक निकायहरूमा हिंसा प्रभावित महिलाको सञ्जाल अग्रणीले १६ बुँदे मागसहितको ध्यानाकर्षण पत्र बुझाएको।
- ओरेकको कार्यक्षेत्र भएका जिल्लाका विभिन्न रूपमा पछाडि पारिएका वा हिंसा प्रभावित परिवारका ४४ जना किशोरीले सामुदायक कृषि सहायक तथा सामुदायक पशु सहायक तालिम प्राप्त गरेको।
- हाल हाम्रो कार्य क्षेत्रमा रहेका मनोविमर्श केन्द्रहरू सम्बन्धित वडा तथा पालिकाले अपनत्व लिई आफ्नै कार्यालय तथा भवनमा सञ्चालन गरिरहेका छन्।
- महिला हिंसा न्यूनीकरणका लागि रंगेली न.पा. वडा ५ र ६ को वोडर क्षेत्रमा वडा कार्यालयले माटोको भाडो बनाउने ११ जना महिला समूहलाई ३५ हजारको दरले आर्थिक सहयोग प्रदान गरेको छ।
- महिला स्वास्थ्य परामर्शकेन्द्र र महिला स्वास्थ्य मेलाबाट १८१८ जना महिलाहरूले स्वास्थ्य सूचना स्वास्थ्य सेवा र परामर्श सेवा पाउन सफल भएको
- महिलाहरूलाई लक्षित गरी जीविकोपार्जनमा गरिएको सहयोगबाट औसत रूपमा १० देखि १५ हजारसम्मको मासिक आम्दानी गरी जीविकोपार्जनमा सहयोग भएको छ, र नियमित बचत गर्ने बानीको विकास पनि भएको छ (अभियान सञ्चालित सबै जिल्लाहरू)
- पर्यावरणमैत्री नमुना गाउँ (इको भिलेज) को अबधारणा बिस्तार गर्ने प्रतिबद्धतासहित आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयनमा लगेको।
- महिला स्वास्थ्य परामर्शकेन्द्रलाइ स्थानीय सरकारले अपनत्व लिई भवन, कोठा उपलब्ध गराएको।
- २० जना मानव अधिकार रक्षकहरू प्रशिक्षण प्रशीक्षकको रूपमा उत्पादन भएको।
- ८० जना युवा महिलाहरूले आफूलाई महिला मानवअधिकार रक्षकको रूपमा पहिचान गरी मानवअधिकारको अभियानमा सामेल भएको।
- स्थानीय चुनावमा अघिल्लो चुनावको तुलनामा १ प्रतिशतले निर्वाचित महिलाहरूको संख्यामा वृद्धि आएको।
- स्थानीय निर्वाचनमा ओरेकका कार्यक्षेत्रहरूबाट मात्रै ११३ जना महिला मानवअधिकार रक्षकहरू विभिन्न पदमा जनप्रतिनिधिहरूको रूपमा निर्वाचित भएको।
- द्वन्द्व प्रभावितहरूले छलफल गरी माग पत्र तयार गरी मुख्यमन्त्री र आर्थिक मामिला तथा कानुन मन्त्रीलाई बुझाउन सफल भएको र माग पत्रमा उल्लेख गरिएको बुँदाहरूमा मुख्यमन्त्रीले सम्बोधन गर्ने प्रतिबद्धता जनाएको।
- राज्यपक्षबाट बेलाबखतमा महिला तथा अन्य सीमान्तकृत समुदायाको अधिकार हनन् हुने खालको अभिब्यक्ति र कानुनहरू आउँदा संस्थाले त्यस्ता अभिव्यक्तिहरूविरुद्ध तुरुन्त ध्यानाकर्शन गराउने र दबाब दिने कार्य गर्दा राज्यलाई संवेदनशील बनाई मौलिक हकको संरक्षणमा सहयोग पुगेको।
- सत्य निरूपण तथा मेलमिलाप आयोगका सदस्य विष्णु पोखरेलले आयोगमा परेका निवेदनको बर्गीकरणको काम सम्पन्न भइसकेको छ। र निवेदन नपरेको द्वन्द्वमा यौन हिंसा तथा अन्य द्वन्द्वका घटनाहरू छुटेकाहरूलाइ पनि पुन समावेश गर्ने प्रतिबद्धता जनाउनु भएको थियो।

# मुख्य चुनौतीहरू

- स्थानीय सरकारले सुरक्षावासलाई संवेदनशील क्षेत्रको रूपमा लिई पालिकापिच्छे सुरक्षावास सञ्चालन गरे तापनि निर्देशिकाको पालना नगरेका कारण हिंसा प्रभावितहरू झन असुरक्षित रहेको ।
- महिलाविरुद्ध हुने हिंसाका केसहरूमा मिलापत्र गराएर महिलाहरू अझ बढी जोखिममा परेको ।
- बलात्कार जस्तो जघन्य अपराधमा पनि हिंसा प्रभावितलाइ सुरक्षावासमा नराख्न, कानुनी प्रक्रियामा सहयोग नगर्न स्थानीय कार्यकर्ता, जिल्लाका नेता, सांसददेखि जिल्लाका मानव अधिकारकर्मी, महिला अधिकारकर्मीहरूबाट संस्थालाई दबाब आउने, प्रहरीकोमा डेलिगेसन जाने जस्ता कार्य भएको ।
- नेपाल सरकारको पुनर्स्थापनासम्बन्धी स्पष्ट अवधारणा तथा नीति नभएका कारण समस्या भएको छ । अर्कोतर्फ महिलाहरू घरपरिवार तथा समाजमा पहिला पनि स्थापित नभएका कारण पुनर्स्थापना हुन नसक्ने अवधारणालाई सरोकारवालाहरूले स्वीकार्न नसक्दा अझ समस्या थपिएको हो । आर्थिक सशक्तीकरणविना गरिएको पुनर्स्थापना सफल हुन नसकेको, सामाजिक रूपमा न्याय पाएको महसुस गर्न नसकेको अवस्था छ ।
- समाजमा रहेको विभेदकारी सामाजिक मूल्य-मान्यतामा परिवर्तन हुन नसकेका कारण सेवा प्रदायकहरूको लैङ्गिक हिंसाका घटनाप्रति संवेदनशीलता नहुनु, व्यवहार र सोचमा परिवर्तन गर्न नसकेका कारण कानुन कार्यान्वयनमा समस्या भई हिंसा प्रभावितले न्याय पाउन नसक्नु र झन्झटिलो कानुनी प्रक्रियाका कारण घटनाहरू होस्टाइल हुनु ।
- लामो संघर्षपस्चात् निर्माण भएका प्रगतिशील कानुनहरूको उचित कार्यान्वयन हुन नसक्दा सीमान्कृत समुदायले आफूले न्याय पाएको महसुस गर्न सकेका छैनन् ।
- महिलाको समानुपातिक समावेशी सहभागिताको अधिकार संविधानमा सुनिश्चित भए तापनि अझै पनि महिला नेपाहरूले राजनीतिक हिंसा सहनु नै परेको छ ।
- निरन्तर आवाज उठाइरहदा पनि द्वन्द्व प्रभावितहरूको संक्रमणकालीन न्यायको टुंगो लाग्न सकेको छैन ।
- महिला मानव अधिकार रक्षकहरूमाथि हिंसा भइ नै रहेका छन् तर घटना अभिलेखीकरण नहुँदा प्रभावकारी पैरवी हुन नसकेको ।
- आर्थिक सशक्तीकरणविना गरिएको पुनर्स्थापना सफल हुन नसकेको, सामाजिक रूपमा न्याय पाएको महसुस गर्न नसकेको अवस्था छ ।
- सुरक्षा आवासमा बसेका सेवाग्राहीहरूको परिवारबाट संस्थालाई बन्दिप्रत्यक्षीकरणको मुद्दा खेप्नुपर्ने भएका कारण समय-समयमा समस्या हुने गरेको छ ।
- महिला स्वास्थ्य शिविरका लागि थोरै बजेट भएको व्यवस्थापन गर्न समस्या हुने गरेको ।
- सीपमूलक तालिम (मिथिला कला) तालिम सञ्चालनपश्चात् उत्पादन भएका सामाग्रीहरूको पर्याप्त बजारीकरण गर्न समस्या भएको ।
- पर्यावरणमैत्री नमुना गाउँ निर्माणका लागि निर्माण गरिएको सबै सूचकहरू प्राप्त गर्न भूगोल र समुदाय अनुरूप फरकपना रहेको ।
- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको खण्डिकृत तथ्यांकको कमी हुनु,
- महिलालाई वैदेशिक रोजगारमा जानका लागि प्रतिवन्धित नीतिका कारण महिलाहरू अलेखबद्ध भई वैदेशिक रोजगारका लागि जान बाध्यतात्मक अवस्था,
- सहजकर्ता तथा प्राविधिक कर्मचारीका लागि जडीबुटीको प्रयोगसम्बन्धी जानकारी पर्याप्त नहुँदा पर्याप्त मात्रामा स्थानीय जडीबुटीको प्रयोग गर्न नसकिएको,
- पालिका तथा स्थानीय तहहरूसँग सहकार्य गरी गरिएका मनोविमर्श कक्षाहरूमा पिउने पानी, चर्पी र वातावरण ओरेकमैत्री हुन नसकेकको,
- हाल भैरहेका परामर्श केन्द्रहरूमा योग आसन सिकाउनका लागि प्रयाप्त स्थान नभएको,

# आर्थिक वर्ष २०७८/०७९ को आय-व्ययको विवरण



Women's Rehabilitation Centre (WOREC)

## Receipt and Expenditure Statement

For the Financial Year 1 Sharwan 2078 to 32 Ashad 2079 (16 Jul 2021 to 16 Jul 2022)

*Amount in NPR*

| Particulars | Schedule | 2078 / 79 | 2077 / 78 |
|---|---|---|---|
| **Receipt** | | | |
| Donors Grants | *Table - I* | 144,409,872.61 | 132,181,975.31 |
| Short Term Grants | 5 | 9,018,477.49 | 10,758,359.95 |
| WOREC Contribution to Donor Program | *Table - I* | | |
| WOREC Core | 6 | 7,752,199.36 | 6,442,078.96 |
| Bank Interest | | - | |
| **Total Receipt** | | **161,180,549.46** | **149,382,414.22** |
| **Expenditure** | | | |
| Donors Grants | *Table - I* | 144,409,872.61 | 132,181,975.31 |
| Short Term Grants | 5 | 9,018,477.49 | 10,758,359.95 |
| **WOREC Core** | | | |
| General Administration & Program Operation Expenses | 7 | 10,300,636.48 | 7,285,608.55 |
| **Total Expenditures** | | **163,728,986.58** | **150,225,943.81** |
| **Excess of Receipt over Expenditure** | | **(2,548,437.12)** | **(843,529.59)** |
| Refund to Donor | | - | - |
| Fund Balance | | (2,548,437.12) | (843,529.59) |

Schedules 1-7 and Notes to Account (Schedule-8) forms an integral part of this statement.

As per our report of even date

Dr.Renu Rajbhandari
Chairperson

Ms. Indramati Nembang
Treasurer

CA Suraj Basnet
For S.Basnet & Co.
Chartered Accountants

Mr. Lubha Raj Neupane
Executive Director

Ms.Renu Maharjan
Finance Coordinator

Date: 14 November 2022 / 28 Kartik 2079
Place: Lalitpur, Nepal

Mr. Deependra Bishwakarma
Finance Coordinator

**Women's Rehabilitation Centre (WOREC)**

**Statement of Financial Position**
**As on 32 Ashad 2079 (16 July 2022)**

*Amount in NPR*

| Particulars | Schedule | 2078 / 79 | 2077 / 78 |
|---|---|---|---|
| **Assets** | | | |
| **Fixed Assets** | 1 | 16,789,516.95 | 18,250,928.55 |
| Opening WDV | | 18,250,928.55 | 20,038,881.81 |
| Add: Addition During the Period | | - | - |
| Less: Deletion During the Period | | - | (52,000.00) |
| Less: Depreciation | | (1,461,411.60) | (1,735,953.26) |
| **Current Assets** | | 42,032,097.83 | 65,547,267.99 |
| Advance | 2 | 6,063,306.60 | 2,867,379.95 |
| Cash and Bank Balances | 3 | 35,968,791.23 | 62,679,888.04 |
| **Current Liabilities** | | 7,992,188.87 | 5,715,205.12 |
| Payables | 4 | 7,992,188.87 | 5,715,205.12 |
| **Net Current Asset** | | 34,039,908.96 | 59,832,062.87 |
| **Net Assets** | | 50,829,425.91 | 78,082,991.42 |
| **Balance of Fund** | 5 | 34,039,908.96 | 59,832,062.87 |
| **Capital Fund (Fixed Assets)** | | 16,789,516.95 | 18,250,928.55 |
| **Total** | | 50,829,425.91 | 78,082,991.42 |

Schedules 1-7 and Notes to Account (Schedule-8) forms an integral part of this statement.

As per our report of even date

Dr. Renu Rajbhandari
Chairperson

Ms. Indramati Nembang
Treasurer

CA Suraj Basnet
For S.Basnet & Co.
Chartered Accountants

Mr. Lubha Raj Neupane
Executive Director

Ms.Renu Maharjan
Finance Manager

Date: 14 November 2022 / 28 Kartik 2079
Place: Lalitpur, Nepal

Mr. Deependra Bishwakarma
Finance Coordinator

# अनुसूची

*अनुसूची १ : सफलता कथाहरू*

*५५ वर्षकी हिरा विकको (नाम परिवर्तन) श्रीमान बितेको ८ वर्ष भयो । उनका ४ जना छोरा भए पनि उनी एक्लै बस्छिन् । १३ वर्षको उमेरमा सामाजिक परम्पराअनुसार विहे हुँदा उनको महिनावारी पनि सुरु भएको थिएन । उनले १५ वर्षको उमेरमा पहिलो सन्तान जन्माएकी थिइन । परिवार नियोजनको बारेमा ज्ञान नभएका कारण त्यसपछि लगातार वर्षैपिच्छे उनका सन्तान जन्मिए तर उनले स्याहार भने पाइनन् । पोषिलो खानेकुरा पनि खान नपाएको बेला घरको सबै काम भने उनले नै गर्नुपर्थ्यो । तेस्रो पटक गर्भवती हुँदा उनको योनीबाट मासुको डल्लो निस्केको आभाष भयो । के भएको भनेर उनले कसैलाई भन्न सकिनन् । यो सबै थाहा पाए पनि उनको श्रीमानले भने सुत्केरी अवस्थामै यौनसम्पर्क राख्न थाले । आफूलाई गाह्रो भए पनि उनले पूर्वजन्मको पाप होला भनेर सहेर बसिन् । निकैपछि हिराले ओरेक नेपालले सञ्चालन गरेको परामर्श केन्द्रमा पाठेघर खसेको कुरा बुझिन् । उनी निकै चिन्तामा परेकी भए पनि ओरेकले नै आयोजना गरेको स्वास्थ्य शिविरमा निःशुल्क पाठेघरमा रिङ राखेर उपचार पाइन । स्वास्थ्य शिविरबाटै उनले विभिन्न कसरत र जडीबुटीहरूको प्रयोग पनि थाहा पाइन । स्वास्थ्य शिविरमा पाएको सल्लाहलाई नियमित पालना गर्दा उनको सेतोपानी बग्ने लगायतका सबै समस्या ठिक हुँदै गए भने, पाठेघरको अप्रेशन पनि गर्नु परेको छैन । पहिला हिंड्डुल गर्नसमेत अफ्टेरो हुने उनलाई अहिले सजिलो भएको छ । पाठेघरको समस्याबारे उनले अहिले गाउँका अरू महिलालाई पनि जानकारी गराउन थालेकी छिन् ।*

*अनुसूची २ : सफलता कथाहरू*

*काठमाडौंमा डेरा गरी बस्ने २९ वर्षकी पेमा लामा (नाम परिवर्तन) अहिले ओरेकको सेफ हाउसमा बस्छिन् । २०६९ सालमा विहे गरेकी पेमाका दुई सन्तान (एक छोरा एक छोरी) छन् । उनको परिवारमा श्रीमान, एक छोरा, एक छोरी उनीसहित ४ जनाको परिवार छ । पहिला उनी र उनका श्रीमान काठमाडौंको बालाजुमा डेरा गरेर बसेका थिए । आर्थिक अवस्था सुधार्न भन्दै उनका श्रीमान वैदेशिक रोजमागमा गएका थिए तर उनले पेमालाई पैसा भने पठाएनन् । सधै पेमालाई बेवास्ता गर्ने भएपछि सासु, जेठाजु जेठानीहरूले पनि हेला तथा दुर्व्यवहार गर्न थाले । केही वर्ष विदेशमा काम गरेपछि पेमाका श्रीमान नेपाल आएर प्लम्बरको काम गर्न थाले तर कमाएको पैसा बाहिर नै खर्च गरी परिवारमा भने झैझगडा मात्र गर्न थाले । यसको साथै गालीगलौज गर्ने, कुटपिट गर्ने, खर्च केही नदिने, कसैसँग बोल्न नदिने, अरूसँग बोलेमा त्यसैसँग जाउ भनी बात लगाउने, अपशब्द प्रयोग गर्ने र कुटपिट गरी घर निकाला गरेपछि उनी सहन नसकेर ललितपुरमा छुट्टै कोठा लिएर पनि बसेकी थिइन । श्रीमानको अन्याय र अत्याचार सहन नसकेर सम्बन्ध बिच्छेदको मुद्दा दायर गरेकी थिइन् । मुद्दा जिल्ला अदालतमा चलिरहेको छ । मुद्धा दर्ता भएपछि उनको श्रीमानले पेमा बसेको कोठा पत्ता लगाएर मार्छु भन्ने धम्की दिएपछि उनी छिमेकीको सहयोगमा ओरेकको कार्यालयमा आइपुगेकी थिइन । उनले एक छोरालाई आफूसंग राख्न नमिलेकोले गुम्बामा राखेकी छिन् । ओरेकको सुरक्षित आवासमा पुगेर उनले सुरक्षा आवास, स्वास्थ्य चेकजाँच, कानुनी परामर्श, कानुनी सहयोग, मनोविमर्श सेवा पाएकी छिन् । जीविकोपार्जन सहयोग कार्यक्रमअन्तर्गत उनलाई रु. २५,००० पनि सहयोग गरिएको छ भने उनले लुगा कपडा सिलाउने सीप सिकेकी छन् । हाल उनी राम्रोसँग काम गरी जीविकोपार्जन गर्दै आएको बताउछिन् ।*

*अनुसूची ३ : सफलता कथाहरू*

*मिना नेपाली (नाम परिवर्तन) ४२ वर्षकी भइन । चार सन्तानकी आमा मिनाले सानै उमेरदेखि श्रीमानबाट विभिन्न किसिमका हिंसा सहेकी छिन् । १५ वर्षको उमेरमा विहे हुँदा, उनका श्रीमान १९ वर्षका थिए । नाबालिग मिनाका अंगहरू विकसित नभएको भन्दै श्रीमानले उनलाई अनेक मानसिक यातना तथा यौन हिंसा गर्न सुरु गरेका रहेछन् । विहेलगतै मिनाले उनको श्रीमानको अन्य महिलाहरूसँग पनि सम्बन्ध रहेको थाहा पाइन । मिनाले आफ्नो श्रीमानलाई सम्झाउन खोज्दा उनी अर्को गाउँपालिकामा गएर व्यवसाय गर्न थाले । मिनाले श्रीमानलाई सिलाइ व्यवसायमा सघाउन त्यहीँ जान खोज्दासमेत उनले रोके । मिनाका बच्चाहरूले पनि बुवासँग सिलाइको सीप सिक्न खोज्दा उनले सँगै बस्न दिएनन् । मिना बिमारी भएर अप्रेशन गर्नुपर्दा पनि उनले खर्च दिएनन् बरु उल्टै हसिया लिएर बिमारी मान्छेलाई कुटे । त्यसपछि उनी ओरेक नेपालको सम्पर्कमा आएकी थिइन । मनोविमर्श सेवामा उनले श्रीमानको पसलमा काम गर्ने केटीसँग सम्बन्ध भएका कारण आफूलाई बेवास्ता गरेको कुरा खुलाइन । ओरेकबाटै कानुनी परामर्श सेवा पाएपछि मिनाले प्रहरीमा उजुरी दिएकी थिइन । प्रहरीले दुवैजनालाई बोलाएर मिलापत्र गराएपछि अहिले उनीहरूको सम्बन्धमा सुधार आएको छ । अहिले मिना हिंसाविरुद्धको अभियान सक्रिय छिन् । गाउँ समाजका महिलाहरूले पनि मिनासँगै सल्लाह लिन्छन् । उनी अहिले महिला मानव अधिकार रक्षक सञ्जालको सदस्य पनि छिन् । ओरेक कैलालीको समन्वयमा तरङ्गिनी फाउन्डेसनवाट मिनाले दिगो जीविकोपार्जन कार्यक्रमअन्तर्गत रु. २५ हजार सहयोग पनि पाएको छिन् ।*


३१ औं बार्षिक साधारण सभा


GRAM SHIKSHYA M.S. SCHOOL
Budhanikanthe11
Kapan, K.T.M.



WOREC

ओरेक

पो.ब.नं.: १३२३३, काठमाडौं, नेपाल

फोन : (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३

**Email :** ics@worecnepal.org

**Website :** www.worecnepal.org

**Worec hotline no.** 1660-01-78910 (Kathmandu), 1660-21-52000 (Biratnagar)